प्राचीन नेपाल

पुरातत्व विभागको मुखपत्र

ANCIENT NEPAL

Journal of the Department of Archaeology

संख्या २९
कार्तिक २०३१

Number 29
October 1974

सम्पादक
रमेशजङ्ग थापा

Edited by
Ramesh Jung Thapa

प्रकाशक
श्री ५ को सरकार
शिक्षा मन्त्रालय, पुरातत्व विभाग
काठमाडौं, नेपाल

Published by
The Department of Archaeology
His Majesty's Government
Kathmandu, Nepal

प्राप्तिस्थान:–
साझा प्रकाशन
पुलचोक, ललितपुर

To be had of:-
Sajha Prakashan
Pulchok Lalitpur

मूल्य रु. ५।–

Price Rs. 5/–

Printed at Matribhoomi Press, Ghantaghar

प्राचीन नेपाल
संख्या २९
कार्तिक २०३१

Ancient Nepal
Number 29
October 1974

सम्पादक
रमेशजङ्ग थापा

Editor
Ramesh Jung Thapa

सहायक सम्पादक
रामचन्द्र ढुङ्गाना

Assistant Editor
Ram Chandra Dhungana

40

Prachin Nepal
Downloaded by - Ravi Shakya
No. 29, Oct. 1974, Kartik 2031

विषय–सूची

Contents

	पृष्ठ	Page
गोरखा वंशावलि	१	1
ऐतिहासिक पत्रस्तम्भ	२५	25
भीमगुप्तको पतनपछिको नयां संवत्		
श्री शंकरमान राजवंशी	३९	39
कलामा बुद्धजीवनी		
श्री हरिराम जोशी	४३	43
Nepal		
Mr. Sylvain Levi	५०	50

114 EP

CORNELL UNIVERSITY LIBRARIES ITHACA, N.Y.

गोरखा वंशावलि

(गताङ्कको बाँकी)

मकवानपुर पुग्या. मकवानपुर्‍या राजाका हजुरमा गै श्री अतिबल साह हरिचरण पाण्डे सब सिपाहि हाजिर भै विन्ति गर्न लाग्या यहांका लस्कर कुन कुन मोहोडामा छन् हामि भन्या हजुरका लस्करमा मिसि हान्न जान्याछैनौ हामि ता छुट्टै रहि आफ्नु गम जुन वषतमा पर्ला उस वषतमा हान्याछौं भनि विन्ति गर्‍या र मकवानि राजाले जस्ता तरहले वैरि हटाइन्छ सो पाठ गर भनि हुकुम भयो. वहां-देषिन् विदा भै गया. मकवानिका लस्करदेषि छुट्टै गरि षलंगा हालि वस्या. आफ्नु षानुपिउनु गर्‍या र श्री अतिबल साह हरिचरण पाण्डे सिपाहिसित मतो गर्न लाग्या नवाफको पचास साठि हजार लस्कर रहेछ जस्तो अग्निमा पुतलि झम्म गर्छ तस्तै गर्नु परिरहेछ. छाति बलियो गरि काम गर्नुपर्छ. त्यसको ठुलो लस्कर छ इनलाइ हल्ला गरायापछि आफु आफु पनि काटाकाट गर्न्याछन्. तसर्थ एक एक स्याउला कपालमा राषि जाउं जस्का कपालमा स्याउला छ उ आफ्नु संगि जान्नु भन्या मतो वाधि धना ठोक्रा लि ढाल षुडा षुकुरि वाधि एघारैविस जवान तयारि भै अर्धरात्रिका विष-यमा सवैलाई निद्रा भयाको वेलामा गया. नवाफ भयाका ठाउमा पुग्या र तडातड धनु चलाइ हान्या. नवाफका लस्करमा ठुलो हल्ला भयो र लस्करमा भिडिया र तरवार षुडा षुकुरिले झडाझड हान्न लाग्या. निद्राको झोक हुनाले आफु आफु पनि काटाकाट गर्न लाग्या. कोहि भागन लाग्या. तेस्तो हुदामा नवाफ ठहर्न सकेन र जो साबुद भयाको लस्कर पनि सवै भाग्यो. तहांदेषिन् गोर्षाका लस्कर पनि फिरि आया. मकवानिका लस्कर सुत्यैका रह्याछन्. आधा घडि वांकी रात्री छदामा मकवानि राजाका हजुरमा आइ-पुग्या र हजुरको वैरिलाइ हामिले काटि धपाइ आयौं भनि सव विस्तार विन्ति गर्‍या. हाम्रो लस्कर कहां छ भनि सोध्नुभयो र हामि फिरदा त सुत्यैका थिया भनि विन्ति गर्‍या र ज्या कामलाइ बोलाइ पठाइबक्सनुभयो सो काम हामिले सिध्यायौं अब हामिहरू घर जान्छौं बिदा बक्स्या-जावस् भनि विन्ति गर्‍या र मकवानि राजाले ऐले तिमि-हरूको षानुपिउनु गर वाहांपछि जाउला भनि हुकुम भयो र आफ्नु नित्यकर्म षानुपिउनु गर्न लाग्या. मकवानिको लस्कर पनि उठ्या र गोर्षालिलाइ देष्यानन्. हेर्न गया नवाफ पनि भागेछ. जो काटियाका गिड मुड मात्रै ढेरै परिरह्याका देष्या र वडो सर्म मानि गोर्षालिले ता हाम्रो नाकै भाचि गयाछन् भनि आपसमा कुरा गर्‍याछन्. वाहां-देषिन् गोर्षालिहरूले पनि षानुपिउनु गरिसक्या. फिर्नालाइ तयारि भै मकवानि राजाका हजुरमा गै सामेल भया. श्री मकवानि राजाले नगरा निसानसमेतको षिल्लत श्री अतिबल साह हरिचरण पाण्डेलाइ बक्सनाको तयारि भयो र हुदामा श्री अतिबल साह हरिचरण पाण्डेले विन्ति गर्‍या हजुरबाट नगरा निसानसमेतको षिल्लत भयो तापनि हाम्रा महाराजबाट वक्स्या सिर चढाइ लिउला ऐले ता यांहि होम् भनि विन्ति गर्‍या र अरू सिपाहिहरूलाई बढिया तरहसित षर्चबर्च बक्सनभयो. सरसौगात तयार गरि षलि-तापत्र दि बिदा बक्सनुभयो. श्री अतिबल साह हरिचरण पाण्डेप्रभृति एघारैविस २२० जवानले बिदा भै गोर्षा आइ-पुग्या र श्री ५ पृथ्वीपति साह महाराजका हजुरमा सरसौ-गात षलितापत्र चढाई दर्शन गरि सब विस्तार विन्ति गर्‍या. श्री ५ महाराज पृथ्वीपति साह बडा हर्षले मकवानि भन्याका हिन्दुपति राजा कहलायाका बडा राजा हुन्. तन-लाई सहाय गरि नवाफ काटि धपाइ आयौं. अब हामिलाई कोहि आटन सकन्याछैनन्. रजपुतको रजपुत्याइ थामि आयौं भनि अतिबल साह हरिचरण पाण्डेलाई स्यावासि बक्सनु-भयो. नगरा निसान पनि लिन पठाउ भनि हुकुम भयो. लिन पठाया ल्याया. ताहांदेषिन् श्री अतिबल साहलाई

चौतऱ्याइ मान बक्सनुभयो. हरिचरण पाण्डेलाई सरदारि बक्सनुभयो मकवानि पदवि बक्सनुभयो. मकवानि पाण्डे कहलाया. वाहांदेषि चौतरिया अतिबल साह सरदार हरि-चरण पाण्डेले आफुले सल्लाह गरि काम गऱ्याको कुरो विन्ति गर्न लाग्या सानु वस्तु छ तापनि एकगट्टा बाधिया-देषिन् असाध्ये पनि साध्ये हुदो रहेछ. क्या प्रमान भन्या बाबियाको तृण जा छ एकै तृणले हात्ति बाधिन्या थिएन. ढेरै तृणको संहतिको डोरि बाटियादेषिन् मत्ता हात्ति बाधिदो रहेछ तसर्थ हामिलगायत एघारविस लस्करको एकै संहति हुनाले ५०।६० हजार लस्कर काटि धपाऱ्यूं शूरो र काफ-रको पनि ढेरै तफावत हुन्या रहेछ. हजार काफरका बिचमा एक शूरो छ शूरैले जित्तो रहेछ. ५०।६० हजार लस्करका बिचमा एघारैविस लस्करले काटि धपाऱ्यूं तसर्थ राजाले शूरो विवेकि सत्कर्ममा लाग्याका निमषदार यस्ता मानिस जुन राजाले पालना गर्ला सधा जये होला भन्या यस्तो हाम्रा चित्तमा लाग्यो. वहांदेषि राजा भै वाजवि जो बोलछ जो गर्छ तसलाइ नजीक राषनु. तस्तालाइ नजिकमा राष्या-प्रान्त निहात्मा करनि हान्दैन वाजवि बोलन्या कसैको मन पर्दैन क्या अर्थले भन्या औषधि पनि मिठो हुदैन. परिणाममा औषधिले गुणै गर्छ. कुपथी कुरो षादा अघि मिठो हुन्छ पछि विगार पर्छ तस्तै षुसामत्या वेवाजवि बोलन्या अघि बढिया लाग्छ पछि परिणाममा विगार पार्छ भनि विन्ति गऱ्या र श्री पृथ्वीपति साह महाराजबाट बढिया विन्ति गऱ्यौ भनि हुकुम भयो. त्यस्तै तरहसित राजकाज चलाइ केहि दिन व्यतित हुदो भयो. वहांदेषिन् चौविसी वाइसि उठाइ लमजुंग्याले मऊवा षादा कान्छा साहेब रणदुल्लभ साहले बडो मन्त्रणा गरि वैरि निकालि मऊवा आपनु तुल्याया को भयो फेरि फेरि आउदामा काटदै धपाउदै गऱ्याको देषदामा भयो हिन्दुपति मकवानि राजाको सहाय गरि नवाफको लस्कर धपायाको देषदामा भयो पर्वत पाल्पा पिउठाना तनहुं लमजुङ वाइसी चौविसी राजाहरूले बडो आश्चर्य मान्दा भया र अब कसो गर्न्या हो भनि आपना आपना देशमा बडो मन्त्रणा गर्दा भया. बुद्धिमान् पनि गोर्षेमा भयाछन् योधा शूरा पनि गोर्षेमा भयाछन् सकल गुणले युक्त भयाका आपनै भाइछोरा हुनाले कुन हामि चलाउछौं कुन मिचदै पेल्दै बढ्दै आउन लाग्या. तसर्थ कुन उपायले गोर्षामा षेद पार्न्या हो भाइछोराहरूको चित्त फार्न्या हो भनि सकल राजाहरू भेला भै सल्लाह गर्दा भया. सल्लाह गर्दामा एस्ता परिवन्दले षेद हाल्दा गोर्षामा घर-फुटा होला भन्या केहि उपाय पायानन् र उपाय नपाउदा ताहां सब राजाहरूका मतले ढोरका षान विचारिलाई छिकाउदा भया. ढोरका षान विचारि पनि सब राजाहरूको कचहरि थियो ताहां आया. ति षान विचारि कस्ता हुन् भन्या ति सब राजाहरूलाई जुन काममा संदेह पर्थ्यो तिनै षान विचारिका अति उपदेशले संदेह फालि काम गरि-दिन्थ्या. न्याय निसापमा पनि कसैले छिन्न सकेन जब कुग-डिया जोडि षान विचारिसित पठाइदिन्थ्या. कुगडियाको चित्त बुझाइ निसाप पारि छिनिदिन्थ्या. एस्ता षान विचारि हुनाले ति सब राजाहरूले गोर्षा बढ्न लाग्याको विस्तार गऱ्या र सो विस्तार सुनि षान विचारि बोलन लाग्या, मैले पनि सर्वपक्षबाट विचार गर्दामा गोर्षाको वृद्धि हुन्या डबल देख्दछु सामान्य विचारले हेर्दामा बुद्धि बलले मात्रै हो कि दैवको पनि करुणा रहेछ यो पनि विचार पाइन्या उनका घरमा पनि षेद पर्न्या एउटा जुक्ति म कल्पना गर्छु त्यो जुक्ति षलितापत्रमा लेषिपठाउनुभया गोर्षाको बुझ पाइएला भनि विन्ति गऱ्या र कुन जुक्ति हो लौ बताउ भनि सब राजाहरूले मर्जि गर्नुहुदा षान विचारिले विन्ति गर्न लाग्या. "बढैया, घटैया, बढैया विघटैया, विबढे नघटे" यो चार थोकको अर्थ क्या हो त्यसको अर्थ षोलि पठाया हामिसितको दोस्त रहन्याछ. यसको अर्थ षोलि नपठाया हामि सब राजा एकगट्टा भै लडाइ गरि तिमिलाई ध्वस्त पार्न्याछौं भनि षलितापत्रमा एहि कुरो लेषिपठाउनुहुवस् भनि विन्ति गरि सोहि बेहोराको षलितापत्र लेषिपठाया.

सो पत्र गोर्षा श्री ५ महाराज पृथ्वीपति साहका हजुरमा आयो. आउदा सब भाइछोरा छथरप्रभृति सब भारा पांचहरू वसि त्यो पत्र हेर्दामा त्यस्तो कुरा लेष्याको जब देष्या वहां-देषिन् यसको अर्थ क्या होला भनि बडो संदेह पऱ्यो र थरघर सब भारा पांचहरू सबले विचार गऱ्या र यो चार बातको अर्थ लाग्दो भएन. नलाग्दामा श्री ५ महाराज पृथ्वीपति साहको मुहार मलिन हुदो भयो. त्यस्तो देषदा श्री कान्छा साहेब रणदुर्लभ साहबाट कागज कलम मगाइ आपना बाहुलिबाट तस्को उत्तरा लेषन लागनुभयो. इ चार बातको अर्थ क्या हो भन्या "तृष्णा, आयु, पुण्य, प्रारब्ध" एहि हो भनि एति तिमिहरूले लेष्याको तात्पर्य क्या हो भन्या हाम्रा घरमा फेरि षेद पनि पाऱ्यौं. यो परिपंञ्च अर्काको होइन ढोऱ्यालि विचारिको सिपारस हो भनि षलितापत्र लेषि उत्तरा पठाइबक्सनुभयो. त्यो पनि ति सब

राजाहरू जहां थिया पुक्यो र ढोन्यालि षान विचारिसमेत ति सब राजाहरूले हेन्या र ढोन्यालि षान विचारिले ति सब राजाहरूसित विन्ति गर्दा भया. कस्तो विन्ति गन्या जसले बुद्धिलाई अनेक तरहसित षेलाउन जान्दछ तेस्ता मनुष्यलाई मात्रै यो चार बातको अर्थ सहज हुन्या. यस्तो जुक्ति कल्पना गरि पठायाको हो. हाम्रा त्यस्ताजु क्तिको सहजै अर्थ षोलि पठायाछन् हाम्रा चित्तको अभिप्राय पनि बुझि यो सिपारस फलानैको हो भनि पठायाछन् दैवी शक्ति भयाका पुरुष रह्याछन्. क्या अर्थले भन्या विद्या बुद्धि पराक्रम इ तिन थोक एकैमा रहर्दैन एकै गोटामा इ तिन थोक रह्यो भन्या उ ता श्री नारायण हुन् भनि जान्नु अथवा श्री नारायणका कलाले भयाका पुरुष भनि जान्नु. एस समयमा त एकैमा त छ छैन यो मैले बुझिसक्याको छैन कसैमा विद्या कसैमा बुद्धि कसैमा पराक्रम यस्तो ता रहेछ यो बुझियो एस्तो ता दैवको करुणा नभै हुदैन. तसर्थ परिणाममा चौविसी बाइसीको मुलुक गोर्षैको होला भन्या जस्तो देषियो. जाहां दैबको करुणा रहन्छ तहां मनुष्यका षेदले क्या गर्न सक्छ. तसर्थ हजुरहरूले पनि जापना आपना मुलुकमा गै राज गरिरहनुहवस्. दैवसंग कस्को क्या पुक्छ गोर्षामा पनि परिणाममा एस्तो पर्ला भन्या जस्तो देखिन्छ. कस्तो भन्या जहांसम्म आफ्नु र बिरानु छुटचाइ गादिको सोझो गर्न्या र विगारमा लागन्या ठहऱ्याइ काज गर्न जान्या राजा जतिञ्ज्यालसंम हुनन् तहांसंम पाप पनि बढन्याछैन. पाप नबढचा धर्मै हुन्छ. धर्मले सदा जयै हुन्छ. जब गोर्षामा एति चिह्न नजान्या राजा जब हुनन् उइ वषतमा गोर्षाका राजालाई कठिन होला भन्या जस्तो मेरा चित्तले देषछ भनि ढोन्यालि षान विचारिले विन्ति गन्या र सब राजाहरू मनमा ताप मानि आपना आपना देशदेशमा गया. वहांदेषिन् श्री ५ महाराज पृथ्वीपति साहबाट पनि श्री कान्छा साहेब रणदुल्लभ साहको अधिक बुद्धि हुनाले कस्तै गाह्रो अथवा परिआको तापनि कान्छा साहेब रणदुल्लभ साहसित सोद्धा सकल सन्देहको निवृत्ति हुदो हुन्थ्यो. तेस्तो हुनाले एक त पुत्र उस्मा पनि सकल गुणले युक्त भयाका हुनाले बहुत प्रीति गर्नुहुदो भयो. वहांको मात्रै क्या कुरा छथरप्रभृति सब भारा पांचहरू पनि कान्छा साहेब रणदुल्लभ साहसित सल्लाह नगरि कोहि केहि काम गर्न सक्ता भयानन्. कान्छा साहेब रणदुलंभ साहको सौजन्य भयो. सकल वातचितमा कुशल हुनाले भयो सब प्रजा प्राणि जो कोहि छन् चाकरबाकर सेवकवर्ग जो कोहि पनि कान्छा साहेब रणदुर्लभ साहदेषिन् बडो षुसि हुदा भया. क्या अर्थ भन्या कसैले षायो षाएन कोहि आयन किन आयन सञ्चविसञ्च भयो कि भनि षवर राषि मानिस पठाइ बुझि यस्ता तरहसित सबको सकल कुराको याद राषिबक्सनुहुनाले तहां सबकोहि प्रसन्नै थिया. श्री ५ पृथ्वीपति साहका श्री नायक वीरभद्र साहका केटाहरूबाट सुसार नपुग्दामा पनि आफै अघि सरि सुसार टहल गर्नुहुन्या त्यस्तै तरहले केहि दिन वित्या. श्री नायक वीरभद्र साहको विवाह ४ क्रमैले गरि हुदो भयो. वहांदेषिन् पछि श्री कान्छा साहेब रणदुर्लभ साहलाई सब वातमा बहुत जान्या हुनाले अलिक अर्ध्याला जस्ता हुनुहुदो भयो. यो जगत् कस्तो रहेछ भन्या कस्तै जान्या सिपालुले पनि बुझिसक्नु रहेनछ कोहि न कोहि एउटा दोष लाउदो रहेछ. लोकापवाद बुझाउनलाई श्री रामचन्द्रलाई पनि कठिन हुदो भयो. मनुष्यले बचाउनालाइ कहासंम सकियोस्. तसर्थ कस्तै जान्या भया पनि राजाका दरवारमा षेदि चुक्ल्याहा दुष्ट छुट्दा रहेनछन्. र श्री नायक वीरभद्र साहको र श्री कान्छा साहेब रणदुर्लभ साहको विचित्त पार्दा भया. कस्ता तरहले चुक्लि पार्दा भया भन्या कान्छा साहेब रणदुर्लभ साह ता सकल काममा कुशल हुनाले श्री ५ महाराज पृथ्वीपति साहबाट पनि वाहिलाई पियारो मान्या देश देशमा पनि वाहिको नाम चलन्या यहां सब कोहि भारा पांच पनि वाहिका सल्लाहले कामकाज गर्न्या यस्तो हुदामा हुजुरलाई पर सारि कान्छा साहेब रणदुर्लभ साहलाई अघि सार्नालाइ पनि वेर छैन भन्या एस्तो कुतर्क पारि चित्त फोर्दा भया. तस्तै तरहका चुक्लि पार्दा पार्दामा श्री नायक वीरभद्र साहले तिनै चुक्लि सुनि आपना बुबाका हजुरका विन्ति गर्नुभयो र श्री ५ महाराजा पृथ्वीपति साहबाट श्री रणदुर्लभ साह त्यस्ता छैनन् धर्मचित्त भयाका सकल काममा कुशल भै गादिको सोझो गर्न निमित्त जिउ धर्म दिकन पनि तिम्रै निमित्त सोझो गर्दछन्. यसमा तिमि कत्ति पनि सन्देह नमान भनि हुकुम हुदा त बुबाका पनि पियारा छन् भन्या कुरो पारि चुक्लि गन्याको हुनाले श्री नायक वीरभद्र साहले झन् कुतर्क मान्नुहुदोभयो. वहांदेषिन् बुबासंग श्री नायक वीरभद्र साहको वातचित भयाको श्री कान्छा साहेब रणदुर्लभ साहले बुझ्नुभयो र श्री नायक वीरभद्र साहका हजुरमा गइ बाहुलि जोडि चुक्ल्याहाका कुराले मदेषिन् विचित्त गर्नुहुन्या होइन हजुरको सोझो हवस् भन्नानिमित्त सर्वकालमा सर्ववातले सोझो विताइ मिहिनेत गर्दछु. एति गर्दामा पनि मदेषि विचित्त पार्दामा

40

पऱ्यो भन्या यो दोष कसलाइ दिउ. जो कर्ममा लेष्याको सो सबैहोरि हुदो रहेनछ भनि विन्ति गर्नुहुदा उत्तरा नबक्सी नबोलि चुप लागिरहनुहुदो भयो. वहांदेषिन् यस्तै तरहसित ३।४ दिन भयापछि जो चुक्लि हालन्याहरूसित श्री नायक वीरभद्र साहबाट श्री रणदुर्लभ साहबाट सहित एस्ता एस्ता कुरा विन्ति गर्न आयाथ्या भनि मजि हुदा ति चुक्लिहा भन्या कस्ता हुदा रह्याछन् भन्या जो धूर्त हुन्छ सो चुक्लि गर्छ. धूर्त भन्याका कस्ता हुन्छन् भन्या उज्ज्वल मुषले बोलन्या बोलदामा कोमल वाणि निकालन्या हृदयमा भन्या कैंची लियाका कस्को छिद्र कसो गरि पाइएला भन्या एहि धन्दामा रह्याका चुक्ल्याहा धूर्तको एहि लक्षण हुन्छ. तसर्थ तिनै चुक्ल्याहाहरूले जुन अवाच्य अनुचित कुरो हजुरबाट हुकुम नभया कान्छा साहेब रणदुर्लभ साह पुढो सरन्या काम हुन्याछैन श्री कान्छा साहेब रणदुर्लभ साह पुढो नसऱ्या हजुरको जय हुन्याछैन. भनि विन्ति गऱ्यापछि तिनै चुक्ल्याहाका कुरा सुनि मर्म भेदन हुन्या अवाच्य अनुचित कुरो श्री नायक वीरभद्र साहबाट श्री कान्छा साहेब रणदुर्लभ साहलाई हुकुम गनुभयो. तेस्तो हुकुम हुदा श्री कान्छा साहेब रणदुर्लभ साहले मनमा विचार गर्नुहुदो भयो. अब मैले यस घडिमा देशत्याग गरि जाउ भन्या क्या उपद्रव गरेछ र भागि गयो भन्या अपवाद हुन्या भयो. देश त्याग नगरूं भन्या श्री नायक वीरभद्र साहबाट बहुत दुर्वाक्य सुनिनसक्नु कुरो हुकुम गर्नुहुदो भयो. मैले एस घडिमा बाचनुचाहि मर्नै बढिया हो भन्या एस्तो मनमा ठहराउनुभयो र श्री नायक वीरभद्र साहले त्यस्तो हुकुम भयापछि फेरि कान्छा साहेब रणदुर्लभ साहबाट विन्ति गर्न लाग्नुहुदो भयो. चुक्ल्याहाका कुरा सुनि त्यति हुकुम भयो तापनि हजुरको हुकुम मैले शिरमा धारणा गऱ्या तर मैले मलजुंग्यासित धर्म गरि धर्म फाल्याको त्यहि अपराध ममाथि आयाको हो हजुरलाई केहि दोष छैन भनि विन्ति गर्नुभयो र बहुत मलिन मुहार गरि श्री ५ महाराजा पृथ्वीपति साहको दर्शन गर्न पाउलाग्नुभयो र किन तिम्रो मुष मलिन छ कान्छा भनि हुकुम भयो र श्री नायक वीरभद्र साहबाट हुकुम भयाका कुरा विन्ति गर्नुभयो र श्री ५ महाराज पृथ्वीपति साहबाट बहुत अनुचित कुरो भन्याछन् तिनलाइ म भन्न जान्छु भनि श्री नायक वीरभद्र साह राज गर्नुभयाका ठाउमा पाउलागनुभथो. श्री कान्छा साहेब रणदुर्लभ साह त आफ्ना कोठासा पाउलाग्नुभयो. कोठाको ढोकालाइ ताल्चा मारि देह त्याग गर्नुभयो. वहांदेषिन् कान्छा कहां गया भनि श्री ५ महाराजा पृथ्वीपति साह षोजन पाउलाग्नुहुदामा ताल्चा लाग्याको देषनुभयो र ताल्चा षोलि नजर हुदा कान्छा साहेब रणदुर्लभ साहले देह त्याग गरिरह्याका नजर भयो. बहुत विलाप गरि कल्पना गरि रुन लाग्नुभयो. अरू भारा पांचहरू पनि सब जना षेद गरि रुन लाग्या. कान्छा साहेब रणदुर्लभ साहको दाहादि क्रियाकाज हुदो भयो. वहांदेषि कान्छा साहेब रणदुर्लभ साहसित वातचित हुदैका मेहेरामा श्री नायक वीरभद्र साहको आफ्ना माहिलि रानीसित पनि विचित परेछ र माहिला रानीबाट "कुलो भागि समुद्र, चेली भागि माइत" भन्छन् भन्या यो चित्तमा ठहराइ आफ्ना तर्फका केटाकेटी सब लि तनहुंका राजाका मैत्रा हुनुहुदो रहेछ र डोलि चढि तनहुं पाउलाग्नुभयो वहांदेषिन् विराज थापाले आफ्ना भाइ छोरा २।४ जना मानिसलाई भनि श्री माहिला रानी गर्भवती हुनुहुन्छ. साहेव पैदा हुनुहुन्छ कि मैत्रा पैदा हुनुहुन्छ. पैदा भयापछि हामिलाई निधो लेष्या भनि कसैले थाहा नपाउन्या गरि बडो गुप्तसंग पाउरषवारि पठाउदा भया. कान्छा साहेब रणदुर्लभ साहसित विचित्त नहुदै १।२ मैत्रा अधि चन्द्ररूप साहसित आफ्ना माहिला रानी गर्भवती भयाका श्री नायक वीरभद्र साहबाट विस्तार हुकुम भयाको रहेछ. सो विस्तार २।४ थरघरहरूले पनि सुन्याका रह्याछन्. गर्भवती हुनुहुदैमा श्री नायक बीरभद्र साहबाट किन यस्तो विचित्त गर्नुभयो भन्या ति थाहा पाउन्याहरूले मान्याका रह्याछन्. बडाले रिस राषदामा बुझिकन रिस गर्नु भन्दछन्. विना बुझैमा रिस गर्नु भयाको छ यस रिसले पछि कस्तो पार्छ भनि आपसमा कुरा पनि गर्दा भयाछन्. कान्छा साहेब रणदुर्लभ साहले त्यस्ता तरहसित देहत्याग गऱ्याको हुनाले जानिकन दरबारमा बहुत पिरपिराउ हुन लाग्यो. तहांदेषिन् श्री ५ महाराजा पृथ्वीपति साहको र श्री नायक वीरभद्र साहको पनि विचित हुन लाग्यो. दवारमा पनि रानिरनिवा उ पनि कोहि नमिलन्या हुन लाग्या. कैले कोहि दुषन्या कैले कोहि दुषन्या दुष पिर यस्तो पनि सबै हुन लाग्यो. तेस्तो हुदामा धामिझाक्रि ल्याइ हेराउदा जोसिहरू हेराउदा वायुकै मात्रै दोष आउन्या हुदो भयो. वहांदेषिन् केहि मैत्रा तेस्तै तरहषित वेतित हुदो भयो. घर फुट भया पनि एक मतो हुदो रहेनछ. जाहां एक मतो रहेन गमार छुस्करलाई सुगम हुदो रहेछ. तेस्ता वषतका विचमा शत्रुहरूले चढाइ गऱ्याको भया राज्येभङ्गलाई पनि विसारित रहेनछ. तसर्थ बालकमा पढ्याको विद्या बडा कुलका पुरुषसित्को मित्रता श्री देवतादेषिन् मिल्याको वरदान

योगमा पार गयाका योगिजनको मन न्यायपूर्वकले आर्ज्याको दौलथ कुलवान्का छोरिसितको प्रीति येति थोक स्थिर हुन्छ. श्री देवताको वरदान सत्य हुनाले मात्रै रह्याको रहेछ. तस्तै बषतमा श्री नायक वीरभद्र साहका मनमा मेरा ता आजन्मान्त एसै वित्न लाग्यो तसर्थ मैले श्री गशुपतिनाथको दर्शन पनि गरूं नेपाल कस्तो रहेछ नेपाल लिनाको मनसुवा गऱ्या पुगन्या रहेछ रहेनछ तहांका राजा भारा क्या मनसुबाका कौन बुद्धिका रह्याछन् यो पनि बुझूं भन्या यो चित्तमा लि श्री नायक वीरभद्र साह काजी विराज थापालाई ढाक्न्या तुल्याइ विराज थापाप्रभृति अरू थरघर ५।७ जना मानिस केटाकेटीहरू लि नेपाल पाउलाग्नुभयो.

श्री पशुपतिनाथको दर्शन गरि भादगाउ पाउलाग्नुभै भादगाउका श्री भूपतीन्द्र मल्ल राजासित मुलाकात भयो. श्री भूपतीन्द्र मल्ल राजाले पनि बडा आदरपूर्वकले गरि राज गराउनुभयो. केहि दिन राज गऱ्याका भयाका थिया तेस्तै विचमा पाटनका राजाका मनमा र काठमाडौं राजाका मनमा अनुचित पऱ्यो र इ दुवै राजा भै श्री भूपतीन्द्र मल्ल राजासित मानिस पठाया. वैरि भयाका गोर्षाका राजाका छोरालाइ ल्याई नेपालको सब छिद्र दिन लाग्नुभयेछ तसर्थ वैरि भन्याको कैल्ले पनि आफ्नु हुदैन वैरिको निर्मूल गर्नाले जय हुन्छ. तसर्थ ति वैरि हुन् तिनलाई यहां राषनु छैन. चाढो पठाउन्या काम गऱ्या बढिया होला भनि विन्ति गरि पठाया र आफु दुवै राजा भै श्री नायक वीरभद्र साहलाइ नाश गर्नानिमित्त प्रयोग गर्न लगाया. वहांदेषिन् श्री भूपतीन्द्र मल्ल राजाले पनि इनलाइ मैले जाहां राष्या ता काठमाडौं पाटनका राजाहरू टुटनन्. भन्न पनि वैरि आफ्नु कैल्ले हुदैनन्. सांचै हो भनि श्री नायक वीरभद्र साहलाई विदाको तयारि गर्नुभयो र श्री भूपतीन्द्र मल्ल राजाले दोसल्ला पैह्राउनाको मनसुवा गर्नुहुदा श्री नायक वीरभद्र साहले पनि पैह्रनैको जस्तो डबल काजी विराज थापाले बुझ्या र आफ्ना बोलिले यो पैह्रनु छैन भनि इसारासित बिन्ति गऱ्या र बाहुलिले मात्रै छोइबक्सनुभयो र डेरामा पाउलाग्नुभयो. डेरामा पाउलाग्नुभयापछि काजी विराज थापाप्रभृति जो जो मानिस थिया सबैले विन्ति गर्न लाग्या. यस्मा ता केहि प्रयोग गऱ्याको होला भन्या जस्तो लाग्छ एस्को ता केहि प्रचय गऱ्याजावस् भनि विन्ति गऱ्या र लौ परिचय गर भनि हुकुम भयो. कुकुरलाई डाकि तस्का कपालमा त्यो दोशाला राषिदिया र तत्क्षणैमा कुकुर मरिगयो. वहांदेषिन् अब यहां नबसौं जियमा पनि दगा होला भनि रातारात गरि तडकि त्रिशूलगंगा तरि वारि पुग्यापछि विस्तारै पाउलाग्नुभयो. तमैमा पुग्यापछि श्री नायक वीरभद्र साहलाई विराम भयो वहांदेषिन् पनि पाउलाग्नुहुदो भयो. वायुको दोष जस्तो देषिन्छ चाडो दरवारमा पुग्या वायुको संभाषन गऱ्या आराम होला भन्या ठहराइ चाडो चाडो गरि पावलाग्नुहुदा गण्डी पुग्नुभयो र ताहीं गण्डीमै प्राणवियोग भै परमधाम हुनुभयो. तहांदेषिन् काजी विराज थापा प्रभृति जो जो गयाका आदमिहरूका मनमा बहुत षेद मानियया. गोर्षादरवारमा पुग्या र श्री ५ महाराजा पृथ्वीपति साहका हजुरमा सब विस्तार विन्ति गरि श्री नायक वीरभद्र साह परंधाम हुनुभयो भनि विन्ति गऱ्या र श्री ५ महाराजा पृथ्वीपति साह श्री ५ महारानी सब थरघर भारा पांच बडो षेद मानि रुन लाग्या. वहांदेषिन् श्री नायक वीरभद्र साहको क्रियाकाज भइसक्यो. वहां तनहुंमा पनि श्री साहेबज्यू नरभूपाल लाह पनि पैदा हुनुभयाको थियो. वहांदेषिन् तस्तै तरहले रहदामा श्री कान्छा साहेब रणदुर्लभ साहको पनि बहुत फिक्री गऱ्याको थियो. फेरि श्री नायक वीरभद्र साहको समेत पुत्रशोक पर्दा अरू जो भयाका पुत्रहरू पनि नमिलन्या दुष्टबुद्धिले मात्रै परिपंच गरिरहन लाग्दा त्यस्तो देषतामा श्री ५ महाराज पृथ्वीपति साह राजकाजमा पनि बहुधा चित्त नलाई बहुत उदास चित्त गरि राज गर्नुहुदो भयो. तेस्तै बषतमा घरफुट पनि भयो. सब बातले विग्न्याका वेलामा वैरि उठ्यो भन्या बडो संकष्ट हुन्या थियो. केवल श्री गुरु गोरक्षनाथ श्री कालिका श्री मनकामनाका करुणाले मात्र रह्याको छ. तसर्थ हाम्रा श्री कुलदेवता भन्या पनि श्री इष्टदेवता भन्या पनि हामिलाई यो राज्य बक्सनुहुन्या राज्यदाता इनै श्री गुरु गोरक्षनाथ श्री कालिका श्री मनकामनाको मेहेर हो भनि हुकुम भै सब थरघर भारा पांचलाई सुनाइबक्सनुभयो र श्री गुरु गोरक्षनाथ श्री कालिका श्री मनकामनामा बडो भक्तिभावना राषि श्रद्धापूर्वकले पूजा गर भनि हुकुम भयो र पूजा गर्दा भया. फेरि हुकुम गर्नुहुदो भयो हाम्रा सन्तानहरूले सदासर्वदा श्री गुरु गोरक्षनाथ श्री कालिका श्री मनःकामनाको भक्ति विशेष गरि गर्नु क्या अर्थले भन्या कस्तै बडा बडा नाना उपद्रव शत्रुदेषिन्को भय पर्दामा पनि श्री गुरु गोरक्षनाथ श्री कालिका श्री मनःकामनाको सेवा गनाले कस्तै संकष्ट पनि रहोइनन् भनि हुकुम हुदो भयो. तहांदेषिन् तस्तै तरहले ४।५ वर्ष राज्य भोग गरि श्री ५ महाराजा पृथ्वीपति साहको वर्ष ४७ राज्य

भोग गरि परमधाम हुनुभयो.

श्री ५ महाराज पृथ्वीपति साहको क्रियाकाज भैसक्या-पछि यहां गादि षालि हुनाले तहां बडो षलवल पर्दो भयो. दल साह म ज्येठो हूं म राजा हुन्या हूं भनि भन्न लाग्नुभयो र कोहि मानिस उतातिर पनि लाग्या. उद्योत साहले पनि श्री नायक वीरभद्र साह स्वर्गे हुनुभयापछिका अर्थलाई यो दुनियांले जसलाई राजा मान्नन् उहि राजा होला भनि उद्योत साह पनि राजा हुनाको मनसुवा गर्नुहुदो भयो. यस्तै तरहले परिपंच बडदा आफ्ना तर्फका गोल बाधि पञ्च हुति-यार लि हिडन लाग्या. एकला दोकला पनि हिडन छोडचा. त्यस्तै तरहको षलवल पर्दा सबै भेला भै पञ्चाइत भयो. पञ्चायत हुदामा गोर्षाका भाइछोरा भया छथरप्रभृति सब थर भारा पांच सामेल हुदा सामेल नहुन्या काजि विराज थापा भीमराज पाण्डे वीरेश्वर पाण्डे गौरेश्वर पन्थ लक्ष्मी-पति पन्थ बलि पाध्या कडरिया एति बोहेक भै कचहरि भै सब जनाको एक वाक्य गरि कुरा ठह-याउदामा कस्तो कुरा ठहऱ्याया भन्या टाढा र नजिकमा को हुन्छ भनि भन्दा नजिकैना हुन्छ साष ता श्री नायक वीरभद्र साहका भाइ रणदुर्लभ साह बाचनुभयाका भया बाहिलाई हुन्या हो वहां शान्त हुनुभयापछि श्री नायक वीरभद्र साहका भाइ ता सब बरोबर छन्. बरोबरमा ता ज्येठा जो छन् जो हुन्छ ज्येठै-लाई राज्य हुन्छ भनि यो ठहराउदामा सबभन्दा ज्येठा दल साह ठहरिनुभयो र दल साहलाई राज्याभिषेकको षतं जब हुन लाग्यो वहांदेषिन् चन्द्ररूप साहले आफ्ना मनमा विचार गरि गोर्षाका सब थर भारा पांचले षतम् गऱ्यापछि श्री नायक वीरभद्र साहले मसग गऱ्याको विश्वास मैले पेटमा राषन्या होइन भनि मधुकर साहसित गै श्री नायक वीरभद्र साहले जो विश्वास गऱ्याको थियो सो विस्तार गर्दा भया. वहाँपछि मधुकर साहले श्री नायक वीरभद्र साहका पुत्र छदै अर्कालि कसो गरि राजा हुन पाउला तिमिले अध्यारै संक्षेप गऱ्याको भया यो षलवल हुन पाउन्या थियेन भनि सल्लाह गरि चन्द्ररूप साहका र मधुकर साहका मानिस श्री ५ नैक्यानि रानी श्री साहेबज्यू नरभूपाल साह रह्याछन् कि रहेनछन् भनि बुझन पठायाछन् र तनहुंमा मानिस गया. वहां तनहुंमा श्री साहेबज्यू पैदा हुनुभयापछि गौरेश्वर पण्डितले नामकर्मादि सकल कामकाज वहांको जय हुन्या सर्वतरहबाट जय मनाउदा श्री नाइक्यानि रानी षुसि हुनुभइ रिझि अघि पनि श्री नायक साहेबबाट तपाऊलीलाई बढियै मान्याको थियो. वहां स्वर्गे हुनुभयो तापनि म छदैछु मेरा छोरालाई गादि जस्ता पाठले हुन्छ सो कुरो मेरा बुबाका सल्लाहसित तपाऊलीले गर्नुहवस् भनि हुकुम भएछ र श्री छिप्केश्वरिमा गइ पुरश्चरण गरिसक्यापछि आइ प्रसाद-पाति चढायाछन् र वहांपछि श्री ५ नाइक्यानि रानीबाट नानिका गुरु यहिंबाट हुनु भनि हुकुम भएछ. गौरेश्वर पण्डि-तलाई वहांदेषिन् तेस्तै बषतमा यहां गोर्षाबाट काजि विराज थापाप्रभृति मगर नाममा सबै भीमराज पाण्डे गौरेश्वर पन्थ वीरेश्वर पाण्डे लक्ष्मीपति पन्थ बलि पाध्या कडरिया एतिले चलाउन्या सल्लाह बाधि भित्रीसंच श्री ५ नायेक्यानि श्री साहेबज्यू नरभूपाल साहलाई चलाई गोर्षामा पाउलाग्नु-भइ काजी विराज थापाका घरमा राज गर्नुभयाको रहेछ पाउरषवारि आउन्या गौरेश्वर पण्डित अधिकारी धाइ धराला जस्तो भइ आयाको पाउलाग्नुभयाको महिना ३ भयापछि चन्द्ररूप साहका मानिस मधुकर साहका मानिस उ पनि तनहुंमा केहि बुझ पायेनन् र गोर्षा आया. चन्द्ररूप साह मधुकर साहसित हामि तनहुंमा गइ बुझ विचार गर्दा श्री साहेबज्यू नरभूपाल साह वहांका मुमाको यहां हुनुहुन्छ वहां हुनुहुन्छ केहि बुझ पाएनौ परिनाम वहां तनहुंमा हुनु-होला भन्या जस्तो लागेन भनि विन्ति गऱ्या र वहांदेषि चन्द्ररूप साहले षोजि गर्न लाग्नुभयो र षोजि गर्दा गर्दा काजी विराज थापाका घरमा पाउलाग्नुभइ राज गर्नुभया जस्तो अलिक अनुसार पाउनुभएछ र काजि विराज थापाका घरमा चन्द्ररूप साह पाउलाग्नुभयो र विराज थापासंग कुरा हुदा केहि अन्सार मात्रै बताया छन् र उस दिन उत्ति-कैमा फिरि जानुभयो. वहांदेषिन् काजि विराज थापा भीम-राज पाण्डे गौरेश्वर पन्थ लक्ष्मीपति पन्थ वीरेश्वर पाण्डे बलि पाध्या कडरिया जो जो सल्लाहमा थिया सब जना बसि मद्दत गर्दा भया. राजाका मुष्य अंग भन्याका भाइ हुन् भाइमा ता हाम्रा मद्दतमा कोहि छैनन भाइबेगर मद्दत बलियो हुदैन. तसर्थ अधिनायक वीरभद्र साहबाद पनि विश्वास भयाको रहेछ मतलबमा पनि मिल्न आया भन्या पछि चन्द्ररूप साहप्रभृति जति भाइ मिल्न आउछन् इनलाई लिनै पर्छ. हामि सब घरको मतलबले मात्रै बलियो होइ. सक्तैन जस्तो मन्दिर तयार गर्दामा काष्ठ पत्थर मट्टि जल कारिगढ एति सकल जम्मा भै मन्दिर तयार हुन्छ. तस्तै राजकाजमा पनि सकल बल पूर्ण नगऱ्यादेषिन् कार्य सिद्ध गर्नलाई कठिन हुन्छ. तसर्थ लिन्यै हो भनि सल्लाह जमाउदा भया. वहांदेषिन् भोलिवेर फेरि चन्द्ररूप साह काजि विराज

थापाका घरमा आइ विराज थापासित हामि भाइसितको मद्दत नगरि भाइवेगरको काम गर्नालाई तिमि थरहरूले मात्रै कठिन होला. तसर्थ भाइको र थरको घरको कस्तो सम्बन्ध हो भन्या "ढुंगाको भर माटो माटाको भर ढुंगो" तस्तो जान. तिमि हामि मिलि गच्छ वाधुं भनि भन्या र अधिका मतलवका मानिस जति थिया सवैले भाइ नभै हुदैन भाइलाई लिनैपर्छ भनि सल्लाह वाध्येको थियो र विराज थापाले चन्द्ररूप साहलाई लिदा भया. जब मतलवमा लियाथ्या चन्द्ररूप साहबाट मधुकर साहलाई पनि मद्दत भयाको सब विस्तार गऱ्या र मधुकर साहबाट पनि वेस भएछ भनि सल्लाहमा पस्या. कामका साह्रा शूरा अडिकन काम गर्न्या हुनाले मधुकर साह जब सल्लाहमा पस्या सुरा सुरैपछि लाग्छ जति सुरा सारा थिया उ सवै सल्लाहमा पस्दा भया. चन्द्ररूप साह मधुकर साह पनि तर्तयारिसित अधिका मद्दतवाला मानिसहरूसित एकमतो गरि रह्या. वहांपछि विराज थापाले माहिला श्री नाइक्यानि रानीका हजुरमा केहि विन्ति गर्न लाग्या काफरको कस्तै ढेरै गोल भया पनि शूरा पुरुषका अगाडि कोहि ठहर्दैन हटि जाछन् काफर परिपञ्च्या कस्ता हुन्छन् भन्या परिपञ्चको सिढि वाध्न पाया र षुसामत्या कुरा गर्न पाया चुक्ति हाल्न पाया अस्मान जमिन एकै ठाउ गराउछन्. तसर्थ राजाले झूठा र साचामा बडा तिक्ष्ण बुद्धिले निगाह राष्नुपर्छ. तसर्थ सत्य मार्गमा लागि धर्म चित्ति निमषको जसो गरि सोझो हुन्छ निमषको सोझो गर्न जान्या पनि गर्न्या पनि बडा कुलमा जन्म्याको पनि एति लक्षण भयाको सेवक चित्ति काम लगाउनकन जान्नु यो गुण राजाको मुख्य हो. राजा भइ साम दान भेद दण्ड इ चार प्रकारमा कुशल हुनुपर्छ. कस्तो कुशल भन्या साम गर्न्या वेलामा साम दान गर्न्या वेलामा दान भेद गर्न्या वेलामा भेद दण्ड गर्न्या वेलामा दण्ड जुन वेलामा जस्तो गर्नुपर्न्या हो सो जानि काम गर्नुपर्छ. सन्तोषि राजा असन्तोषि ब्राह्मण इ दुइलाई पनि कदाचित् जय हुदैन भनि विराज थापाले एति कुरा विन्ति गऱ्यापछि राजा प्रपंचैको व्यहोराको एउटा षिसा विन्ति गर्छु भनि विन्ति गर्न लाग्या सिंह स्याल बुवासा न्याउरिमूसा मूसा इ पांचले मित्यारि लायाछन् र अब हामिले मित्यारि लायौं भोज पनि षान्या हो भन्याछन् र सिंहले भन्यो भन्न त बढिया भन्यौ तर म भन्या बूढो भयाको छु कूदफाद गर्न सक्तिन क्याको भोज षाउ भन्यो र स्यालले भन्यो तहां एउटा बडो मौटो मृग बस्याको छ तेसका ढोडनसा न्याउरिमूसा र मूसा मितले काटिदिनु सिंह मितले पक्नु र सवै जना भै मार्नु भनि स्याल्ले भन्यो र सोहि तरहसित मूसाहरू गया र नसा काट्या र सिंहले पक्यो र मृग मान्या र वहांपछि स्यालले भन्न लाग्यो यो मृगको पवित्र मासु एसै नषाउ नदीमा गै स्नान गरि षाउ भन्यो र सवैले वेस भन्यौ भन्या र अधिवाट सिंह गयो स्नान गरि आयो उत्तिषेर स्यालले अध्यारो मुष लाइ बस्याको देष्यो र सिंहले किन मितज्यू यो भोज षान्या वेलामा अध्यारो मुष लायौ भन्यो र स्यालले यो मासु ता षान्या पाठ परेन भन्यो किन भन्दा मूसाहरू पनि हाम्रा बाह्राबलले गरि सिंह जस्तालाई पुवाञ्यू भनि सेषि गर्न लाग्या भन्या ठिक भन्यौ मूसा हामि बराबरका होइनन् भनि सिंह गयो. वहांपछि बुवासा आयो उसलाई ता यो मृगको मासुले अघाइन भन्या ई सवैको मासु षांला भनि रिसाइ गयाका छन् भन्यो र बुवासा पनि भाग्यो. वहां-देषिन् घरमूसा आयो उसलाई न्याउरिमूसा ता मूसासंग क्या मित्यारि थियो म ता आपनु भक्ष छाडि अर्को मासु षान्याछैन मुसैको मासु षाउला भन्छ भन्यो र मुसो आफ्नु दुलामा पस्यो. न्याउरि आयो उसलाई सिंह बुवासालाई जुद्ध गरि धपाजा मूसाको क्या गिन्ति थियो त लडछस् भन्या आ भन्दा न्याउरि पनि भाग्यो र स्यालले एकलै मासु षायो.

तसर्थ राजा भइकन केहि बषतमा ता एस्ता तरहको बुद्धिले पनि काम गर्नुपर्छ भनि विन्ति गर्दा भया. क्या अर्थले भन्या दुष्ट क्रूर जन जो छन् उस्तालाई सौजन्य देषाइ बुझ्दैनन् उभन्दा दुइ गुण दुष्टता क्रूरता आफुले पनि गर्नु-पर्छ. पाउका काढा भिज्यामा कांढैले छिकनुपर्छ. नमनिको लेप लाइ काढा निकल्दैन. तसर्थ निमष षाइ गादिको राज्यको सोझो गर्छ गर्दैन भनि परीक्षा गर्नु. सोझो भई राज्य बढाउनाको उद्योगमा कुशल छ भन्या त्यस्तासित प्रीति ज्यादा गर्नु नत्र नगर्नु. राजाले राम्रो चेहेडामा आसक्ति राषि काम पुग्दैन जसका हातबाट काम पुग्छ उस्ता मानिस चित्ति भर पऱ्या कार्यसिद्धि हुन्छ. यो संसारमाहां बहुत रंगका मानिस हुन्छन्. जुन लायकका मानिस छन् उहिमाफिकले गरि वश गर्नुपर्छ. कसैलाई धन दिनाले वश गनुपर्छ. कसैलाई निष्कापट्यले वश गर्नुपर्छ. कसैलाई बुझा-उनाले वश गर्नुपर्छ. कसैलाई कार्यले वश गर्नुपर्छ. राजा भै आपनु सधैं चिन्तना गरिरह्याका हुन् तापनि वसउठ नगरि परिचय नभइ यो लायकको रहेछ भनि आदमि चित्तिदैन. तसर्थ जस्तो कसिमा लाइ सुवर्णको परीक्षा हुन्छ तस्तै मानिससित पनि वसउठ गरि थाहा हुन्छ. त्यति गर्दामा

पनि थाहा भैसिकियन भन्या धर्म दि धर्म लि पनि आफ्ना वसमा सकललाइ गर्नु यसो भन्नाले कसैका अधीनमा पर्दै नपर्नु भन्या यो शंका होला भनि विराज थापा फेरि विन्ति गर्न लाग्या सत्मार्गमा लाग्यका धर्म चित्तमा भएका एस्ता मन्त्री भया ता उस्ताका वशमा ता रहनैपर्छ. क्या अर्थले भन्या गर्न्या गराउन्या सकलको मालिक ता ईश्वरै हो तापनि यो जगत् प्रपञ्च विस्तारकार्यमा मायाका वस पऱ्याको जस्तो छल देखाइ चिन्ह सकन्या खोजिवाला पुरुषलाइ आफ्नु स्वरूप चिन्हया गराउछन् कसैका अधीनमा रहया जस्तो ता ईश्वरले पनि हुनुपर्दो रहेछ. तसर्थ सत्मार्गमा रहयाको सदा सर्वदा निमषको सोझो चिन्तना गरि काम गर्न्या एस्ता मन्त्रिको ता राजाले पनि वश पर्न्यै जस्तो हुनुपर्छ. यस्ता तरहले विन्ति गर्दा भया. वहांदेखिन् तस्तै बषतता चन्द्ररुप साह मधुकर साह भीमराज पाण्डे गोरेश्वर पन्थ वीरेश्वर पाण्डे लक्ष्मीपति पन्थ बलि पाध्या कडरिया ई सब सल्लाहदार जो थिया विराज थापाका घरमा सामेल भै आफ्ना आफ्ना तर्फका मानिस सब सामेल गरि तयारि भै जोसि डाकि बढिया साइत हेरि अरु मतलबमा नभयाका मानिसहरूलाई पनि घर घर मानिस पठाइ श्रीनायक वीरभद्र साहका पुत्र नरभूपाल साहलाइ टीका चढाई गादिमा राज गराउछौं। मान्न आउ भनि सकललाई भन्न पठाया र कोही मानिस ता श्रीनायक वीरभद्र साहका पुत्रलाई गादि हुन्छ भन्या हामि ता मान्छौं भनि मतलबबाहिरका मानिस पनि ढेरै आई सामेल भया. सायेत जब आयो आफ्नु गोल बलियो गरि साहेब नरभूपाल साहलाई विराज थापाका घरदेखि दर्बारमा चलाइ दीप गणेश कलसपूजन ब्राह्मणवरण गरि राज्याभिषेकका विधिले शुभ मुहुर्तमा टिका चढाई श्री ५ नरभूपाल साह गादिमा राज गर्नुभयो।

वाहांदेखिन् जब श्री ५ महाराज नरभूपाल शाह गादिमा राज गर्नुभयो तब गोर्षाका छथरप्रमृति अरू थर भारा पांच प्रजा प्राणि केटाकेटी चाकरवर्ग सबकोहिका मनमा गादि षालि भै भाईभैवातमा जोकोहि हामि हुन्या हुं भनि जो गादिका मालिक वहांको षोजि नराषि हामी हुन्छौं अर्को हामि हुन्छौं भनि भाइभाइमा छलाछल बलाबल गरि आफ्नु आफ्नु गोल बाधि हात चडिञ्ज्याल-संमका मानिस लि गादिको मालिक हुन लाग्दामा बडा दुषले गरि सब आकुलव्याकुल भयाका थिया. श्री ५ महाराज नरभूपाल शाहको ठेगाना भै गादिमा विराजमान हुनुभयापछि अब हाम्रा षामिदको दर्शन पाऱ्यू भनि बडा हर्षले आनन्द मानि उत्सब गर्न लाग्या. आफ्ना आफ्ना जातले गरिन्या उत्सव जो हुन्छ सो मंगल उत्सव गर्दा भया. श्री देवताको पनि पूजापाठ ठाउ ठाउमा बहुतै तरहले हुन लाग्यो. घर घरमा पनि वडा हर्षपूर्वकले गरि ब्राह्मण निमन्त्रणा गरि आफ्ना जुवाइ भानिज छोरि वेटि आफ्ना प्रीतिपात्र इनलाइ पनि डाकि षानु षुवाउनु पनि गर्न लाग्या. एस्ता तरहले बडो पर्व मान्दा कञ्जि उत्सव गर्दा भया. वहांदेखिन् मधुकर साह जहांगिर साहको पनि अघि गऱ्याको प्रपञ्चको कुरो चर्को पारि षुलन गएछ र मधुकर साह जहांगिर साहका बाबुछोरै रानिरनिवा सब जहानैसमेत विदेश भया. उद्योग साह आफैले रजपूतै हुं क्या होला तब भनि आफ्ना रानिरनिवा छोराछोरि चाकरवाकर सब लि निशान षोलि नगरा ठोकि गण्डि तरि पूर्व देशतिर लाग्दा भया. दल साहका पनि रानिरनिवा चाकरवाकर सब लि विदेश भया. वहांदेखिन् अरू थरहेरूमा पनि जो जो निमष विसि गादिको सोझो गर्न तहि छोडि भाइभइवातका मद्दतपछि लागि गादिको कुजयपछि लागिरहयाका थिया उनलाइ पनि नीकाला हुदो भयो. वाहांदेखिन् चन्द्ररूप साह विराज थापा गौरेस्वर पन्थ भिमराज पाण्डे विरेश्वर पाण्डे लक्ष्मीपति पन्थ बलि पाध्या कडरिया इनहरूलाई षिल्लत बक्स्नुभयो. जति मुष्य मुष्य मानिसमा मतलवमा आयाका थिया उनलाइ पनि षिल्लत बक्सनुभयो, जस जसको जहांसंमको मिहिनेत थियो उअनुसार गरिबक्सनुभयो, वहादेषि गादिको बेठेगाना भएको हुदा कामकाज बन्दबस्त षलबलियाको हुदा त्यो पनि जुन जुन काम जस जसको हो उहिमाफिक गरि वन्दबस्त बाधिबक्सनुभयो र त्यस्तै तरहले राजकाज चल्दो भयो. काजि विराज थापाले पनि यो श्री ५ महाराज नरभूपाल साहको सिहासन हो भनि यस्मा कसैले बस्ता पनि नबसनु सुत्दा पनि नसुतनु सिहासनको नित्य पूजा गनि दर्शज्ञ गरि भात षानु भनि आफ्ना छोरानातिहरूलाइ भन्या र अछपयन्त छदैछ. वहांदेषिन् श्री ५ महाराज नरभूपाल साहको पनि उपनयन विवाहको वेला हुदो भयो भनि जोसि वोलाइ शुभ सायेत हेराइ सरसराजाम तयार गरि शुभ दिनमा उपनयन भयो. उपनयन हुदामा श्री ५ माहिला महारानी आफ्नी मुमावाट नानिको जय मनाउन नानिका गादि भयापछि नानिका गुरु हौला भनि धर्मधर्मसित सत्य वचन बक्सनुभयाको रहेछ र गायत्री पनि दीक्षा पनि गौरेश्वर

पण्डितबाट एकै पटक सुनाउदा मिश्र गुरुज्यूहेरूले थाहा पाए र मिश्र गुरुज्यूहेरूले हिजो श्री ५ महाराज रामसाहलाइ स्वप्नामा मिश्रसंग दीक्षा ले भनि जादा उतावाट षोजि हुदा हाम्रा पुरुषा नन्दा मिश्रलाइ पनि स्वप्नामा दीक्षा दे भनि श्री देवतावाट मर्जि हुदा श्री ५ महाराजा रामशाहलाइ नन्दा मिश्रले दीक्षा चढाया वहांपछि श्री ५ महाराजा रामसाहवाट र नन्दा शिश्रले धर्मधर्म गरि अवदेषिन् हाम्रा सन्तान दरसन्तानले जसले मिश्रवाहेक अरु गुरु तुल्याउला उसको पनि नाश होला. शिष्य तुल्याउन पनि जसले छाडला उसको पनि नाश होला भनि धर्म गर्‍याको हो. श्री ५ महाराजा रामसाहदेषिन् जाहासंम चल्यैको थियो आज हजुरवाट अर्कै गुरु तुल्याउनुभयापछि अव हामि हजुरका मुलुकमा वसदा पनि वसदैनौ पानि पनि षादैनौ भनि तडकेर हिडन जव लाग्या बहांदेषिन् श्री ५ माहिला महारानिवाट मेरो विदेश भै बडा दुषले गरि माइतिका ढोकामा वसन गयाथ्यौ मेरो पो मायति थिया नानिका ता माउली भया पनि राजाको जात हुनाले वैरिनै हुन्या. एस्तो संकट पर्दा गोरेश्वर पण्डितले सब तरहवाट जय मनाउदा टहल गर्दा उस वषतमा दुखका विरहमा मैले नानिका गुरु होला भनि वंचन षुसकायाको थियो र मेरो वचन थामना निमित नानिका गुरु हुनु पाया. अवउप्रान्त यस्तो होवैनै भनि हुकुम भै एस्तो व्यहोराले बुझाउदा पनि बुझयानन् र मिश्रज्यूले अर्को गुरु तुल्याइबक्सनुभयापछि हामीले यस मुलुकमा वसनु पनि छैन. पानि पिउनु पनि छैन भनि नवुझि हिडन तयार हुन लाग्दा थरघर भारादारहेरूलाइ गुरुज्यूलाइ बुझाइ थामन्या पाठ गर भनि श्री ५ महारानीवाट बुझाव भनि हुकुम भयो र सब थर भारा षांचहरूसमेत भै बुझाउदा मिश्र गुरुज्यूहरूले अवउप्रान्त एस्तो नहोस् तव वस्नलाइ हजुरको मुलुक भन्या छाडदैनौ गोर्षैमा पनि बसदैनौ वरपर लागि वसछौं भन्दा सर्वाक माफ गरि सलाङ विर्ता गरि बक्सनुभयो र मिश्र गुरूज्यूहेरू सलाङमा आइ वस्या, वहांदेषिन् विवाह गर्न्या हो भनि मुलुक मुलुकमा कन्या कहां वढिया छन् भनि मानिस पठाइ हेर्दा षच्यालि राजाका रौत्यालि ठहराइ मागि ठेगाना गरि साहिपाटा लाइ आया र श्री ५ महाराजा नरभूपालसाहका हजुरमा विन्ति गर्‍या सरसराजाम तयार गरि शुभ लग्न हेराई वरियात बाधि गोर्षा दरवारमा रहन्या लस्कर राषि आफुसित पाउरखवार जान्या लस्कर लि पाउलागनुभयो षांचि पुग्नुभयो. षच्यालि राजावाट पनि जन्तिलाइ गरिन्य आदरपूर्वकले मेजमानि गर्नुभयो. वहांदेषिन् यज्ञ वसन्याको वषत भयो र वहां खच्यालि राजाले पनि आपना नातासम्बन्धका अरू राजाहेरू पालपालि राजा पनि निमन्त्रणा गर्‍याको रहेछ र आयाका रहच्छन् श्री ५ महाराज नरभूपाल साहलाइ यज्ञ वसनालाइ दर्वारभित्र चलाउन्या वषतमा ता पाल्पालि राजाले ता ढोकापलतिर हुक्का राषि वलतिर आफु वसि नलिले वाटो छेकि तमाषु षान लाग्या र गोर्षालि राजा तनका मानिसहेरू कत्तिका शूरा तेजि रहच्छन् भन्या परीक्षालाइ पनि अलिक हियाएर पनि त्यसो गर्दा अरूहेरूका चित्तमा तमाषु षाइसक्यापछि चलाउनन् भन्या पन्यो सुल्तान साहवाट आफ्नु वात गिर्छ मगज चट्छ भनि भरि एक पलक ढिल नगरि अघि सरि हातले नलि पक्रि महाराजको भित्र पाउलागन्या वेला भयो. एक छिन छाडिदिनुहुवस् भनि नलि मुषदेषिन् छोडाइ पर सारि श्री ५ महाराज नरभूपाल साहलाइ भित्र चलाया. तेस्ता तरहसित सुल्तान साहले श्री ५ नरभूपाल साहलाई भित्र चलायाको ति निम्ता मान्न आयाका अरू राजाहेरूले देष्या र आफु आफु कुरा गर्न लाग्या. देशअनुसार आमदानी आम्दानिअनुसारको कामकाज ठाँटवाट आफुलाएकको वोजन हेरि खर्च जो गर्छन् त्यस्ताले सकल कुराको विचारेसित गर्छन् वोलदामा पनि प्रमाणैले वोल्छन्, आफ्नु मगज गिराइ वात पनि गर्दैनन्, एत्रा महाराजि कहलायाका पाल्पालि महाराजका मानिस एकैले पनि केहि प्रतिउत्तर गर्न सक्यानन्. गोर्षालिले हातैले मुषदेषिन् नलि फालिदिदामा पनि पाल्पालीले मुषले पनि केही वोलन सक्यानन्, वडाले सुठि हियाएर काम कैल्हे पनि नगर्नु. पाल्पालि राजाले हियाएर काम गर्दा रुनु न हासनु कस्तो सर्म सुल्तान साहले पाऱ्या. पाल्पालि कस्ता भन्या आम्दानिभन्दा ठांठ ठूलो भयाका आमदानिचाहिको ठांट ठुलो भयापछि मुलुक षाग हुन्छ. मुलुक षांग भयापछि प्रजा प्राणिलाइ अन्न वस्त्रको कठिन हुन्छ. अन्न वस्त्र नपाया कसैको पनि बुद्धिको ठेगाना रहदैन. बुद्धिको ठेगाना नभयापछि बषत चिन्ह सकदैन वषत चिन्ह नसक्यापछि सर्व वातदेषिन् भ्रष्ट हुन्छ भनि कोहि राजाहेरू कुरा गर्न लाग्या कोहि राजाले ता देषता गोर्षाली कस्ता षस्रा धस्रा लगायाका चेहेरामा बहुत लालि भयाका देषतामा पनि बहुत पानिदार हुनन् भन्या जस्ता वोलदामा पनि बहुत नबोलन्या बोल्याको नटारन्या बषत चिन्ही काम काज गर्न्या एस्तो देषतामा परिणाममा ता सबैलाइ इनैले उडाउनन् चिनौ भनि कुरा गर्न लाग्या र तस्का भोलिपल्ट

आफनु लस्कर लि पाल्पालि राजा जान लाग्या र षच्यालि राजाले २।४ दिन राज गर्नुहवस् भनि थामन लाग्दा निता मानियो मेरा र चाडो आनुपर्न्या काम छ जान्छु भनि पाल्पालि राजा जानुभयो. वहांदेषि विवाह चतुर्थि भैसक्या-पछि षच्यालि राजाले आफनु वित्तानुसारको दाइजोसमेत श्रद्धापूर्वकले दि डोला सौंरि विदा वक्सनुभयो र श्री ५ महाराज नरभूपाल साहबाट डोला लि विदा भै जाफ्ना डेरामा पाउलाग्नुभयो. वहांदेषिन् आफ्ना साथमा गयाका थरघर भारा पांचहरूले विन्ति गर्न लाग्या. एस बषतमा महाराजि भयाका पाल्पालि राजा ठुलै छन् इनले उठाउदा अरू राजाहरू पनि उठनेछन्. एस्ता राजालाई यहां सुल्तान साहबाट चमकाउनुभयो. कस्तो पर्छ भनि विन्ति गर्‍या सो विन्ति मुनि सुल्तान साहलाइ श्री ५ महाराज नरभूपाल साहबाट हुकुम गर्न लाग्नुभयो तपाजीले मलाई भित्र चलाउ-नुहुदा हाम्रो सब बातबाट मगज रह्यो. रहन ता रह्यो तर एस बषतमा ठुला भयाका राजा इन्का उठाउदा अरू ढेरै राजाहरू पनि उठन्याछन् एस्ता पाल्पालि राजा छन्. यो चमक कस्ता तरहले निवारण गर्न्या हो भनि हुकुम हुदा सुल्तान साहले विन्ति गर्न लाग्नुभयो बेस हुकुम भयो चमक ता पर्‍यो पर्न ता हुकुम भया मैले पार्‍याको चमक मै निवा-रण गरुंला. २।४ केहि वात पनि म विन्ति गर्छु सुन्या-जावस् भनि विन्ति गर्न लागनुभयो. बुढा बुढाको काहुत एस्तो छ घर्‍यासका चौतरिया घाको काजि लडाञ्जिको सर्दार घरियासमा जो चतुर हुन्छ उ चौतर्‍याजी हुन्छ. घा गर्नामा जो कुशल हुन्छ उ काजि हुन्छ. लडाञ्जि गर्नामा जो कुशल हुन्छ उ सरदार हुन्छ घर बलियो नभै वन बलियो हुदैन. तसर्थ घर सपार्नु चौतरियाले पर्छ. चौतरिया काजिले घर वन बलियो गर्दा गर्दैमा उठ्याका वैरिसित सरदारले बडो तदवीरसित बढी हान्या बषतमा बढेर हान्नु. हटन्या बषतमा हटन्या गरि चांजोपांजो पारि आफना लस्करको संभार राषि वैरिलाइ विकट पारि वषत पारि आफ्ना लस्करले हान्नलाई सजिलो पारि हनाउनु हान्नु ईत्यादि लडाञ्जिका वातमा जो कुशल छ त्यस्तालाई सर्दारि मान योग्य छ. राजा भै त्यस्तै-लाई सर्दारि मान बक्सनु. छोराले बषत चिह्न काम गर्‍या कठिन काम पनि सहजै हुन्छ. बषत चिह्न नसक्या सहज काम पनि कठिनै हुन्छ. तसर्थ घरियास सपार्न्या चौतरियै हुन्. हामि हजुरका भैंधातै हुं. हामिले पार्‍याको चमक हामिले सपार्नु पर्छ भनि विन्ति गर्‍या र यो चमक मेटाउ-नालाइ हुकुम भया मै जान्छु यो चमक मात्रै भेटन सक्या गोर्षालि एस्ता पुरुषार्थि रह्याछन् भन्या एउटा निसानै राषि आउला. भनि विन्ति गर्दा श्री ५ नरभूपाल साह षुसि हुनु-भयो र बढिया तरहसित षर्चवर्च बक्सि परपोसाकको तयारि गरि बडा शूरा तेजी सिपाहि साथमा लाइ विदा बक्सनु-भयो. तहांदेषिन् सुल्तान साह पाल्पा जानुभयो. श्री ५ महा-राज नरभूपाल साह गोर्षा पावलाग्नुभयो. शुभ मुहूर्त हेरि दीप गणेश कलशपूजन ब्राह्मणवरण सकल मंगलोत्सव गरि श्री ५ महारानिसमेत श्री ५ महाराज नरभूपाल साह दर-बारमा प्रवेश गर्नुभयो. वहांदेषिन् सुल्तान साह पनि पाल्पामा पुकि राजाको दर्शन गर्दा भया. पाल्पालि राजाबाट तपाजि क्या निमित्त आउनुभयो भनि सोद्धा सुल्तान साहले बडा राजा हुनुहुन्छ कामकाजमा रिझाइ प्रसन्न गराउला भनि आजा भनि विन्ति गर्नुभयो र पाल्पालि राजाले अस्ति विवाहमा मैले तमाषु षादामा मेरा मुषबाट नलि छुटायाको तपाजिले होइन क्या भनि मर्जि हुदा हुनाका अर्थलाई ता मैले हो हाम्रा महाराजको प्रवेश गर्नुपर्न्या वेला थियो ढिल गर्न्या वेला थियेन र नलि पुडो सारि प्रवेश गरायाको हो भनि विन्ति गर्दा पाल्पालि राजाले वषत चिह्नि काम गर्न्या शूरा रह्याछौ. हामिसंग यहां आउनुभयो ता वसनुहवस् भनि बढिया तरहसित राषनुभयो. वहांदेषिन् नवाफले आफ्ना मुलुकमा काहां कति आमदानि हुदो रहेछ क्या कारिन्दा षादा रहेछन् क्या जिमिदार राजा रजौटा षादा रह्याछन् क्या हामिसित आउदो रहेछ भनि आफ्ना भाइभतिजामा जान्याहरूलाइ जाचन पठाउदा मुलुकमा जाच गरि गोरष-पुरमा पनि केहि ता पाल्पालि राजाले पनि तिर्नुपर्न्या रहेछ र नवाफहरू ताहि उत्र्‍या र गोरषपुर जाचबुझ गर्दा पाल्पालि राजाको ता बुटवल ठुलो अंग छ आमदानि पनि ठुलो छ भनि कसैले यस्तो कुरा पारिदियाछन् र बुटवल हेर्न्या निहु पारि १०।८ हजार लस्कर लि बुटवलमा उत्र्‍यो र २।४ दिन वस्या ईतराजि गर्नाको मनसुवा पेटमा राषि हामिलाई मानि षानुपर्न्या जगामा त ढेरै आमदानि हुदो रहेछ तिमिहरू सहजैमा षादा रह्याछौ भनि अघि तिरिआ-याको भन्दा दोवर तेवर बढाइ नमिलन्या कुरो पारि नवा-फले पाल्पालि राजालाई भन्न पठायो र पाल्पालि राजाका भरभारदार सब बसि सल्लाह हुदा लस्कर पनि ढेरै लि बुट-वलमा आइ वसिरहेछ. इजाफ ढेरै बढाइ भन्न पठायो एस्को सोझो चित्त छैन भन्या एस्तो षलवल मात्रै गर्न लाग्या र राजाले सवैसित सोद्धा एसै गर्न्या हो भनि केहि तदवीर बाधन सक्यानन् र सुल्तान साहलाइ बोलाउन पठाइ सुल्तान

साहसित सल्लाह गर्नुभयो. तिमि गोर्षालिहरू वषत चिह्नि काम गर्न्या बडा बुद्धिमान् हौ भनि नवाफसितको सब वृत्तान्त विस्तार गरि एस्मा बडो संकष्ट पऱ्यो कसो गर्न्या हो भनि मर्जि भयो र सुल्तान साहबाट विन्ति गर्न लाग्नुभयो. हजुरका भरभारादार कचहरिदार कस्ता रह्याछन् भन्या चेपारि कुरा गर्न र वेकामका कुराको वकवाद ढेरै बढाउनाको भन्या सिपालु रह्याछन हजुरका कचहरि भया-का वेलामा हजुरले हुकुम भयाको वात पनि सुन्न पाञ्जिदैन हजुरलाई उछिनिकन चारौंतर्फबाट काग कराउदा के कराउन लाग्दछन्. हाम्रा महाराजबाट हुकुम गर्न लाग्नुभयाको छ हामिले सुनिकन बोलन्या हो भन्या एति षवर पनि नपाइ हजुरको कुरा काटि जो पायो सो अघिसरि बोल्दछन्. यो कचहरिको श्रेस्ता होईन. बडा वीर राजा जो हुन्छ उसका कचहरिमा अदपैसित बोलनुपर्छ. विकामका कुरा गर्दामा सर्वतरफबाट बोलन्या जो कामकुरो पर्दामा ठहराईकन एक वात पनि कोहि बोलन नसकन्या एस्तो लक्षण कचहरिको भयो भन्या पछि राजाको बढ्याञि रहदैन. तसअर्थ औसरमा अकल गर्न्या मनुष्य विरलै हुन्छन्. एस घडिमा ढेरै कुरा गरि क्या हुन्छ. एउटा तदवीर गऱ्याजावस् भनि विन्ति गर्दा पाल्पालि राजाले कस्तो तदवीर भनि सोद्धा हजुरका सिपाहि मैले जाचिकन मेरा जाचमा ठहरियाका ४० जना सिपाहिलाइ पञ्चहतियार वधाई सवार तुल्याइ मेरा साथमा लगाइ पठाइबक्सनुहवस् र अरू जिमिदार राजारजौटाहेरूले भन्दा तिनं पनि यहाँबाट तिरिदो रहेछ. त्यो पनि सबैले तिन्याको श्रेस्तासित मिलदो गरि आफना लेषन्या श्रेस्तासित दरसन्तानतलक नबढाउनु भन्या यस्तो प्रमाना लेषि मेरा हात कागत बक्सनुहवस् र आफ्ना तजविजसित काम गरुंला भनि विन्ति गर्नुभयो र सोहिबमोजिम पाल्पालि राजाले बक्सनुभयो र ति सब मानिस लि जहां नवाफ बस्याको थियो ताहि जान लाग्नुभयो. कोन बषतमा जान्या हो भनि मनमा तजविज गर्न लाग्नुभयो र नवाफले षाइ सकन्या उसका मानिस लस्कर षानपिनमा अलमलियाको बवतमा नवाप एकलै रहदो रहेछ. तेस्तै बषत पारि ति ४० सै जाना सिपाही कस्ता भन्या पञ्चहतियार बांध्याका एल्है झमाझम तरवार हान्नन् भन्या जस्ता डर लाग्दा त्यस्ता डबलसित नवाफका अगाडि पुक्या र सो प्रमाण लेष्याको कागत नवाफका अगाडि राष्या र सलाम गऱ्या र एस कागतमा सहि हालिदिनुहुन्छ चाडो सहि परोस् सहि पर्दैन भन्या चाडो जवाफ दिनुहवस् एक पलक देरिको बषत छैन भनि बडो तेजि जस्तो भइ विन्ति गर्दा नवाफले बडा बेडबल बडा जंगी गर्नन् भन्या जस्तो चेहेरा देषतामा एस बषतमा अरू वात बोलि पुगन्याछैन भनि ठहराइ नवाफले कागतमा सहि हालिदिया र सलाम गरि कागत लि आफना सब मानिससमेत फिर्नुभयो नवाफ पनि उहि बषतमा डेरा उठाई चलदो भयो. पाल्पालिका मानिसले सुलतान साहको बयान गर्दा भया. वहांदेषिन् सुलतान साहबाट पाल्पालिका मानिसलाइ वात गर्नुभयो, हेर बडाले बेषवरदारि भै कैल्हे पनि नरहनु. बडाले सदा सर्वदा आफना अधिदेषिन्का विश्वास गऱ्याका बुद्धिमान् सुरथदार १०। १२ जना मानिस कैल्हे पनि नछुटाउनु. एकलो भइ कैल्हे पनि नरहनु. विदेश हो भनि आफना षवरदारिसित नवाफ रह्याको भया कठिनै पर्न्या थियो. बेहोसमित रह्याका हुनाले हाम्रो काज सिध्याई सिद्ध गरि आऱ्यू भनि एस्तै तरहका कुरा गर्दै पाल्पालि राजाका हजुरमा आइपुकि नवाफको सहि पऱ्याको कागज राषि दर्शन गऱ्या. नवाफ गयो भनि विन्ति गऱ्या. सब विस्तार सुनि पाल्पालि राजा भरभारदार सब बडो हर्ष मान्दा भया. वहांदेषिन् सुलतान साहले विन्ति गर्न लाग्नुभयो. काम गर्नु भन्याको सर्वका हात हुदैन. कस्तो भन्या जस्तो प्रसूति हुन्या स्त्री प्रसव यस्तो हुन्छ भनि प्रसूति प्रसवको वेदना जान्दछे बांझि स्त्रीलाई मालुम हुदैन. तस्तै लडाञिप्रभृति सबै काम पनि जस्ले गरिआयाको छ उसंले जान्दछ. नगरिआयाकाले जान्दैनन. हजुरका यहां बसि षान्या मानिस मात्रै ढेरै रह्याछन् काम गरि र उद्योग चलाइ षान्या कोहि रहेनछन्. भनि विन्ति गर्दा तपाञिका गोर्षामा तापाञि जस्ता मनुष्य अरू पनि छन् कि तपाञि मात्रै हुनुहुन्छ भनि मर्जि हुदा हाम्रा गोर्षामा ता सबैभन्दा सुघोसाधो मै हु भन्दा सबै ज्यादै छन् कम कोहि छैनन् भनि विन्ति गर्नुभयाको थियो. तस्तै बषतमा गौर्षाबाट पनि सुलतान साहलाइ बोलाहाट जादो भयो. वाहांदेषिन पाल्पालि राजाबाट गोर्षाको र हाम्रो घाघऱ्यास गर्दामा तपाञिबाट गर्नु. जो तपाञिले गऱ्याको घाघऱ्यासमा हामिले पसनु भनि बन्दबस्त बाधि षिल्लत बक्सि सरसौगात तयारि गरि विदा बक्सनुभयो.

वाहांदेषिन् बिदा भै सुलतान साह गोर्षा श्री ५ महाराज नरभूपाल साहका हजुरमा आइ सरसौगात चढाई दर्शन गर्नुभयो. पाल्पामा नवाफसितको मरमिहिनेत गरि पाल्पालि राजा षुसी भै अबउप्रान्त गोर्षासित दोस्त बाधियो

भनि पाल्पालि राजालाइ भनाइ आयां. एति भयापछि त चनक मेटियोहो. पाल्पालि राजाका भरभारादार कर्मले नसक्याको काम मबाट हुदा त निसानै रह्योहो भन्या जस्तो लाग्यो. सरकारका तजविजमा जो ठहर्छ भनि विन्ति गर्नुभयो र श्री ५ महाराज नरभूपाल साहबाट सुलतान साहलाई हुकुम भर्न लाग्नुभयो रजपुतको रजपुत्याजि देषाइ गोर्षाको नाम थामि आउनुभयेछ भनि बारम्बार स्यावासि बक्सनुभयो. कचहरिमा रह्याका धरघर भारा पांच जो थिया सब जनाले सत्मार्गमा लाग्याका सोझा चित भयाका भाईछोरालाइ राजाले दर्जा बुझि जस्तो माफिकको मान राषन्याहो उहिमाफिकको मान राषि काम लाउन जान्या भाइछोराको गर्नु काम अरू कसैका हात हुदैन. त्यहि क्रमले थरघर बुन्यादका हात जो काम होला अरूका हात होइ-सक्दैन भनि विन्ति गऱ्या. वाहांदेषिन त्यस्तै रतहासित राज-काज गर्दा ३।४ वर्ष भया. षांचिबाट विवाह गरि ल्याउनु-भयाका श्री ५ महारानितरफ सन्तान नहुदा विवाह गर्न्या हो भनि भाइछोराप्रभृति सब थरघर भारा पांचहरूले विन्ति गऱ्या र श्री५ महारानिबाट पनि बडा बुद्धिमति हुनुहुनाले विबाह गर्न्ये हो भन्या सल्लाह भै श्री ५ महारानिबाट पाल्पालि राजाका मैत्रा आफना फुपुज्यूका नातिनि हुनुहुदो रहेछ वाहि भागन्या हो भनि आफैबाट कन्यार्थि षटाइ मागनु पठाउनुभयो र कन्यार्थि पाल्पा गइ राजासित विन्ति गरि कन्याको ठेगाना गरि साइपाटा लगाई काम छिनी आया. विवाहको सरसराजाम तयारि भयो. थरघरले पनि आफै आफैले सल्लाह गरि पर्वत्या मल्लराजाकि छोरी मैत्रा माग्नि ठेगाना गरि डोला ल्याया र डोला ल्याईपुऱ्याऱ्यू विवाह गऱ्याजावस् भनि विन्ति गर्दा डोला ल्याइपुऱ्यायाछौ बढिया भयो. अघि माग्याको पाल्पामा हो अघि वाहां बिवाह गरू वाहांपछि तिमिहेरूले ल्यायाको डोला विवाह गरौंला भनि हुकुम भयो र पाल्पामा विवाह गर्न पाउला-गनुभयो. विवाह गरिसक्यापछि बिदा हुन्या वषतमा पाल्पा-लि राजाले रूपमा ता हाम्री मैत्रा सबै मिल्दी छन् तर नाइक्यानि रानी ता इनै हुन्याछन् बडा वीर पुत्र इनैमा हुन्याछन् भनि विन्ति गर्नु भयो र विदा बक्सनुभयो. वाहां-देषि विदा भै डोला लि गोर्षा पाउलागनुभयो.

शुभ मुहूर्तमा दीप गणेश कलश पूजन ब्राह्मण सकलो-त्सव गरि डोलासमेत श्री ५ महाराज नरभूपाल साह प्रवेश गर्नुभयो. वाहांदेषिन् पर्वत्या मल्ल राजाका मैत्रा पनि विवाह गर्नुहुदो भयो. वाहांदेषिन् दुइचार मैन्हापछि तनहु-का राजाले पनि हाम्री मैत्रा दिन्छौं भनि मानिस पठाउनु-भयो र श्री ५ महाराजा नरभूपाल साहका हजुरमा आइ विन्ति गऱ्या र मञ्जूर पऱ्यो. भानु जोसि अर्याल रामचन्द्र जोसि अर्याललाइ डोला लिन तनहुमा जाउ भनि हुकुम भयो र ति दुइ जना डोला लिन तनहुमा गया. डोला ल्याया. शुभ दिन मुहूर्तमा विवाह गर्नुहुदो भयो. वाहांदेषिन् जेठो विवाह षऱ्यालि राजाका मैत्रा जेठा श्री ५ महारानी पाल्पालि राजाका मैत्रा श्री ५ माहिला महारानी पर्वत्या मल्लराजाका मैत्रा श्री ५ साहिला महारानी तनहु कोटचा राजका मैत्रा श्री ५ कान्छा महारानि एस्तै क्रमले चार विवाह हुदो भयो. वाहांदेषिन् ६ मास वर्षदिनपछि श्रीमा-हिला महारानी श्री साहिला महारानि दुवैतर्फ गर्भ हुदो भयो. वहांदेषिन् कोहि दिनका रात्रिमा श्री ५ माहिला महारानिका षोपिमा श्री ५ महाराज नरभूपाल साह सुकला गर्नुभयाको थियो प्रहर रात बाँकि छदामा श्री ५ महारा-निले स्वप्न देष्नुभएछ. स्वप्नमा श्री सूर्य निल्याको देषि जागो हुनुभएछ र श्री ५ महाराज नरभूपाल साह पनि जागो हुनुभयेछ र श्री ५ महारानिबाट श्री ५ महाराज नर-भूपाल साहसित स्वप्नाको विस्तार विन्ति गर्नुहुदा श्री ५ महाराज नरभूपाल साहबाट केहि हुकुम नभै पटापट पिटनु-भएछ र स्वप्ना विन्ति गर्दा पनि विनाबिरामै कुटनुभयो भनि दुष मानि रोइकन रात्रि विताउनुभयो. जब प्रातःकाल भयो श्री ५ महाराज नरभूपाल साह जागु हुनुभयो र श्री ५ महारानि रोईरहनुभयाको देषनुभयो र श्री ५ महारानि-लाइ हुकुम गर्न लागनुभयो. तिमिले बढिया स्वप्ना देषिछौं र निदाया स्वप्नाको निष्फल हुन्छ भनि तिमिलाई बढिया हवस् भन्नानिमित्त कुटचाको हो. नरोउ दुष नमान भनि बुझाउनुभयो र श्री ५ माहिला महारानि बुझनुभयो. अब श्री नायेक कतातिर हुनुहुन्छ भनि भाईछोराप्रभृति सब थरघर भारा पांचहेरू बडो हर्षको षलबल गर्दा भया वहां-देषिन् श्रीमाहिला महारानितरफका मानिस वाहांको जय मनाउदा भया. श्रीसाहिला महारानितरफका मानिस उतै-तरफ जय मनाउदा भया. तेस्तै तरहले मैन्हा ७ भयामा अर्धरात्रिमा माहिला श्री ५ महारानितरफ श्रीनायेक पैदा हुनुभयो. वाहादेषिन् वडा हर्षपूर्वकले सकल मंगलोत्सव नृत्य गानवजान हुदो भयो. नामकरण हुदो भयो. श्रीपृथ्वी-नारायण साह नाम राषनुभयो. श्री ५ साहिला महारानि-तरफ पनि दश मैन्हा पूर्ण भयापछि श्रीसाहेब पैदा हुनुभयो.

बडो उत्सव मङ्गल नृत्य गान बजान हुदो भयो. नामकरण हुदो भयो. श्रीवृन्दकेशर साह नाम राषनुहुदो भयो. जन्मका जेठा र गर्भका जेठा भन्या षलवल पनें षोज्याको थियो तेस्तै बषतमा श्रीवृन्दकेशर साह शान्त हुनुभयो. श्री ५ जेठा महारानितरफ केहि पैदा हुदा भयानन् माहिला श्री ५ महा रानितरफ पैदा हुनुभयाका श्रीनाएक पृथ्वीनारायण साह श्री साहेब दलमर्दन साह श्री साहेव पृथ्वीपाल साह मैञा हुनुभयाका पद्मकुमारि विशालवदना श्री ५ साहिला महा-रानितरफ पैदा हुनुभयाका श्रीसाहेव वृन्दकेशर साह श्री साहेव सूरप्रताप साह मैञा पैदा हुनुभयाका पद्मवदना सर्पावती हेमन्तकुमारी श्री ५ कान्छा महारानितरफ पैदा हुनु भयाका श्रीसाहेव महोद्दामकीर्ति साह श्रीसाहेव दलजित साह मैञा पैदा हुनुभयाका महालक्ष्मी मदमनेत्रा सुरतकु मारि दुई भित्र्यानिमा एकतरफ केहि भयानन् एकतरफ रणरुद्र भीमदत्त केशिमर्दन रणशूर जगज्जित् पुत्री प्रकासना विन्दवा सना एति पैदा हुदा भया.

केहि दिन तेस्तै तरहले राजकाज हुदै थियो श्रीनायक पृथ्वीनारायण साह बालषदेषिन् तेजस्वी शूरा बुद्धिमन्त उद्योगि हुनुहुन्थ्यो जव ६ वर्षको उमेर भयाको थियो एक दिन षेल्दा संगिहरूसंग पनि छाडि श्रीगुरु गोरषनाथका स्थानमा एकलै पाउलाग्नुभएछ र उसै वेलामा गुफाबाट श्रीगुरु गोरषनाथ निस्कीकन जाउ तिम्रा मुमासंग गै दहि मागि ल्याउ भनि आज्ञा गर्नु भयो । लौ भनि मुमाका हजु-रमा गै देवस्थानबाट जोगी निस्क्यो र दहि मागि ल्याउ भन्यो भनि हुकुम भयो र महारानिबाट सानु ठेकिमा असल दहि झालि लैजाउ ति जोगि होइनन् देवता हुन् एकलै जानु ज्या भन्दन् सोहि मान्नु भनि हुकुम भयो र हवस् भनि हुकुम भयो र हवस् भनि दहि लि जादा सानु पातको षोचो हातमा लि वसिरहनुभयाको रहेछ. श्रीनायक पृथ्वीनारायण साहलाई वस भनि दहि षोचामा हाली षानुभयो र लौ हात थाप भनि श्रीनायक पृथ्वीनारायण साहलाई भन्दा लौ भनि हुबै हात थापनुभयो र उहि हातमा दहि छादि लौ षा भन्दा श्रीनायक पृथ्वीनारायण साहबाट षानुभयेन धेर ढिपी गर्दा पनि नषाई रुनु आटघाका देषदा श्रीगुरु गोरक्षनाथले एक हातले श्रीनायक पृथ्वीनारायण साहका शिरमा एक हातले बाहुलि समाई षाउ भन्दा दुबै बाहुलि छोडिदिनुभयो र सबै दहि पाउमा पऱ्यो र श्रीगुरु गोरक्षनाथ हासिकन षायाको भया ज्या मुषले बोल्यो पुकन्या थियो षायनस् पाउमा पऱ्यो अब तेरा पाउले जुन मुलुकमा कुलचलास् सो राज्य तेरो होला. तेरा फौजका साथमा म पनि रहनेछु. जौन दिनमा तेरो फौज चल्छ तेस दिनमा पानि पऱ्यो भन्या म त्यहि छु भनि जान्यास्. भनि ढाप मारि श्रीगुरु गोरक्ष-नाथ गुफाभित्र जानुभयो. श्रीनायक पृथ्वीनारायण साह ठेकी लि मुमासंग गै सब विस्तार गर्नुभयो. महारानिबाट षाएन-छ भनि साहै फिका मान्नुभयो. वहांदेषिन् गुरुज्यू गोरेश्वर पण्डितसित श्री ५ महाराज नरभूपाल साहले केहि हुकुम गर्नुहुदो भयो क्या कुरा भन्या अघि श्री ५ महाराज राम साहबाट ढेरै तपस्या गरि श्रीदेवता सिद्धहेरूदेषिन् वरदान पनि पाउनुभएछ सकल थितिविति बाधनुभयछ. वहांदेषिन् पछिका र हामिदेषिन् अघिका हाम्रा पितापुरुषा राजाहेरुले ता तपस्या पनि केहि गर्न सक्यानछन् थितिविति जस कीर्ति बढाउन पनि केहि सक्यानछन् श्री ५ महाराज राम साह-देषि सातौं राजाका पालामा नेपाल भोग होला भनि वर-दान भयाको रहेछ. तसर्थ हामिले पनि तपस्या गर्न सक्या हाम्रा पालामा नेपालको भोग होला कि भनि हुकुम हुदा गुरुज्यू गौरेश्वरले विन्ति गर्नु हुदो भयो. श्री देवताको आराधना गरि श्री देवता प्रसन्न गराउन सक्या पछि हुन्या कार्य अघि हुनालाइ पनि कठिन छैन. कदाचित् भएन भन्या पनि जहांछेउ हुन्या हो उस बषतमा सहाय बढन्या र चांडो सहजले कार्य सिद्ध हुन्या ता हुन्यैछ तसर्थ सत्कार्य नगर्नु भन्दा गर्न वात मुष्य छ. क्या अर्थले भन्या प्रसन्न गराउन सक्या हजुरैका पालामा होला जस हजुरैलाई होला भएन भन्या पनि हजुरको पुत्र पैदा हुनुभयाको हुनुहुन्छ वहांलाई बहुत कल्याणदायक हुन्याछ भनि विन्ति गर्नुभयो र वहांदेषिन् श्री ५ महाराज नरभूपाल साहबाट कस्ता तर हले कुन पीठमा गर्न्या हो भनि हुकुम भयो र गुरुज्यू गौरे-श्वर पण्डितले विन्ति गऱ्या संकल्प गऱ्याजावस् पीठ पठमा जाई गर्नुपर्ला भनि विन्ति गऱ्या र नेपालको भोग हवस् भन्या कामना गरि चौविस पुरश्चरणको संकल्प गर्नुभयो, वहांदेषिन् सुफलदायक उत्तम मासमा पुरश्चरणको आरम्भ हुदो भयो. उत्तम उत्तम पीठमा गुरुज्यू गोरेश्वर पण्डितले आपना छोराहरूलाई पठाउदा भया. अलिक केहि मन्त्र सिद्ध भया जस्ता हुनाले गोकुलविलास पण्डितलाई नेपालको भोग हवस् भन्ना निमित्तको कामना गरि गुरुज्यू गौरेश्वर पण्डितका जेठा छोरा गोकुलविलास पण्डित नेपालमा आया र श्रीगुह्येश्वरिमा गया र केहि दिन अनुष्ठान गऱ्या. वहां-देषिन् केहि दिन श्री दक्षिणकालिकामा अनुष्ठान गऱ्या. वहादेषिन् केहि दिन मणिचूड पर्वतमा श्रीवज्रयोगिनीमा गै अनुष्ठान गर्न लाग्दा भया. ढेरै दिन तांहि रह्या क्या अर्थले

ढेरै दिन रह्या भन्या नेपालमा वाग्मति आदि गर्‍याका सकल तिर्थ पीठमा पुग्यापछि पनि श्रीबज्रयोगिनीमा नपुगि यथोक्त फल मिल्दैन भनि ताहि ढेरै दिन बसि अनुष्ठान गर्दा भया त्यस्तै तरहले अनुष्ठान गर्दै थिया. केहि दिनपछि प्राप्तः कालमा उठि स्नान गर्न भनि जादा रह्याछन् उस्ता बषतमा श्रीबजूयोगिनिका पूजाहारि बांडा मन्त्रशास्त्रमा पनि बहुत कुशल रहेछ. उस बांडाले आफना मनमा तजविज गर्न लाग्यो. इ ब्राह्मण ता केहि कामना गरि आयाका रह्याछन् कि अरूथोक कामनामा आयाका रह्याछन् भनि विचार गर्दो भयो. विचार गर्दामा तेस बाडाले एस्तो ठहरायो. ई ता पाहाडिया ब्राह्मण रह्याछन मन्त्रशास्त्रमा पनि कुशल रह्याछन् पहाडिया राजाको जय मनाउन आयाका हुनन् भन्या जस्तो ठहराई ईनलाई पहाडिया राजाको जय मनाउन दित्था होईन भनि गोकुलविलास पण्डितका उपर तस बांडाले ज्यादू टुना गर्दो भयो. जब ज्यादू टुना गरेथ्यो तसै क्षणमा गोकुलविलास पण्डितलाई बडो मोहो भया र उदास चित्त गरि डेरामा पुग्या र आफनु संध्या पूजा नित्यनियम गर्न्यो हो भनि पनि एक आधा घडिसंम षवर नपाउदा आफना साथका मानिसले सन्ध्या पुजा किन नगर्‍याको भनि ललकारदामा गोकुलविलास पण्डितका कानमा शब्द पर्‍यो र चेत् फिर्‍यो. उ पनि मन्त्रशास्त्रमा कुशलै थिया र उसको ज्यादू टुना फाल्या. वहादेषिन् आफना साथका मानिससित वात गर्न लाग्या. आज म स्नान गर्न जादा एउटा बांडाले मेरा मुषतिर हेरि मलाइ ज्यादू टुना गरेछ र केहिवेर मलाई पनि मोह भयो. अघि बूढाहेरूले भन्याको क्या सुनिन्थ्यो भन्या नेपालका मानिस बांडा भया आचार्य भया ईनिहेरू मन्त्रशास्त्र पढ्याका मारण मोहन उच्चाटन वशीकरण ई आदि गर्‍याका कुत्सित कर्ममा निपुण हुनाले नेपालका राजाहेरूलाई तिनिहरूले जस्तो आफूले भन्याको उसो मान्या तुल्याउछन् भन्या सुन्याको थियो सो कुरो आज मलाई अनुभव भयो, हाम्रा गोर्षाका महाराजलाई पनि नेपाल लिनाको मनसुवा छ नेपाल साध्य भयापछि नेपालका टुनादेषिन् कराकत भै रहनालाइ कठिनै होला भनि एात बात गर्‍या र आफना संध्या पूजा गर्न लाग्या. तस्तै तरहले जहासम्म अनुष्ठानको अवधि थियो तहांसम्म गर्दै थिया. तस्तै बिचमा कोहि दिनका रात्रिमा स्वप्ना देषदा भया. कस्ता स्वप्ना देख्या भन्या कोहि एक कन्या दष्यक्षत भालपट्टमा धारण गर्‍याकि पूर्ण कुम्भ बाहुलिले पर्‍याकि संपूर्ण शुभ लक्षणले युक्त भयाकि एस्ति कन्याले देवतादेषि भयाको वरदान अटलै हुन्छ. ज्या हुने कुरो अध्यारै भयाको छ तिमिहेरू किन आग्रह गर्छौं भनि भन्यापछि स्वप्नादेखि जागदा भया. वहांदेषिन स्वप्नाको विचार गर्दा भया. संपूर्ण लक्षणले युक्त भयाकि कन्या देष्या यो वढियै हो तर प्रत्यक्ष वचन सुन्यापछि श्री ५ लहाराज नरभूपाल साहका पालामा कामना गर्‍याको सिद्ध भएन. हामिले पनि जस पायानौ. जहांको वन्धान हुदो रहेछ वाहि सिद्ध हुन्या रहेछ भनि आफना चित्तले ठहराइ आफुलाइ बांडाले टुना गर्‍याको स्वप्ना भयाको अरू जो जो विस्तार थियो सो लेषि चढाई पठाउदा भया. श्रीमनःकामनामा जान्या पाटनदेवीमा जान्याहेरूले पनि आफु आफुले पायाको लक्षण विचार लेषि चढाइ पठाउदा भया. चिठि आयाका २।४ दिनपछिका रात्रिमा श्री ५ महाराज नरभूपाल साहलाई पनि स्वप्न भयो. कस्तो स्वप्न भन्या बडो सुन्तलाको वृक्ष सुन्तला परिपूर्ण गरि फल्याका पाकिकन ढेरै फल फलिकन हागा पनि नुहायाका फल पनि ऐले गिर्नन् भन्या जस्ता भयाका थो सुन्तला तास्यै हो भनि सुन्तलाको वृक्षमा चढि टिपनाको मनसुवा गर्नुभएछ र वृक्ष ता झन चढ्यो झन अलगो भयो र वृक्षमा चढन नसकि थाकिकन वर्लनुभयछ. सुन्तला षान्यै हो भनि फेरि आग्रह गरि पत्थरले ठटारोले हान्न लाग्नुभएछ हान्दामा वृक्षै पनि बिरियेछ. वहादेषिन् स्वप्नादेषिन् जागनुभयछ. प्रातःकालमा आफुले देष्याको स्वप्न गुरुज्यू गोरेश्वर पण्डितसित विस्तार हुदा पण्डितज्यूले आफना मनले विचार गरि श्री ५ महाराज नरभूपाल साहलाई फिका होला भनि फलले युक्त भयाको वृक्ष नजर भयेछ. वढियै स्वप्न नजर भएछ भनि मात्रै विन्ति गर्दा भया. वाहांदेषिन् श्री ५ महाराज नरभूपाल साहबाट मलाई फिका पर्ला भनि याहाबाट जस्ताको तस्तो भन्नुभएन तापनि मेरा पालामा नेपालको भोग भएन भन्या जस्तो लाग्यो भनि हुकुम हुदो भयो. वाहादेषिन् गुरु गोरेश्वर पण्डितले विन्ति गर्नुहुदो भयो स्वप्नाका कुराले ज्यादा फिका नमान्याजावस्. मुष्य हजुरकै पालामा होला. भएन भन्या पनि हजुरका पुत्र वाहाका पालामा हुन्यैछ. कार्यसिद्धि हवस् भन्नानिमित्तमा इ यत्न गर्न्या र नगर्न्या को श्रेष्ठ भन्या जसले यत्न गर्‍यो उहि श्रेष्ठ कहलाउछ. कार्यसिद्धि हुनु र नहुनु दैवका हातमा छ. तसर्थ सो जानि यत्न गर्दागर्दैमा सिद्ध भएन भन्या उद्योगकारि मनुष्यलाई दोष हुंदैन. हिकमत नराषि कार्यमा तत्पर नहुन्या एस्तो लक्षण काफर मनुष्यको हुन्छ भनि विन्ति गर्नुहुदो भयो. वहादेषिन् त्यस्तै तरहले राजकाज

चल्दै थियो. यस्तै विचमा तनहु लमजुङप्रभृति चौविसि बाइसि उठि भारि लस्कर लि देउरालि घुवाकोटको मोहो-डामा एकमुष गरि आयो. चाङलिको मोहोडा एकमुष गरि आयो. लकाङ भिर्कोटको मोहोडा एकमुष गरि आयो, लिग लिगको मोहोडा एकमुष गरि आयो. एस्ता तरहसित चार मोहोडातिर चारै मुष गरि आउदा गोपलिङघाटदेषि उभो चेप्याघाटसंम तिनै मझुवाका ब्राह्मण आदि सब प्रजाहरू पालासित घाट घाट गौडा गौडा कुर्दथ्या. तेस्ता तरहसित चारैतरफबाट अघि लमजुङ मान्थ्यौ आज गोर्षालि भयाका भन्दै बडा रिससित बलैमिचि लुटपिट गर्दै जब आउन लाग्यो वहांदेषिन् मजुवाका भलामानिसहरूले गोर्षादर्वार साधुं भन्या फुर्सद पाईन्या भएन लुटपिट गर्न लाग्यो. तसर्थ आफ्नु जीउ धन पनि बचाउन्या षामिदको पनि सोझो हुन्या ईनसंग लडालि गर्न्याहो भनि ठहराई घरघरमा जति जना थिया आफ्ना आफ्ना घरका हातहतियार लि वांधा कमारासमेत चार वर्ण छत्तीसै जात सब तयारि भै गाउ गाउमा लडालि दिदा चौविसि बाईसि ठहर्न सक्यन र ठाउ ठाउं देषि माग्यो, केहि काटिया केहि भाग्या केहि बग्या. एस्ता तरहसित लडालि गरि चौविसि बाइसिलाई धपाया र हामि-ले षामिदको सोझै गर्याको छ भनि घरघरै बस्या. श्री ५ महाराजाका हजुरमा विन्ति गर्न आयानन्. त्यो समाचार गोर्षा श्री ५ महाराज नरभूपाल साहका हजुरमा आईपुग्दा श्री ५ नरभूपाल साह महाराजबाट भाइ छोरा सब थरघर भारा पांच राषि हुकुम हुन लाग्यो, क्या हुकुम हुन लाग्यो भन्या चौविसि बाईसि उठि बलैमिचि आउदामा मझुवालि ब्राह्मणादि सब पांचहेरूले धपायाछन्. भनि हुकुम हुदा कसैले वैरि धपायाछन् बढिया गर्याछन् भन्या कसैले राजा-को जयविजय पर्दा सुनाउनैपर्छ. वैरि धपाया तापनि जो मुलु-कको मालिक हुन्छ उसका हात दण्ड प्रसाद दुवै रहन्छ. मुलुकमा जयविजय जो हुन्छ सो मुलुक मालिकलाइ नसुनाई जय गरोस् तापनि विजय गरोस् तपनि प्रभुलाइ श्रवणन् नगराई गर्याको जयविजय जोसुकै हवस् तपनि प्रभुको मान बढाउन्या हुदैन. तसर्थ ढेरै कुरा गरि केहि पुगदैन जो सिद्धान्त एउटा वात गर्नुपर्छ भनि सकलले एकै सल्लाहसित विन्ति गर्दा भया. मझुवाका भलामानिसलाइ हुकुम भै बोलायाजावस् भनि विन्ति गर्या र हुकुम भै मझुवालिहेरू सब जना आया र श्री ५ महाराज नरभूपाल साहबाट हुकुम भयो तिमिहेरूले वैरि धपायाछौं बढिया गर्याछौं तापनि हाम्रा हजुरमा विन्ति गर्न आउन्या हो. आयानौ मुलुकमा जयविजय पर्याको राजैलाई सुनाउनुपर्छ. तिमिहेरू-ले आफुदेषि उभो कसैलाई नदेषि काम गर्न्या जस्तो पर्न गयो. ठाडालाइ नुहाउनु निर्घालाई उठाउनु यो राजाको काम हो. वैरिलाइ धपायाको स्यावासि भनि हुकुम भै पगडि बक्सि वैरि धपाउदा अघि वैरि धपाउनाको फुर्सद नपाया पछि हाम्रा हजुरमा विन्ति गर्न आउन्या हो. आया-नौ तसर्थ तिमिहरूलाइ दण्ड हुन्छ भनि सिल्यादण्ड भनि नाम राषि पांचरुपैंजादेषि उधो एक रुपैंजादेषि उभो अवल दोयम सिम चाहार गरि घरहि दण्ड गरिबक्सनुभयो र वैरि धपाइ सरकारमा विन्ति गर्न नआउन हामिले नजान्येको हो भनि हुकुम सिर चढाई राजिनामासित सिल्यादण्डमा सामेल भै गया. वहांदेषिन् त्यस्तै तरहसित राजकाज गरि केहि दिन व्यतित भयाको थियो त्यस्तै विचमा काजि विराज थापा मरि उनैका छोरा रामकृष्ण थापालाइ कजाजि बक्स-नुभयो. ग्याङमि जयन्त रानालाइ कजाजि बक्सनुभयो. १।२ वर्ष त्यस्तै तरहले कजाजि चलाउदा भया वहांदेषिन् महे-श्वर पन्थ भानु जोसि अर्याल इ दुइले विन्ति गर्दा भया. कस्तो विन्ति भन्या इ मगरको जाति कस्ता भन्या भयाको थामिकन उत्तिकैमा परि गौना पारिकन मात्रै षान जान्या. मुलुक बढाउन्या हो भनि मनसुवा नगर्न्या एस्ता बुद्धि बर्ग-तले पनि भेटाउनन् भन्या जस्ता छैनन्. तसर्थ मुलुक बढा-उन जो सकछ उसलाइ कजाजि मान बक्सनुभया हजुरको मनसुवा पुग्दो हो भनि विन्ति गर्या र वहांदेषिन् आफ्ना भाईछोरा वन्धुवर्ग जो छन् ई पनि जानअजान तर्कीभर्की गरि यत्रतत्र लाग्याकालाइ पनि झिकाइबक्सनुभया आफ्नु गोलबोल बलियो हुदो हो. कस्तै पनि आफ्नु आफनै हुन्छ. एकगठ्ठा भयापछि घर बलियो हुन्छ. भनि विन्ति गर्या र श्री ५ महाराज नरभूपालसाहबाट झिकाइबक्सनुभयो र यत्रतत्र लाग्याका भाइछोरा सामेल भया. वहांदेषिन् महेश्वर पन्थ-ले जो विन्ति गर्याथ्या सो बढियै विन्ति गर्यौ भनि मञ्जूर पर्यो. रामकृष्ण थापाको षायल कजाजि मान महेश्वर पन्थलाई बक्सनुभयो ग्याङमि जयन्त राना काजि थामियै-का थिया. त्यस्तै बषतमा यत्रतत्र भयाका भाइहेरू जो सामेल गराउनुभयाको थियो तिनलाइ गादिको कुभाउदो नगर्नु गादिको सोझो गर्नु भनि हुकुम भयो र ती भाईहेरूले विन्ति गर्न लाग्दा भया. कस्तो विन्ति गर्दा भया भन्या श्री-नायक वीरभद्र साहका पुत्र हुनुहुन्छ भनि थाहा नहुदामा

गादि षालि हुन जादा सब थरघर मै गादि षालि गर्न हुदैन भनि सल्लाह हुनाले र गादिमा कोहि रहन्या नदेषतामा हामि भाइमा यस्तो कैफेत पन्याको हो हजुरका भाइछोरा हामि जति छौं हामिहरूले श्री नायक वीरभद्र साहका सन्तति हुनुहुन्छ भनि थाहा पाइ गादिको मनसुवा गन्याको होइन एंसमा हजुरलाई प्रतित पर्दैन भन्या धर्मका आधारमा पृथ्वी रह्याकि छन् समुद्र रह्याका छन् चतुर्दस लोकले सहित भयाको ब्रह्माण्ड धर्मैको आधारमा रह्याको छ. सत्यधर्म भन्याको कुरो बडो पदार्थ छ. अधि इनले यस्तो मनसुवा गन्याथ्या इनको क्या विश्वास भन्या हजुरमा पर्ला धर्मपत्र लेषि चढाउछौं भन्या विन्ति गरि धर्मपत्र लेषि श्री ५ महाराज नरभूपाल साहका हजुरमा चढाया. वहांदेषिन् थरघर सब भारा पांचहरूले पनि बढिया विन्ति गर्दा भया भनि सवैले विन्ति गर्दा भया. कस्तो भन्या राजकाज गर्दामा पैल्हे भाइछोरालाई सत्कार्यमा लाग्याको छ कि असत्कार्यका लाग्याको छ भनि चिह्नि सोमाफिकसंग सोमनु गराइ जस्तो दर्जा हो उस्तो दर्जासित राष्या भाइ जस्ता सोझा सेवक कोहि हुदैनन्. सत् असत्को विवेक नगरि सोमनु नगराइ जस्तो दर्जा हो सो दर्जा नराष्या भाइको बिगार्नु अर्को कोहि बिगार्दैनन्. तेहि क्रमले थरघर बुन्याद पुरानिया जोकोहि भया पनि असत्वृत्तिमा लाग्याकालाई ता कार्यमा कदाचित् पनि नलाउनु भनि विन्ति गन्या र श्री ५ महाराज नरभूपाल साहबाट वेस विन्ति गन्यौ भनि हुकुम भयो र वहांदेषिन् सकल थरघर भारा पांचहरू राषि लडाञ्जिको मनसुवा राषि लडाञ्जिको उद्योग चलाउन लाग्नुभयो र काजि महेश्वर पन्थ काजि जयन्त राना ई प्रमुष भै सब लस्कर लि नुवाकोट हान्न विडा उठाइ गोषादेषिन् आया. आउदामा कटुञ्ज्यामा डेरा पन्यो. कटुञ्ज्यादेषिन् साम्रिससंका घल्या भोटचाहरूले आफु आफु मिलि भित्रिसञ्च गोलमा राजा मान्दारह्याछन् र गोषाको लस्कर आइ आहा डेरा पन्यापछि बढिये भयो भन्या जस्तो मानि दिनमा कपटमनले मान्न आइ रात्रिमा कुल गरि दगा दिदागा बडो षलवल पर्दो भयो. षलबल पर्दामा हटि गोषा आउदा भया. वहांदेषिन् फेरि शुभ साइत ठहराई भारि लस्कर लि काजि महेश्वर पन्थ काजि जयन्त राना फेरि नुवाकोट हान्न आया. वहांदेषिन् कटुञ्ज्यादेषिन् साम्रिसंमका घले भोटचा गोल्मा राजा मान्याहरू जो जड जड घले भोटचा २।४ लाई मारि गोल्मा राजा भयाकालाई पनि मारि तेस्तै तरहले मुलुक कायेम गर्दै धादिङमा पनि पेल गरि फेरि घले राजा मान्न लाग्याका रह्याछन् तेसलाई पनि मारि धादिङ कायेम गरि त्रिशूलगंगामा भारदार लस्कर आइपुग्दा भया. वहांदेषिन् त्रिशूलगंगा तरि नुवाकोट चढि ठुलो लडाञ्जि गर्दा भया. ठुलो लडाञ्जि हुदा नेपालतरफको ठुलो लस्कर गयो र लडाञ्जि गर्दा बल नपुकि हटि त्रिशूलगंगाको साधु पोलि त्रिशूलगंगाको सांध लाई काजि महेश्वर पन्थ काजि जयन्त राना सब लस्कर लि फिन्या.

वहांदेषिन् श्री ५ महाराजा नरभूपाल साहका हजुरमा काजि महेश्वर पन्थले विन्ति गर्दा भया. कस्तो विन्ति भन्या हजुरका काममा बडो चित्त लाई काम गर्दैनन्. काजि भन्याका ता हामि पो हुं र हाम्रो ठाउमा ई काजि हुन आया भनि रिस गरि अडमिल्दो काम मात्रै गर्छन्. ई मगर साथि लि हजुरको काम पनि होला भन्या जस्तो मान्दिन. म पनि जस पाउन्या छैन भनि विन्ति गन्या र विन्ति मञ्जूर पर्दो भयो. वहांदेषिन् ति मगरहरूले विन्ति गन्याको कुरो सुन्या र हामि श्री ५ महाराजको कुभाउदो गर्न्या रह्याछौं भन्या हामि आहा नवसिरहुला भनि तडकि कोहि नेपाल गया कोहि यत्रतत्र लाग्या. वहांदेषिन् तेस्तै तरह भयाको थियो. श्री ५ महाराज नरभूपाल साहलाई स्वप्नामा कोहि कन्या आइ नेपालको भोग तेरा पालामा हुन्याछैन तेरा छोराका पालामा हुन्याछ भनि जादा बहुत फिक्का भइ केहि विक्षिप्तांश जस्तो हुनुभयो. तेस्तो हुदामा २१ पुरश्चरण पुक्याको थियो. वहांदेषिन् श्री नायक पृथ्वीनारायण साहको उपनयनको काल हुदो भयो र हर्ताकर्ता श्री जेठा महारानी हुनुहुन्थ्यो वहां भानु जोसि अर्यालले विन्ति गर्दा भया वहांका पालामा गुरुको षडवड पन्यो तापनि मिश्रज्यूलाई छुटाउन्या होइन भनि विन्ति गर्दा श्री ५ जेठा महारानिबाट श्री गुरुज्यू गौरेश्वर पण्डितलाई कस्ता तरहले बुझाउछौं भनि हुकुम हुदा भानु जोसि अर्यालले विन्ति गर्दा भया हजुरलाई केहि सन्देह नरह्याजावस् हामि बुझाउला भनि एति कैफेत छिकि भित्रिसंच सलतंन वाधि विन्ति गर्दा बुझाउन सक्छौ भन्या बढिया भयो भनि हुकुम भयो र वहांदेषिन् श्री नायक पृथ्वीनारायण साहलाई सिकारको छलले मैधिमा श्री जगन्नाथथानमा चलाउदा भया. तेस्तै बषतमा जुम्लाका श्री महाराज पनि आपना पुत्रसमेत श्री देवी जगन्नाथको दर्शन गर्न जानालाई पालनुभयछ र गोषामा आइपुग्नुहुदा जुमलेश्वर महाराजका शरीरमा गोषाकी हावा लाग्दा केहि स्वभाव फिन्यो र आहा ता अलि बेर बसेपछि

हो भनि बस्नुभयो. जलको प्यास लाग्यो जल मगाइ जलपान गर्नुहुदा मनमा ढेरै हिक्मत बडन गयो र वहांका मनमा विचार पऱ्यो. एक क्षण हावा लाग्दा र एक पटक जल पान गर्दा ता मलाई यस्तो हिक्मत बढ्यो अब दरवारमा पनि जान्या हो भनि दरवारमा पुकि श्री गुरु गोरक्षनाथको दर्शन गर्नुभयो र तस बषतमा इनैका प्रभावले आहा जन्म्याका मानिसको ता कुन ठुलो हिक्मत होला भन्या ठहराइ उहि घडिमा आफ्ना पुत्रलाई तषत षालि गर्नुछैन भनि जुमला पठाउनुभयो र आफु श्री ५ महाराज नरभूपालसित भेट गर्न पाउलाग्नुभयो. श्री ५ नरभूपालसाह महाराजको र श्री जुमलि महाराजको भेट भै क्षेमकुशल वार्ता भैसक्या. पछि श्री जुमलि महाराजा श्री ५ महाराजा नरभूपाल साहसित केहि विस्तार गर्न लाग्नुभयो. आहा तपाञ्जिका डुंगालाई श्री गुरु गोरषनाथ कालिकाको बडो मेहेर रहेछ भन्या जस्तो लाग्यो. तसर्थ जाहांसंम श्री गुरु गोरषनाथ श्री कालिकालाई बडो श्रद्धापूर्वकले गरि जाहांसंम राजकाज गर्नुहोला ताहांसंम तपाञ्जिहरूको दिनदिन प्रताप बढदै जाला भन्या जस्तो लाग्यो. जब श्री गुरु गोरषनाथ श्री कालिकाको अनादर हुन जाला तस बषतमा आफ्ना भाइभैवात अधिदेषिन्का गुरु पुरोहित बुन्याद भरभारादार सब पांच पुरानि आसित पनि श्री ५ महाराज राम साहबाट भयाको निति थिति चलन जावैन. तस्तै बषतमा तपाञ्जिहरूको प्रताप पनि घटन जाला. वैरिको पनि भित्रि हुन जाला भन्या जस्तो लाग्यो भनि विस्तार गरि श्री जुमलि महाराजा श्री जगन्नाथजिको दर्शन गर्नलाई जानुहुदो भयो. वहांदेषिन् श्री ५ महाराज नरभूपाल साहका मनमा यस्तो पऱ्यो एक दिन आयाका जुमलि राजालाई ता यस्तो हिकमत बढ्यो. हामि त श्री गुरु गोरक्षनाथ श्री कालिकाको शरणमा जन्म्यू अहांको अन्न जल षाइ यो उमेर भयो हामिले मनसुवा गर्न छोडन्या होइन. तसर्थ पूर्वतर्फको मनसुवा पुकेन त पनि पश्चिमतर्फ मनसुवा गऱ्या कस्तो हुन्यारहेछ भनि तनहुंकोट्या राजालाइ सतिघाटमा भेटघाट गरूं भनि ताहि पक्कि तनहुंको राजाको मुलुक हात गरौं भन्या मनमा ठहराई सोहिमाफिकको षलतापत्र लेषि तनहुंमा पठाउनुहुदो भयो तनहुंका राजाले पनि भेट गर्नाको मनसुवा चित्तमा नराषि फलाना दिन तहांबाट पनि आउनु हामिले पनि आउनु र सतीघाटमा मुलाकात होला भनि उत्तर लेषि चढाइ पठाया. जुन दिनको तथा थियो उ दिनमा श्री ५ महाराज नरभूपाल साहले थरघर भारादार केहि मानिस लि पाउलाग्नुहुदो भयो. घुलपुर पुकि ताहि राज गर्नुभयो. तनहुंबाट पनि आउनन् र हामि पनि सतीघाटमा बल्हुंला भनि राज गर्नुहुदो भयो. तनहुंबाट आयानन् दिन भन्या चौथो प्रहर हुन लाग्यो. वहांदेषिन् श्री ५ महाराज नरभूपाल साह रिसानि हुनुभयो. र आउछौं भनि अघि हामिलाइ सल्लाह दिनु आज नआउनु. इ त टूलो सेषि भयाका राजा रह्याछन्. इनसंगको क्या दोस्त छ भनि सब भारा पांचलाई लौ हिंड ऐले तनहुंमा जाइ तिनको राज ऐले उडाउं भनि यस्तै तरहसित हुकुम हुन लाग्यो. सब भारा पांचहरूले विन्ति गर्दा भया. आज त बेला पनि गइगयो रात्रि हुन्या बषत हुन लाग्यो. हाम्रो सब लस्कर जम्मा भै आयाका छैनौ. आज दरवार पाउलाग्याजावस्. भोलि सब लस्कर जम्मा भै आफ्नु तयारिसित आउला र तनहुं हात गरौंला भनि एस्ता तरहले विन्ति गर्दा बुझनुभएन. कुन रिसानि हुनुभयो. तिमिलाई जियको ठुलो माया भएका एस्ता काफर. डर लाग्यो ऐले जानुपर्छ लौ हिड भनि डोल्यालाई लौ चला भनि हुकुम हुदा भारादारहरूले आंषाको सान गरिदिया र चलायानन् जब आफ्नै बाहुलिले तरवार चलाइ पिठमा घोचिबक्सनुहुदा रगत पनि आयो. मानिसहरू सबै परपर भया. बहुतै रिसानि भै बाहुलिमा तरवार लिनुभयाको तेस्तो हुदा भरभारादार सबैले सदाशिव पाध्या कंडचाललाई तिमिमा त करुणा पनि ठुलो छ ब्राह्मण पनि हौ विन्ति गर भन्या र सदाशिव पाध्या कंडघाल विन्ति गर्न लाग्या विराना मुलुकमा जानु आफ्नु बल पनि सबै सामेल छैन रात्रि पनि हुन लाग्यो. तसर्थ हजुरबाट बक्स्याको एउटा सितलपाटि छ. नजिकै छ आज ताहि राज गर्नुभया मेरा पनि पितापुत्रको उद्धार होला. भोलि आफ्नु गोलबोल बलियो गरि जाउला. तनहुंका राजालाई चेताउला भनि एस्ता तरहसित विन्ति गर्दा कहां हो तिम्रो घर भनि हुकुम भयो र पाउलाग्नुभयो उस रात्रि सदाशिव पाध्या कंडघालका घरमा राज गर्नुहुदो भयो. भोलिपल्ट गोर्षा दरवारमा पाउलाग्नुभयो. वहांदेषिन् श्री ५ महाराज नरभूपाल साहलाई क्रोध दिग्दारि बढ्दो भयो र आफ्ना गुरु गौरेश्वर पण्डितसित पनि मेरा पालामा एत्तिकै हुन्या रहेछ भनि बडो दिग्दारिसित पुरश्चरण पनि जति भयो भयो अब यत्तिकै रहोस् भनि मर्जि हुदा गुरुज्यू गौरेश्वर पण्डितले पनि वहांको ज्यादा क्रोध बडघाको देख्दा हुवस् भनि पुरश्चरण पनि उत्तिकैमा रहदो भयो. त्यस्तै तरह गोर्षामा भयाको थियो. मैंधिमा श्री नायक पृथ्वीनारायण साहको उपनयन हुदो भयो. श्री गुरुजि हर्क मिश्र हुदा

·40

भया. उपनयनका लग्नमा गायत्रि दिक्षा दुवै मंत्र हुदो भयो. उपनयनको काम सक्यापछि श्री नायक पृथ्वीनारायण साहलाई गोर्षा चलाइ शुभ मुहूर्तमा दरवारमा प्रबेश हुदो भयो. वहांदेषिन् श्री गुरु गौरेश्वर पण्डितले उपनयनका लगनमा गायत्रि दिक्षा एकै चोटि भयाको थाहा पाया र गायत्रि दिक्षा दुइ थोकमा एक थोक नपाया हाम्रो मुष मोसिगयो भन्यापछि हामि एस मुलुकमा नबसौं भनि छोराहरूसमेत भै दरवारमा आइ श्री ५ महाराज नरभूपाल साहसित विन्ति गर्दा भया. कस्तो विन्ति भन्या हजुर वालष हुदामा हजुरलाई गादिको षलवल पर्दा हजुरका मुमाज्यूबाट हुकुम हुदा बहुत तरहले हजुरको जय हुन्या टहल गर्दामा हामिलाइ गुरु भयौ भनि बक्सनुभयाथ्यो. गुरु पदवी पनि पाज्यू. तसर्थ हजुरका जियसंम मात्रै नाता ठहर्न गयो. मेरा छोराहरू पनि छदै थिया गायत्रि दिक्षा या एक थोक मात्रै बक्सनुभया पनि हामि रहदा हौं. दुवै थोकबाट मेटियापछि ता सर्कारको मुलुकमा वसाइ भएन भनि विन्ति गर्दा श्री ५ महाराज नरभूपाल साहबाट दुवै थोक सुनाया कि कसो मलाई थाहा छैन भनि हुकुम भयो र भित्रि बुझ्न पठाउदामा गायत्रि दिक्षा दुवै थोक भयो भनि उत्तर आउदा श्री ५ महाराज नरभूपाल साहबाट कसो गरि बुझाउछौ तब बुझाउ भनि भानु जोसि अर्याललाइ हुकुम हुदा भानु जोसिले भित्र श्री ५ जेठा महारानीका हजुरमा गुरुजि गौरेश्वर पण्डितलाई लग्या र श्री ५ जेठा महारानिबाट श्री नायक पृथ्वीनारायणका भाइहरू पनि छदैछन् वहांका रानी हुनन् तनहरूका गुरु ताहिबाट ताहाका छोराबाट गुरु हुनुहोला. ऐले तेस्तो तर्कोभर्को किन गर्नुपर्छ र भनि तेस्ता तरहसित बुझाइ संझाइ थामनुहुदो भयो, वहांदेषिन केहि वर्ष तेस्तै तरहसित व्यतित हुदो भयो र तस बषतमा श्री नायक पृथ्वीनारायण साहको विवाह गर्न्या हो भनि कन्या हेर्नलाई सर्वत्रमा मानिस गया र मकवानपुरका महाराज हेमकर्ण सेन महाराजका रौत्यालि ठहराई विन्ति गरि पठाया र जहां बढिया छन् वाहि माग्नु भनि पठायाको हो ताहि बढिया ठहरियो भन्या ताहि ठेगाना गर भनि हुकुम भै गयो र हिन्दुपति श्री महाराज हेमकर्ण सेनसित कन्याको कलियो विन्ति गर्दा हिन्दुपति श्री महाराज हेमकर्ण सेनबाट पनि आफनि रौत्यालि बक्सनुभयो र कन्याको ठेगाना भयो भनि विन्ति गरि पठाया र विवाहको सराजाम तयारि गरि भारि लस्कर बरियात तुल्याइ शुभ सायतमा श्री नायक पृथ्वीनारायण साह गोर्षादेषिन् पाउलाग्नुहुदो भयो. वहांदेषिन् मकवानपुरमा पाउलाग्नु भै शुभ लग्नको तजविज गरि ठेगाना दिनको भयो. वहां हिन्दुपति राजाले पनि इ पहाडका राजा हुन् इनलाई तमासा देषाउनुपर्छ भनि बहुतै रङचङ ठाटबाट नानातरहको नाचकीर्तन तयारि गर्याको थियो. वहांदेषिन् विवाहको कर्म हुन लाग्यो र कन्यादानको बषत आयो र हिन्दुपति महाराजले इ पहाडिया राजा हुन् इनलाई छकाउनुपर्छ भनि चन्द्रहार कन्यालाई पहिराइ सामेल गराउनुहुदो भयो. तस जगामा दिप जगाउन परेन. वहांदेषिन् सकल विवाहको काम गरिसक्यापछि मकवानि महाराज हेमकर्ण सेनको र महारानिको वात भएछ. मैत्रा बालष छन् ऐले पठाउन्या हो कि समर्थ भयापछि पठाउन्या हो कि भनि महारानिसित कुरा गर्दा महारानिले गोर्षालि साना राजा भनि हियाइ तिरस्कार गरि बोलनुभएछ. चन्द्रप्रभा गोर्षाका महारानि कहलाएका म जत्तिको जान्या कोहि छैन भन्या सेषि भयाका त्यस्ताको टोकसोमा हाम्रो बालष छोरि कसोगरि पठाउं. जैल्हे चन्द्रप्रभासंग लडन्या भिडन सकन्या हुनिन् उहिले पठाउला भनि महाराजसित महारानिले विन्ति गरिछन् र सोहि कुरा मनुष्यद्वारा श्री नायक पृथ्वीनारायण साहले सुन्नुभएछ र हामिलाइ सानु राजा ठहराइ सम्धिनिलाई बहुत तुच्छ गरि भन्या भनि इ पनि ठुलो सेषि भयाका रहाछन्. भनि आफुसित गयाका भारा पांच प्रीतिपात्र जो थिया उनिहरूसित आफुले सुन्याको वातको सल्लाह हुदामा हामिले पनि इनलाई छकाउन्या हो भनि श्री नायक पृथ्वीनारायण साहबाट ऐल्हे त डोला अन्माइदिया पनि लैजान्या पाठ परेन. इनले ऐल्हे डोला अन्माइदिया पनि नदिन्या पाठ पर्न्या कुरो पार्नुपर्छ भनि हुकुम भयो र अरू भारा पांचहरूले कस्तो कुरो पार्न्या डोला नअन्माउन्या पाठ पर्ला भनि विन्ति गर्दा भया र श्री नायक पृथ्वीनारायण साहबाट हुकुम हुदो भयो. आहा एकदन्ता हात्ति बहुत लक्षणको कस्तो लक्षण भन्या मंगलचौथिका दिन त्यस हात्तिका चारै पाउमा दिपको जस्तो ज्योति बल्याको कसै कसैले देषछन् भन्दा रहाछन् त्यहि ताडिप नवाफले सुनेछ र मागि पठाएछ. उसलाई अर्कै एक दन्ता हात्ति एहि हो भनि पठाइदियाछन्. नवाफले मान्दा पनि नदियाको त्यो हात्ति र इनका दर्वारमा बडो चिज च-द्रहार रहेछ. त्यो चन्द्रहार इ दुइ चिज दाइजामा दिनुपर्छ भनि कर लाइ कुरो थापुं र नि दिन्याछैनन्. नदियापछि हामि तडकि जाउला भनि हुकुम भयो र सबैले बेस हुकुम भयो भनि विन्ति गर्या. एस्तै बषतमा मकवानि महाराज

हेमकर्ण सेन महाराजले श्री नायक पृथ्वीनारायण साहलाई कचहरिमा चलाइ वातचित हुदो भयो.

कचहरिमा जस्तो वात हुन्या हो सो भयापछि महाराजा हेमकर्ण सेनले ऐल्हेता ह्राम्रा मैजा बालषै छन्. १।२ वर्षपछि डोला अन्माइदिउला भनि मर्जि गर्दा श्रीनायक पृथ्वीनारायण साहबाट हुकुम नहुदैमा कालु पांडे र भानु जोसि अर्यालले विन्ति गर्दाभया. हजुरबाट कन्यादान गरि परअङ्ग लगायापछि बालष भनि आपना दर्वारमा राषनु योग्य पनि छैन जुवाञ्जिका गत लगायापछि चन्द्रहार र एक दन्ता हातिसमेत दाइजो बक्सि डोला अन्माइ क्स्योजावस् भनि निन्ति गर्दा महाराज हेमकर्ण सेन रिसाउदा भया. उनको रिसायाको चेहेडा देषि श्रीनायक पृथ्वीनारायण साह पनि कचहरिदेषि उठि डेरामा पाउलागनुहुदो भयो, डेरामा पाउलागनुभयापछि श्रीमहाराज हेमकर्ण सेनले रिसाइ गोर्षालि साना राजा भया पनि बडो सेषि भयाका छोरि दियापछि दाइजामा लाग्छ क्या. कर लाइ दाइजो लिन षोजन्या भनि एस्तै तरहका निन्दित हुन्या वात सुनि श्रीनायक पृथ्वीनारायण साह उहि बषतमा आपना भरभारादार सब लस्कर लि बिदा पनि नभै तडकि गोर्षा पाउलागनुभयो. वहांदेषिन् श्रीमहाराज हेमकर्ण सेनले थांहा पाउनुभयो. र बुझाउन भनि आपना काजि कनकसिङ बानिआ प्रभृति अरू भला मानिसलाई पठाउनुभयो र श्रीनायक पृथ्वीनारायण साहलाई बहुतै तरहसित संझाइ बुझाई बिन्ति गर्दा बुझनुभएन र बुझाउन्या मकवानिका मानिस फिर्या. श्रीनायक पृथ्वीनारायण पाउलागनुहुदो भयो. बाटामा आपना भारा पांचसित हुकुम हुदो भयो. कस्तो हुकुम भयो भन्या अबदेषि इ मकवानिलगायत र चौविसि बाइसिका चेलिवेटि बिबाह गर्नु छैन. क्या अर्थले भन्या आपना रानिको विन्ति गोचर सुन्नैपर्छ. सुन्यापछि नातासम्बन्ध मावलि ससु ालि भयापछि मायामोह हुन्छ. तसर्थ नेपाललगाईत सकल पहाडको मुलुक लिनाको मनसुवा अघि पनि रहेछ. मेरा पनि एहि मनसुवा छ. हिन्दुपति महाराज हेमकर्ण सेनका महारानिले मलाई तुच्छ वचन बोल्याको ता तेरो मनसुवा दृढ गराउनालाई यो रहेछ भनि एस्तै तरहका वातचित हुकुम हुदै गोर्षा आईपुग्नुहुदो भयो. शुभ मुहूर्तमा गोर्षा प्रवेश गर्नु हुदो भयो.

वहां मकवानि राजाका रानिले आफुलाई तुच्छ वचन गर्याको सकल बिस्तार आपना श्री ५ जेठा युमाका हजुरमा विन्ति गर्नु हुदो भयो. श्री नायक पृथ्वीनारायण साहबाट विस्तार श्रवण गरायापछि श्री ५ जेठा महाजारानिबाट फेरि विवाह नगरि भएन गर्नैपर्यो भाहां पहाडमा चौविसि बाईसि राजाहरूका कन्या पनि मगाइ भएन. मधेस्या राजपूतकि छोरि जांचबुझ गरि ठहराई गर्नुपर्छ भनि भानु जोति अर्याललाइ षटाई षर्चवर्च बक्सि पठाउनुहुदो भयो. बिदा भै भानु जोसि अर्याल मधेश जादा भया. तहांदेषिन् गुरुजि गोरेश्वर पण्डित अतिवृद्ध हुनुभयाको थियो. श्रीकाशीवास गर्न जानालाइ भनि विदा हुन आवनुभयो, र आपना ब्राह्मणि कान्छीतरफका छोराहेरूको अंश भयापछि जन्म्याको हुनाले एस छोराको अंश छैन भनि विन्ति गर्दा ईनको पालना हामि गरौंला. इनको फिक्कि मान्नु पर्दैन भनि हुकुम भई नौविस माटो संकल्प गरि रामाराम पण्डितलाइ उहि बषतमा बिर्ता बक्सि गुरुजि गोरेश्वर पण्डितलाई षर्चबर्च बक्सि बिदा बक्सनुभयो. बिदा भै श्रीकाशीबास गर्नानिमित्त गुरुजि गोरेश्वर पण्डित जानुहुदो भयो. श्री ५ नरभूपाल साहलाई पनि विज्ञिप्तांशको व्यथा प्रतिदिन बढ्दै आउदो भयो र त्यस्तो देषतामा श्री ५ जेठा माहारानि मुमासित श्रीनायक पृथ्वीनारायण साहको बातचित हुदो भयो. अघि श्री ५ महाराज राम साहलाइ र श्रीगुरुजि नन्दा मिश्रलाई श्रीदेवताबाट गुरुशिष्य नाता बाधिदियाको हुनाले मिश्रज्यूलाइ गुरु तुल्याउन छुटाउन हुन्या रहेनछ. भनि मर्जि गर्नुहुदो भयो वहांदेषिन् भानु जोति डोला लिन गयाका श्रीकाशिमा पुग्याछन् र मधेशको केहि रितभांत केहि नबुझ्याको हुनाले कस्ता तरहले ठेगाना गर्न्याहो भनि चित्तमा लाग्याको रहेछ तस्ता बषतमा जयमंगल पण्डितसित भेट भएछ र जयमंगल पण्डितले क्यानिमित्त आउनुभयो जोसिजि भनि सोधदा भानु जोसिले डोला लिन आयाको हुं यहांको रितभात नबुझिसकदा डोलाको षदमि भयाको छैन भनि भन्या र मधेशमा कैले नआउन्यालाइ त कठिनै हुन्छ. यहां ढेरै रहन्या बसन्यालाइ र सहजै छ भनि जयमंगल पण्डितले भन्दा भानु जोसिले तपाञ्जिले डोलाको ठेगाना गरिदिनुहुधस् तब भन्या र उसो भया २।४ दिन सुस्ताउनुहुवस् म ठेगाना गरूंला भनि जयमंगल पण्डित बाबु अहिमानसिंह रजपुतसित दोस्त पनि रहेछ. उनैसित गया र गोर्षाका राजाले मधेशका रजपुतका छोरि विवाह गर्नालाइ डोला लिन पठाउनुभएछ र मानिस आयाका रह्याछन्. तिनिहेरूले मलाइ डोलाको तजविज गरिदेऊ भन्या र आहासित म आयाको हुं तजविज गरिदियाजाबस् भनी भन्या र बाबु अहिमानसिंहले

गोर्षाका कस्ता रजपुत हुन कुन वंश हो भनि सोद्धा जय-मंगल पण्डितले राणा रजपुत सूर्यवंशी हुन् भनि सकल विस्तार जव सुनाया वहांदेषिन् मेरै वेटि छन् मै दिन्छु भनि बाबु अहिमानसिंहले भन्या र सोहि कुरो लि जयमंगल पण्डित भानु जोसिसित आया र डोलाको त म ठेगाना गरुंला मेरो क्या काम हुन्छ. एउटा कुरो तपाञ्जिले भन्नु हवस् र डोलाको काम छिनुला भनि भन्या र भानु जोसिले डोलाको ठेगाना गर्नु भयो भन्या वाहिको कुरो विन्ति गरि गुरु हुन्या निकाशा गरुंला भनि कबल गर्दा भया र डोला को ठेगाना गर्यैको थियो. भानु जोसिममेतलाइ लि गई बाबु अहिमानसिंहसित मुकाबिला गराइ डोलाको ठेगाना गराउ-दाभया. तिनै जयमङ्गल पण्डितले श्रीकाशीमा अवस्तिज्यू सिद्धको सेवासुश्रूषा ढेरै गर्याको पनि रहेछ. ति कस्ता अव-स्तिज्यू भन्या शापानुग्रहको समर्थ भयाका रह्याछन्. तिनको विस्तार पनि श्रीनायक पृथ्वीनारायण साहका हजुरमा विन्ति गरौंला मुलुक मार्नाको पनि ईरादा छ. एस्तो विचार गरि जयमङ्गल पण्डित डोलाका साथमा आयाछन्. शुभ मुहूर्तमा काशीदेषिन् डोला चलाई गोर्षा ल्याइपुन्या-उदा भया. वहांदेषिन् भानु जोसि अर्याल श्रीनायक पृथ्वी-नारायण साहका मुमा श्री जेठा माहारानिका हजुरमा गई आशिरवाद चढाइ डोला लिन गयाको सकल विस्तार गर्या र श्रीसरकारवाट डोला लिन जान त मै गयाथ्यां. ठेगाना त जयमङ्गल पण्डितबाट भयो. डोलाको ठेगाना गर्या. मलाई क्या कुरो होला भनि जयमङ्गल पण्डितले भन्दा र मैले डोलाको ठेगाना गर्यौ भने श्रीसरकारमा विन्ति गरि गुरु तुल्याउला भनि कबोल गर्या र जयम-ङ्गल पण्डितले डोलाको ठेगाना गरि डोलैका साथ लागि आयाका छन् भनि विन्ति गर्दा पण्डितलाई डाक भनि हुकुम भयो र वातचित हुदो भयो. बहांदेषिन् श्रीनायक पृथ्वीना-रायण साहबाट तिमिलाई बिन्ति गरि गुरु तुल्याउला भनि भानु जोसि अर्यालले भन्याका रह्याछन् श्रीमहाराजनिका गुरु होउला भनि हुकुम भयो र जयमङ्गल पण्डितले नरि-वल चढाई आशीरवाद विन्ति गर्दा भया. वहांदेषिन् गुरु गोरेश्वर पण्डितका छोरा राजीवलोचन पण्डित जगन्निवास पण्डित यज्ञेश्वर पण्डित चन्द्रचूड पण्डित इनिहेरूले थाहा पायेछन् र श्रीनायक पृथ्वीनारायण साहका हजुरमा आइ बडाको मुषारविन्दबाट जमान वैढाउदै वैढाउदैन वैढायापछि टर्दैन. अघि हजुरबाट मेरा रानिको भाइहेरूको गुरु होउला भनि हुकुम भयोथ्यो. आज श्रीमाहारानिका गुरु हुनालाइ ता जयमङ्गल पण्डितलाई षदम भयो भन्या सुन्यू र कसो हो भनि आज्यू भनि विन्ति गर्दा भया र श्रीनायक पृथ्वी-नारायण साहबाट मेरा दुइ रानि छन् ज्येठा रानिको र भाईहेरूको गुरु तिमिहेरू हौला. ऐल्हे आयाको डोला भन्या जयमङ्गल पण्डितलाइ गुरु होउ भनिदिया. राजा भैकन सवैलाइ राषनुपर्छ. काम पनि मैले ढेरै गर्नुपर्याछ. तसर्थ मानिस नभै काम हुदैन भनि हुकुम भइ यस्तै तरहले बुझा-उदा संझाउदा बुझदा भया. वाहांदेषिन् जयमङ्गल पण्डितले सिद्ध अवस्तिज्यूको सब विस्तार विन्ति गर्दा भया. कस्तो भन्या सिद्ध अवस्तिज्यू भन्याका श्रीकाशीमा रह्याका छन् भन्या. ति प्रसन्न भइ आशीर्वाद दिया भन्या जस्तो आशी-र्वाद दिया व्यर्थ हुदो रहेनछ. भनि विन्ति गर्दामा श्रीनायक पृथ्वीनारायण साहलाइ श्रीगङ्गास्नान श्रीविश्वेश्वरको दर्शन गर्न जानलाई मनसुवा रहेछ. त्यस्तो सुन्दा ता श्री-काशी जानालाइ झन् चित्त दृढ हुदो भयो. बाहांदेषिन् शुभ लग्नमा सकल मंगलोत्सव यज्ञादि गरि विवाह हुदो भयो. वाहांदेषिन् आफ्ना भाइहेरूलाइ पनि मधेशैका रजपुतका छोरि झिकाइ विवाह गर्नुभर्ला भनि हुकुम भइ आफ्ना ससुरा अहिमानसिंह बाबुलाई हाम्रा भाइहेरूलाइ पनि तपा-ञ्जिका भाइविरादरका कन्या ठेगाना गरिदिनुहोला भनि हुकुम भयो र म ठेगाना गरौंला भनि विन्ति गरि बिदा भै बाबु अहिमानसिंह मधेश जादा गया. वहांदेषिन् श्री ५ महाराज नरभूपाल साहलाई विक्षिप्तांश बढयाकै थियो. तेस्तै बषतमा आफ्ना भाइ गोतियामाका मैजा केहि एक वातको लेह पर्दामा वायु हुदा भया. राजकाज त्यस्तै तरह-सित चलदै थियो. केहि एक दिनमा भानु जोसि अर्यालले श्रीनायक पृथ्वीनारायण साहका हजूरमा केहि विन्ति गर्दा भया. कस्तो भन्या बडा आदमि सत्पुरुष सिंह ईनको एकै लक्षण हुन्छ. बडा आदमि सत्पुरुष सिंहले एक वषतको दाउ बिरियो भनि मन हटाउनु. हुंदैन. जहांसम आफ्नु यो देह कुशल रहिज्याल बडा आदमि सत्पुरुष सिंह तनले कदा-चित पनि मनसुवा गर्न छाड्दैनन्. सत्पुरुष सिंह इ दुई आफ्नै पुरुषार्थले गरि जीवनवृति गर्दैछन्. काफर बालष स्त्रीजाति ई औरैका पुरूषार्थले जीवन गर्छन्. तसर्थ राजा भै मनसुवा कदाचित् कम नगर्नु हजुरका बुबाज्यूबाट तपस्या लडाञ्जि ढेरै मनसुवा गर्नु भएथ्यो. मुलुक आजुला भदि मनसुवा हुदाभा हवजदीन भैगयो आफ्नु मन सुवा नपुग्दामा मनलाई सबुरि राषन कठिन पर्दो रहेछ. हजुरका बुबालाई नेपालको मन सुवा आफ्ना पालामा

साध्य नदेषता ताहां एस्तो विक्षिप्त होईजानुभयो. अघि हजुरका बुबालाइ ५।७ पुरश्चरण होइन्ज्यालसंम वहांको पुरा षादामा कुष्ठरोग पनि निको हुन लाग्यो. वहांका शिरमा पैन्याको पुष्प प्रसाद शिरशूल हुन्या मानिसले लाउदा शिरशूल पनि निको हुन लाग्याको यो वहांसंमको लक्षण भयाको थियो. आफ्नु मनसुवा नपुग्दामा आजकाल यस्तो डबल हुदो भयो भनि एस्तै तरहका ढेरै विन्ति गर्दा भया. त्यस्तै तरहले रहन्न विक्षिप्तांशले ऋन जेरवार गर्दै आउदो भयो. एउटा केटालाई मात्रै साथमा लि वनवनमा मात्रै डुलन लाग्नुभयो. मानिससितको कचहरि बसउठ पनि छुटिजादो भयो. जिउनारमा पनि कान्छा साहेब पृथ्वीपाल साहबाट चलाया मात्रै जिउनार हुन लाग्यो र एस्तो त्रह भयापछि राजकाज कसोगरि चल्ला भनि भाइछोराप्रभृति थरघर भारा पांच आफु आफुमा बात गर्न लाग्या. वहां-देषिन र भाइछोरा थरघर भारा पांचमा पनि मतो मिलदो भएन कस्तो भन्या कोहि भन्न लाग्या विक्षिप्तांश भया पनि श्री ५ महाराज नरभूपाल साह छदैमा विक्षिप्त कस्तै भया पनि आहिलाई मानि जस्ता तरहले हुन्छ राजकाज निमिटा-उनैपर्छ भनि भन्न लाग्या. कोहि भन्या वहां विक्षिप्त भया-पछि श्री नायक पृथ्वीनारायण साह राजकाज गर्नलाई अर्धसामर्थ हुनुभयाको छ. गादिमा राषनुपर्छ भनि भन्न लाग्या र एस्तो हुदा मतो नमिलि तिनपट्टि हुदा भया. श्री ५ महाराज नरभूपाल साहपट्टि लागन्या जहांगिर साह दल साह शान्तरूप साह भूपतीन्द्र साह एति भया. श्री नायक पृथ्वीनारायण साहपट्टि भाइभैवातमा १।२ जना र काजि महेश्वर पन्थप्रभृति २।४ जना भया. कतैपट्टि नलागि मध्यस्थै भैरहन्या पाण्डे सबै मैदानि पन्थ सबै कडरिया एति भया. वहांदेषिन् श्री ५ महाराज नरभूपाल साहलाइ लि जहांगिर साहप्रभृति मद्दतका भाइहरूले एसो ता कसो गरि होला श्री ५ महाराज नरभूपाल साह छदैमा श्री नायक पृथ्वीनारायण साहलाई गादि कसोगरि होला भनि श्री ५ महाराज नरभूपाल साहलाई लिकन अडिदा भया. एस्तै तरहको षलवल पर्दा श्री ५ महाराजलाई लिन अडिया भन्या त कठिन पऱ्यो भनि श्री ५ जेठा महारानिबाट भानु जोसि अर्याललाई डाकि हुकुम हुदो भयो. कस्तो भन्या भाइभैवातहरूले श्री ५ महाराजलाई लि अडिया अब श्री ५ महाराजलाई ल्याउन्या पाठ कसोगरि होला भनि हुकुम हुदा भानु जोसिले विन्ति गर्दा भया. श्री ५ महाराजासित सदा-सर्वदा रहन्या पियारो केटो तेसैलाई डाकि वरपर देषाइ हप्काइ दप्काई तेस केटालाई हात गरि श्री ५ महाराजलाई आहा चला भनि हुकुम हवस् र तेसैले चलाउला भनि विन्ति गर्दा भया र सो पाठसित तेस केटालाई डाकि श्री ५ जेठा महारानिबाट सोहि पाठसित हुकुम हुदा तेस केटाले जहांगिर साहहरू अलमलियाको वेला पारि उनीहरूलाई थाहा नदि श्री ५ महाराज नरभूपाल साहलाई चलाइ दर्बार ल्यायो र वहांदेषिन् जहांगिर साहहरूले वाहिका लागि हामिले तेति गऱ्याको हो. वहांलाई तेसै निको लाग्छ भन्या बढियै हो हामि मात्रै अर्ध्याला ठहर्न गऱ्यू त हामि नबसिरहुला भनि तर्कोभर्को गरि गोर्षा छाडि जादा भया.

वहांदेषिन् श्री ५ जेठा महारानिबाट सकल राजकाज चौतरिया काजिबाट हुन्या कामसमेत हुदो भयो र चौतारा-महारानि भनि कहलाउनुहुदो भयो. तस्तै बषतमा चौतारा-महारानिबाट मित्यारि लाया पनि गति काटिन्छन् भन्छन् तसर्थ मित्यारि लाउन्या हो भनि हुकुम भं २।४ जना जान्या थरथोकलाई षटाई भातगाउका श्री राजा रणजित् मल्ल-सित पठाई श्री ५ महाराज नरभूपाल साहको र राजा रणजित् मल्लको पगडि बदलाबदल गरि मित्यारि हुदो भयो, तेहि हमेलामा श्री नायक पृथ्वीनारायण साहको र काठमाडौंका राजा श्री जयप्रकास मल्लसितको पनि तेहि क्रमले पगडि बदलाबदल गरि मित्यारि हुदो भयो. वहांदेषिन् श्री नायक पृथ्वीनारायण साहले आफ्ना जेठा मुमा श्री ५ चौतारामहारानिका हजुरमा गइ केहि विन्ति गर्नुहुदो भयो. कस्तो भन्या गादिमा मालिक श्री ५ महाराज बुबाज्यू हुनु-हुदैमा मपट्टि लागन्या इ उपछ्या हुन. श्री ५ बुबाज्यूपट्टि लागन्या ति मानिस गादिको सोझो गर्न्या हुन्. गादिका मालिक हुदाहुदैमा सलाई गादिमा राषन षोजन्या म छदै मेरा छोरालाई पनि राषन षोजनन्. तसर्थ थिति बिगार्न्या बडा उपछ्या भन्याका इनै हुन् जसले बिगार्छ उसलाई सजाय गर्नैपर्छ. जो सोझो हुन्छ उसलाई स्यावासि नगरि हुदैन त जहांगिर साहप्रभृति भाइभैवातलाइ बुझाइ संझाइ झिकायाजावस् जो मपट्टि लाग्याकालाई सजा गऱ्याजावस् भनि विन्ति गर्नुहुदा जो तिमिले भन्यौ यथायोग्यै भन्यौ. हडबड गरि हुदैन २।४ मैन्हापछि झिकाउन्यालाइ झिकाउन्या पाठ गर्नुपर्ला सजाय गर्न्यालाई सजाय गर्नुपर्ला भनि हुकुम हुदो भयो. तेस्तै भैरह्याको थियो. श्री ५ चौतारामहारानि-

बाट राजकाज सकल हुन्थ्यो. तेस्मा सकल हालिमोहालि केसौ द्वाऱ्या थियो. जो विन्ति गर्थ्यो सो मञ्जूर पर्थ्यो. तस्तै बषतमा श्री नायक पृथ्वीनारायण साह दरौदिमा पौंहि षेल्न पाउलाग्नुभएछ र पौंहि षेलिसक्यापछि उषु ज्युनार गर्दाको मनसुवा भएछ र मानिसहरूलाई उषु कहां छन् ल्याउ भनि हुकुम हुदा मानिसहरूले षोजन जादा कतै पायानछन् केसौ द्वाऱ्याका डिहिमा मात्रै रह्याछन्. त्यो भन्या साम्धिवा छ भनि विन्ति गऱ्याछन् र आफैसुद्धा पाउलाग्नुभै उषु जिउनार भयो. वहांदेषिन् डिहाऱ्याले केसौ द्वाऱ्यासित समाचार सुनायेछ र केसौ द्वाऱ्याले श्री ५ चौतारामहारानिका हजुरमा विन्ति गर्दा श्री नायक पृथ्वीनारायण साहलाई रैयत प्रजा आपना लालवाल इनका हिंडि बाडिमा किन हातपात गऱ्यौ एसो गर्नु छैन भनि रिसानि हुदा श्री नायक पृथ्वीनारायण साहबाट १०।८ ढाक उषु षादामा एति कुरा पनि विन्ति गर्न आउन्या यो बडो छुस्कर रहेछ भनि रिसानि हुनुहुदो भयो. सकल मुलुकको हालिमुहालि भयाको हुनाले वहांको मनवारि केहि पुकन नदिन्या जस्तो हुदा त एसलाई राषन्या होइन भनि निश्चय गरि केसौ द्वाऱ्यालाई बिगार्नु हुदो भयो. केसौ द्वाऱ्या बिऱ्यापछि श्री नायक पृथ्वीनारायण साहले आपना जेठा मुमा श्री ५ चौतारामहारानिसित विन्ति गरि आपना भाइभैवात जहांगिर साहप्रभृति भाइहरू थरथोक ग्याङमिबाहेक सब मगर झिकाउनुहुदो भयो. आफुपाट्टि लाग्याका भाइभैवातलाई पनि मुमाका हजुरमा विन्ति गरि कोहिलाई तिमिलाई मान नाहि मानु मात्रै षाइ बस भनि हुकुम हुदो भयो. कोहिलाई विदेश भयो. महेश्वर पन्थलाई पनि विदेश गराउनुहुदो भयो. वहांदे षन् श्री ५ महाराज नरभूपाल साहलाई विराम वढ्दै आयो र गण्डिको बुङकोट घाटमा जलाश्रय चलाउदा भया. दानपुण्य गरि २६ वर्ष राज्य भोग गरि परमधाम हुनुहुदो भयो. एउटा केटोले पनि स्त्रीको स्वामि सेवकको षामिद भन्याका प्राणका मालिक हुन् भनि प्राण त्याग गऱ्यो.

वहांदेषिन्.....

सल्याना रानाग्रामस्थित सिद्ध श्री भगवन्त नाथजीलाई काष्ठमण्डप राजराधानीबाट श्री ५ महाराजाधिराज पृथ्वीनारायण शाहले लेखेको पत्र ।

श्री गोरक्षनाथ

१

स्वस्ति श्री परमहंसपरिव्राजकसकलचक्राधीश्वर श्री मन्महाराजाधीश्वर श्रीश्रीश्रीश्रीश्रीश्री मद्भगवन्तनाथदेवदेवेषु सदा समरविजयिषु.

स्वस्ति श्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावलि विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्रीश्रीश्री महाराजे पृथ्वीनारायण साहबहादूर संसेरजंगदेवानां सदा समरविजयिनाम् साष्टांगदण्डवत् प्रणामपूर्वकपत्रमिदम्.

यहां कुशल. ताहां चरणारविन्दक्षेमकुशलनै हमारो उद्धार होला. आगे यहांको समाचार भलो छ. उप्रान्त कृपापत्रसमेत शशिधर उपाध्याय आइपुग्या. पत्रार्थ मुहजमानी विधि विस्तार विनती गऱ्या. सुन्यौ. नाति पैदा भयो भन्दा सुन्यौ र बहुतै हर्ष भयो....१... श्री गोरक्षनाथका कृपासै सदा बडती होला भनि हुकुम आयेछ. गर्न्या गराउन्या भन्याका...१... श्री नाथ छन्. उनैका कृपाले जन्म भयोथ्यो. उनैका इच्छाले लिनुभयो. यो संसार भन्याको यस्तै छ. इच्छा...१... श्री नाथजीको छ. परन्तु आपना पावले आशीर्वाद बक्स्या अरू जन्मदा पनि जन्मनन्. जन्म्याका पनि चिरञ्जीवी हुनन्. आशीर्वाद बक्स्याजावस्.

उप्रान्त जुमला जाजरकोटसंग घा गर्न्या मिठास बहुत राखन्या भनि हुकुम आयेछ. बढिया येक जोल्या मानिस हाम्रा यताबाट जुमला गयाका थिया. वहांबाट पनि महतारा १ बुढाथोकि १ द्वि जना जुमलिया यहां आईरह्याछन्. गोर्खा जुमलाको एकत्व गरौं. भला मानिस लिन आऱ्यूं भन्न आया र यहांबाट पनि महेश्वर पन्थको छोरो वीरभद्र पन्थसमेत जना आठ दश मानिस जुमला जान्छन्. तैयार भै रह्याछन्. तेहि बाटो पठाउं भन्दा चौविसिले मुख्य मानिस पनि जान देवैनन्. मानिस जान दिया पनि सौगात त्यो बाटो जान देवैनन् भन्नानिमित्त हाम्रै उहि भोटको बाटो गरि जान्छन्. आपना मानिस पनि ताहांबाट जुमला पठाउन्या. जुमला जाजरकोटसंग हाम्रो बनाईवक्सन्या. बाकि शल्याना जाजरकोटलाई पनि यहांबाट मानिस आउछन् प्यूठाना पनि भला मानिस आउछन्.

उप्रान्त किरातका काजलाई तरवार हुकुम बक्सी पठाया गयेथ्यो. किरातको अम्बल मदेश पहाड भोट जति थियो आपना आशीर्वादले सबै फत्य भयो. मध्येसमहां

कनकाई नदी पहाडमहां सामाखोलो तमोरनदीको सांध लाग्यो. मानिस काट्न पाइयेनन् भाग्यो कति मोगलानितिर गयो. कति सुखिमतिर गयो. अरु क्वार जंगलमाहां जना ८५ वेसि काटिया. बाकी सुखिमसंग हाम्रो घा हुन लागिरहेछ. घा वन्याहेखि किरातबाट भागी जान्याकन पकरेर हामिलाई सौंपीदिन्याछ. घा नवन्या अब हामीले सुखिमसंग लडनुपर्न्याछ. सुखिम आइजाला. आपना आशीर्वादले कत्तल गरौंला.

उप्रान्त अब मैले दांग जान्या हो कि शल्याना वसन्या हो भनि हुकुम आयेछ. हाम्रो बुझ्याको त शल्यानामहां थोरो यादर हुन्या भया दांगमहां ढेरै यादर हुन्या भया पनि शल्यानैमाहां वसन्या हो. शल्यानाले कत्ति याद नगऱ्या त क्या गर्नुहोला. आदर नगर्न्या भया छाड्नैपर्ला बाकि मण्डलसित हिजैदेखि हामिले आफ्ना पावमहां चढायाकै छ.

उप्रान्त हाम्रा विश्वामित्र उपाध्याय गंगानन्द आचार्य सुखिम गयाका छन्. बृहस्पति पण्डित पुरौंनया गयाका छन्. किरीटमाली पटना गयाका छन्. वैकुण्ठ उपाध्याय नवाब सुजाउद्दौलाछेउ गयाका छन्. येति ठाउं मानिस वस्यैका छन्. दीनानाथ उपाध्याय कलकत्ताकन गैरह्याछन्. अलीक दिनमहां पुगनन्. वांकि लासा पनि भीमगिरिको सिक्ष्ये राजगिरि जान्छन्. इनको कोठी काशीमाहां पनि छ. आहा पनि घरखेत कोठि छ.

उप्रान्त लमजुंगसित पनि हाम्रो ललोपोतो छदैछ. विश्वेश्वर उपाध्याय र सिवा घिमिऱ्या वस्याका छन्. कास्कीसंग पनि ललोपोतो छदैछ. हाम्रो वीरभद्र थापा कास्की वस्याको छ. कास्कीका जना द्वि वामन यहां वस्याका छन्. अरु चौविसिसंग त हाम्रो जस्तो छ. आफ्ना पांवमहां मालुमै छ. भरिसक्य हामिलाई हान्नै खोजछन्. उनको पुग्दैन र खुमचीरह्याछन्. विस्तार शशिधर विनति गर्नन्. विज्ञेषु किमधिकमिति भाद्रपद शुदि ६ रोज ६ मुकाम काठमाण्डु शुभम् (वि. सं. १८३१)

—०—

(पूर्वपत्रतुल्य जीर्ण खण्डित प्राप्त)

स्वस्ति श्री परमहंसपरिव्राजकसकलचक्रचक्राधीश्वर श्रीश्रीश्रीश्रीश्रीश्री मद्भगवन्तनाथदेवदेवेषु सदा समरविजयिषु. लि.....

स्वस्ति श्री गिरिरजिचक्रचूडामणि नरनारायणेत्यादि बिविधविरुदावलि विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्रीश्रीश्री महाराजे पृथ्वीनारायण साहबहादुर ससैन्य जंगदेवानां सदा समरविजयिनां साष्टांगदण्डवत्प्रणामपूर्वक पत्रमिदम्.

आहांबाट एक जना जेठाबुढा र थरघरसमेत कान्छु पांडेकन पठाउंछौं आउंछ. आफ्नु कृपा भया जुमलासंग बनला. उप्रान्त दसइपछि आफ्ना मानिस आइपुग्याथ्या. तसै विचमाहां विदा गरौं भनि तयार भयथ्यौं. मलाई विसञ्च भयो र ढील भयो. पछि मलाई संच भयो र विदा गरौं भन्दा लमजुंग तनहुले घाटबाट सबै बन्द गरि छेक्या र मुषो पनि छिरन दियेनन्. अरु घाट बन्दै गरिराख्याछन्. तसो हुनाले आफ्ना मानिसकन ढील भयो.

उप्रान्त पूर्वका काजलाई आशीर्वाद बक्सीपठाया गयेथ्यो. आशीर्वाद शिर चढाईकन किरातको काज गऱ्याथ्यौं. आफ्ना आशीर्वादले अरुण सांध लाग्यो. हजार एक वैरि काटियो. सये चार वैरि नदीमहां वगी मऱ्यो. सय चौध जहानबच्चा पकडिया. वल्लो किरात फते भयो. किरात फते भयाको पगडि एक चढाई पठायाको पहुचला,

उप्रान्त पर्वतले कास्कीको कटचां भन्याको हाम्रो जना ४० पर्वत्या काटियाछन्. जना ३२ कस्क्याली काटियाछन्. पाण्डुरमहां पर्बतले ठाना दीराखेछ. पाण्डुर फुटचाको छैन. बांकी लमजुंगले एक मुखले मुग्जा हाम्र गयेछ. एक मुखले कास्कीको थाक हाम्र गयेछ. लमजुंगले घरकायेछ र कस्क्याली नरेश..... साहसमेत जना ७ कस्क्याली काटियाछन्. जना ६।७ लमजुंगिया काटियाछन्. बाकी कास्कीमाथि लडाई लागेइको छ. कास्कीको गुहारकन हाम्रा काजी चौतारा फौजसमेत गोर्खा पुगीरह्याछन्. मंशिरका दिन ४ जांदा रागिनासतिरको काज गर्छौं. (इत्यादि अपूर्ण)

(यी दुइ पत्र सल्याना रानाग्राम दांग शिरग्राम शिव भगवन्तनाथमठका महन्त योगी पुष्करनाथजीका सौजन्यले प्राप्त) ।

गोरखाधीश श्री रणबहादुर शाहलाई कुमाउंका राजा श्री मोहनचन्द्रले लेखी दिएको धर्मपत्र ।

श्रीलक्ष्मीनारायण–श्रीबँदरीनाथ–श्रीकेदारनाथ–श्रीकालिका–श्रीपूर्णपीठदेवताः

श्रीनाथाङ्घ्रिसरोजैकभक्तकूर्माद्रिभूपतेः ।
श्रीमन्मोहनचन्द्रस्य मुदा भाति जगन्मुदे ।

श्री मन्महाराजाधिराज श्री मोहनचन्द्रदेवैः श्री मन्महाराजे रणबहादुरशाह श्री बहादूरशंसेरजंगदेवेभ्यो धर्मपत्रं संलिख्य दत्तम्—

गोरक्षधीशमस्मन्मित्रमस्मन्मित्रं च गोरक्षाधीशमित्रं गोरक्षाधीशशत्रुः कूर्माचलाधीशशत्रुः कूर्माचलाधीशशत्रुश्च गोरक्षाधीशशत्रुर्गोरक्षाधीशहितचिन्तनेऽस्माभिरास्थेयमस्म — द्धितचिन्तने तैरिति व्यवस्थितसमयो निर्वाह्यः श्री मदुभा— भ्यामेतद्विषये च लिखितदेवताः साक्षिण्यः कृताः कृतसमय— विपर्ययकारिणश्चैता... अनिष्टकारिण्यः स्युस्तद्रक्षितुश्च धर्माभीष्टवृद्धिकारिण्य इति ।

अंकाकार्शषिभूमी (१७०९) परिमितशके कालयुक्ताख्यवर्षे
मासे माघाभिधाने गणपतितिथौ शुक्लपक्षेब्जवारे ।
श्री गोरक्षेशकूर्माचलनरपयोः सन्धिदार्ढ्यैकबीज
पत्रं सत्यप्रतिज्ञं प्रलिखितमदः पञ्चदेवाभिपुष्टम् ।

ऐतिहासिक पत्रस्तम्भ

नं. ८

चुनीसिले दौनी साहेवको मुन्सी ललकसींलाइ चिठी लेषी पठायाकाको नक्कल ... ...

स्वस्ति श्रीसर्वोपमाजोग्य मुनसि ललकसिं लालाके ली. चुनारायकै सलाम षुसी राउर चाही आगे सुन्नेमै आइछहै जे साहेब गढीकैइटी उजारतहै तेहि बास्ते राउरा समकै लिषलहै जेरोरे सभ कारिंदा होइ साहेवके समुझाइदेइ गढि उनके लीलाम नहि भइलबाट गांव तप्पा उहिके जंगल गुरदी भइलबाट गढी हमारा पुरनी आनके कीर्ती हये से उन्हसे कोछु वास्ता नही है गडि हमारा है बहुत बडे बडे साहेव सुव्वा होये गईले केहु नही किर्ति मंग कई सकले अब कीर्ति मंग करतहै से मुनासिव नहीहै समुझाइदेई नहितो अछा नहि होइ नही मानीहै तो फौजदारी होई लीकलानसे बुझव मिति आषाढ बदी १४ रोज सन १२४६ साल ... ...

नं. ८५

श्री ५ सर्कार

अर्जि... ... ...

उप्रांत अर्जि आगे चढाईथी सो.....१.....मां मुजरी होगी अब पर्चा अनंदीरामका आयाथा सो भी चढायाहैं. १...मां गुजरेगा परंतु ४ महीनेसे दसींदमयान भई सो उम्मेदवार हुं कि १ बार मुषतारजू तथा मुनसी काशीनाथ प्रतहु कम होवे कि मुझें रसीद भेजते रहै मै चाकर कदीम निस्सताय हूँ पर्वर्श मेरी होवे अहवाल ताजा ये है कि श्रीलाट साहव फौज इकठी करे व्यास नदीपर बडेहै मंजूरहै सीषोंकी भारी फौज दूर कराकर १० त १५ हजार अपनी फौज नबीन भर्ती वहा रषनी षर्चलेना मुलकका बंदोवस्त अपने हाथ रषना घरू कां मलहनासिसे लेना ओर जो नमाने तो जवरदस्ती करके सर्व मुलुक जप्त कर्ना षर्च मूजिव नगदी देनी अहदनामा नया कर्ना सिषोंको हल जोता रषना सो इह बर्बादी केवल फूटसे हुइ और होती चली जातीहै गवर्नर आगरेके अजमेरसे ईंदौर गये दिल्लीके बडे साहब कोटकासममै पहुचेहै दौरा आवेगे ईस्मट साहेवको जालंधर हांसी दिल्ली होडल आगरे पांचो जगाकी पर्मटका काम हुवा जहा फूट नहीहै वहा अंगरेज बहादुर्का दषल नही जहा फूट दंगाहै वहांके मालक है रहस्य येहै संवत् १९०३ मिति पौष वदी १२ रोज ३ मु. दिल्ली शुभम्.....

सेवक ज्वालानाथ चिम्मनलालका कोटि २ कोर्निश ३

नं. ११०

श्री १०८ भगवत्

२

श्रीमत् राजकुमार कुमारात्मज श्री श्री श्री प्राईम्मिनिष्टर यान कम्याण्डर ईन चीफ जणरल जङ्गबहादुर कंवर राणाजी

१

स्वस्ति श्रीसर्वोपमायोग्ये त्यादि कददीत राजभारोद्धार-णसामर्थ्य श्रीश्रीश्री काजि हेमदल थापा बहादुरके ज्वाला-

नाथ चिम्मनलालका सलाम जाहिर होय उभयो कुशलं च उप्रांत श्रीआपका पत्रि भादौ बदि ६ रोज १ का लिष्या श्रीहजारी मल जौहरीके नामपर २ चिठीके जुबाब ले आया उस्ने आफ्नै मेरी दोनो चिठीका भी जुबाब लिषा कि अर्जि दोनो.....१ — मो गुजारदियाहै ५०० रुपया तलबका बाकी है उन्का भी अर्ज कर्दीनाहै दो महीन्हेको अर्सेमे निकासी होवे जदि भेजदेगे तथा सलामसे भी याद फर्माया बडी कद-दानी करी आप कदीमोके पिष्टाननेबाले हो जिलनीतवक्कै हमको आपपर थी उससे ज्यादा ईनायत फर्माइ .. २... आपकी रोज व रोव तरक्की करे ज्याद ऐश्वर्य बढे मै कदमी बुढा चाकर हूं मेरे उपर सदैव क्रिपा द्रिष्टि रषयेगा जो काम चाकरी होबे उससे याद फर्मायेगा मैभी आपको टहलमै रहूगा कभी कभी षबर ताजा भेजता रहूंगा आप मौका देष मेरी दस्तगीरी कर्येगा तन्षाहको छुट्टो आप-को ईनायतसेही होगी षबर ताजा भेजी है मुनास होवे तो — १... मै अर्ज कर्नी संबत् १९०५ मिती भादौ सुदि ८ रोज ४ शुभम् .....

नं. १११

श्रीहरिद्वार

१

अर्जि ——————————————

उप्रांत प्रभु अघि सुन्याको बिस्तार अघि अधिका अर्जि-ले जाहार भयोहोला प्रभु मैले मधेसतिर पठायाका मानि-सले मुषजमान ल्यायाको षवर पिरोजपुरका नजिक धरं-कोटमा अघि सिषले रातमा डाक हानि मान्यापछि फेरि दिनमा लडाञि जोरिदा सिषले लडाञि जिति अंरेजको फौज ढेरै मारि १७ तोप लुटि लग्यापछि पूर्वतिरका जगा जगाका पल्टन झिकि दोहरो लाम बाधिरह्यामा जोतपूर वालाले हामि अंरेजको मद्दत गर्न आऔ भनि कुरा गरि फौज ल्यायेछरे तस्तै बिचमा इ त हाम्रा मद्दतमा आयाका हुन् भनि अलिक गाफिलिमा अंरेज रहदा जोतपुरवालाले रातमा पै डाक हान्दा २ लाष फौज साफ गरि मारि सिष-सित सामेल भैरहेछ पटेलावाला र सिष जोतपूरवालाको १ मतो भै लडाञि जिति पिरोजपूर जलेलावाद सुरज बमै सहरमा सिषका फौजको अड्डा छ २५।३० कोस अंरेजको फौज हटि बसिरहेछ भन्या षबर ल्याया प्रभु तिलंगाले ल्यायाको षबर हो सुन्यासंमको बिन्ति गरि पठायाको छ अंतबाट पनि षबर आयाको होला साचो झूटो चरणमा जाहार होला कुमाउतिरका अर्थ कुमाउको फौज सबै उठि गयापछि २ सय काला तिलङ्गा आई १ सय नाल सोरमा १ सय नाल कालिकुमाउमा राष्यो हाम्रो फत्य भयो भनि जगा जगामा २१।२१ तोपको बढाइ गर्‍यो जो अंरेजले हार्‍यो भन्या कुरा गरौला तस्को नाक काटियेला भनि ढडरा पिटाइराषेछ बाटाघाट भन्या सबै बंद गर्‍यो कसैलाइ छिर्न दिदैन प्रभु कुमैजा भन्या साह्रै थकिरह्याछन् पाहा-डिया जो जान्छन् १० रुपैया कल्दार मैह्लाको दिन्छु पल्-टनमा भर्ना हो भनी कलं जारि गर्न लागिरहेछ हाम्रा तिलङ्गा भेस फेरि तिर्थको वहना गरि पठायाको थिआ कि तिमि १० रुपैया मैह्ला १ को दर्माहा लि पल्टनमा भर्ना हो पल्टनमा भर्ना हुदौन भन्या येस वेलामा तिर्थ जान हुदैन फर्क भनि सर्मालिघाट तारिदियो प्रभु पुसमा सुवा कासिदत्त पण्डित ससौंगात लि कुमाउ जान भनि गयाथ्या जज् साहेव टेंहिरि गयो भन्या षबरले फर्कि आयाका थिया माघका १० दिन जादा बुधबार फेरि कुमाउ जान भनि ससौंगात लि गयाका आजसम्म झुलघाट तर्‍याको छैनन् तिनले तर्न पाया भन्या सोमाफिकको बिन्ति गरि पठाउन्या काम गरूला हंगमा ठुलो उठ्याको छ आहाको कसक साह्रो मान्याको छ भंछन्...१—संम पठायाका मानिस आयाका छैनन् आया-पछि जो षबर ल्याउनन् सो पछि बिन्ति गरि पठाउन्या काम गरुला अरू मानिस मसित कोहि छैनन् तिलङ्गालाई पठाउ भन्या आहा षोसियाका वाहा भन्या मैह्ला १० रुपैया कल्दार दर्माहा पाउन्या कुरो सुंदा तिलङ्गा पठाउन मनमा कसको लाग्छ अरू षबर जो पाउला सो बिन्ति गरूला सुन्याका कुरामा केहि उच निच पर्‍यामा क्षमा राषिबक्सनु चाहिछ जो हुकुम — — — — — — — —

ईत सेवक जयग्रंथ अधिकारिको कोटि दण्डवत्
सेवा सेवा— — — — — —

इति सम्वत् १९०२ साल मिति माघ शुदि ३ रोज ६ मुकाम डोटि डडेलधुरा शुभम् — — — — —

नं. ३१४

सम्बत् १९३१ साल आश्विण बदी ६ रोज ४ मा आयाको पायासुन्याको — — — — — —

आफ्ना इलाकामा चावल चना ढैरै खरिद गरि गोरखपूर चलान गर्छ भन्या सुनिन्छ येति भन्या सुनियेन गोराको पलटन गोरखपूरमा १५।२० दिनभित्र ढैरै आयो भन्या सुनिछ — — — — — — — — —

वडालाठ प्रयागमा आउन बोज्दा हाल रसद जमा छैन रसद जमा भयापछि आउन बढिया छ केही दिन थामीया बेस होला भनि येस्तर्फका साहेवानले लेखिपठाया र कलकतैमा थामीया भन्या गलबा सुनिछ — — — — —

आफ्ना सरदका भारी भारी जिमिदारलाइ तिन तिन चार चार हजार रुपैयाको रसद जमा गर भनी रुपैया दि कार्तिक मा बुझिलिउला घटति पनि मिन्हा दिउला भन्छ भन्या सुनिछ — — — — — — — — —

नचलौलका राजा मिठौरा बजारमा ढैरै रसद जमा गर्न्याको छ साहेवानहेरू पनि बरोबर तेस जगामा तागिती गर्न आउछन् भन्या सुनिन्छ — — — — — —

गोणातर्फबाट लदना घोडा गदहा खच्चर ढैरै खरिद गरि वेतियाको जिल्ला सुगौलिमा जमा गर्छ भन्या सुनिछ —

—०—

नं. ३४४

श्री ५ सर्कार श्री ३ चौतरिया फतेजंग साहजी

१ २

अर्जी — — — — — — — — — —

उप्रान्त गरिपरवर मेरे पौष सुदी ११ रोज ५ मे लिषी अर्जी बन्देको —१— के मुलाहेजेमे गुजरी होगी बाद मुलाहेजे अर्जीके बन्दाकी —२— नजर दौलतसे कृपा-पूर्वक हुकुमनामे लालमोहोरका और टुकडे रोटीका उम्मे-दवार है फर्द ३ दिल्लीके अषबारके शामिल इस अर्जीके-१ —के चरणोमे हाजर कर्ता हुं सो मुलाहेजेमे गुजरे माघ बदी ३ रोज ५ मे सर्दार भवानीसिंहजी मातमिद —१— दौलतमदारके दिल्लीसे कूंच कर्के लारन्स साहव इजेट नेपालसे मुलाकात कर्के बन्देकी भाई मिश्र सदाशंकरजीको अपने हमराह लेकर फीरोजपुरको रवाना हुवे अर्जी सर्दार मौसूफकी शामिल इस अर्जीके —२—की हजूरमे भेजी है सो मुलाहेजेमे गुजरे रामनाथ उपाध्याय जिमीदार नेपाल दिल्लीमे आए सर्दार भवानी सिंहजीसे मिलकर सर्दार मौसूफके साथमे पश्चिमतरफको रवाना हुवे वास्ते ईतिला-हके अरज रषता हुं षाविन्द मेरे इन दिनोमे लाहोरतरफकी लडाईकी हाल सुन सुनकर जमीन और आस्मानतक हिलता है अगर्चे मौसम और सर्दार भवानीसिंहजीकी आज्ञाको —१— दौलतमदारका हुकुम समझकर मिश्र सदाशंकरजा वडेभाई अपनेको सर्दार भवानीसिंहजीके साथ भेजदिया है हमलोगोंका हालकी और मेहनतकी कदरदानी फर्माकर टुकडा रोटीका बषशनेको—१—समर्थ है ज्यादा क्या विन्ति करूं—१—सर्वज्ञ है जान अजान कसूर माफ होवे सं. १९०२ साल मिती माघ बदी ४ रोज ६ मुकाम दिल्ली

अर्जी भिक्षुक बालाशंकरस्य कोटि कोटि शुभाशिष सन्तु

—०—

नं. १८७

अर्जि— — — — — — — — — — —

उप्रान्त लाहोरका लडाईको लुटमा अरेजहरूले २५२ तोप लुट गरि आहा कलकत्तामा लैआयाको रहेछन् मीती चैत्र वदी ९ रोज ४ का दिन त्यो तोपहरू सवै आहा किल्लाको मैदानमा राषिकन पलटनहरूले बन्दुक र तोपको सलामि फैर गरि षुवै कवायत गर्न्याको थियो आहादेषि अचानक-संमको अरेज पलटनआहरू र आहाका राजाबाबुहरू छोटा वडाआदमी सवै जना कवायेतको तमाशा हेरननिमित्त किल्लाको मैदानमा गई ज्या भयाका थियो २५२ तोपको विचमा २ तोप साहै ठूलो रह्याको छन् आहा—१— का फर्मायशि माल असबाव सवै खरिद भैसक्याको छ अब २।४ दिनमा मेहर्मान सुब्बा र मन्त्रुसि सुवेदार माल अस-बाव लीयेर आहाबाट रवाना भै हिडन्याछन् सो इत्तिला-निमित्त विन्ति लेषि चह्रायाको छ ज्यादा सर अफसर भुल चुक हरफ र वेअदबिको माफ फर्माउनिमित्त हुकुम वक्या-जावस् इति सम्बत् १९०३ साल मीती चैत्र वदि २ रोज ५ — — — — — — — — — — —

सदा सेवक मदन्मोहन्तेवारिको वेदोक्त शुभ आसिर्वाद शहस्रम् शुभम्— — — — — —

—०—

नं. २८४

श्रीहरिहरक्षेत्र श्रीगङ्गासागर श्रीगयाजि

१ २ ३

अर्जि– – – – – – – – – – – –

उप्रान्त--१--का मेलामा चारैतरफका साहेवानहरू बहुतै आयाका थिया नाचतमासा घोडदौड पनि १५ दिन–संम बरोबर गर्‍या: घोडा हात्तिहरू पनि बहुतै बढिया आयाका थिया: बिकन पनि बहुतै बिक्याका देख्युं: लाहुरको लहे न्हासि मजिटिया पनि--१—का मेलामा आईपुग्याको थियो: सोधपुछ गर्दा—२— गर्न जान्या रहेछ. ४।५ सय मानिसहरू पनि साथमा रह्याछन्. जगतबम् पाडेबाहेक रणजङ्ग पाडेका छोरास्मेत कालापाडेहरू सबै १...का मेलामा आयाका थिया. बौधमान कार्की पनि उनैका साथमा रहेछ---१---मेला भन्यापछि हरिदत्त महंतले आफ्ना घरमा उतारि राख्याको छ. औ अंग्रेज हरूका जमानि थाहा भयो लारन्साहेब रजिडन्ट नेपालबाट हावा षानलाइ येस्तरफ आउन्याछन्. मेरट्को छाउनिबाट कालाको २ पलटन—३—को बाटो गरि हजारिबागका छाउनिमा गयो भन्या षबर छ. निमषहरामि कर्नेल काजि कप्तानहरूले पनि घोडाहरू किन्याछन्. पच्छाहांतिर जानाको तयारि गर्न लागिरह्याछन्. बहुत बिति कति झिजो गुलामपर सर अपसर माफ फर्मायाजाघस् इति सम्वत १९०२ साल मिति मार्गसिर बदि ४ रोज ३ मो. पटना शुभम्– – – – – – – – – – –

—०—

नं. ३६०

श्रीहरि श्री ५ सर्कार

१ २

स्वस्ति श्रीसर्वोपमायोग्यत्यादि सकलगुणगरिष्ठ राजभरोद्धारणसामर्थ श्री श्री श्रीजनरल अभिमानसिंह राना महा सयेषु इत श्रीजयद्रथ अधिकारिको शुभ आशिक सतंपूर्वक पत्रमिदं इत निक ताहा कुसल चाहिये आगे आहाको समाचार भलो छ उप्रांत लाहुरतरफको जो पायाको हालसुरथ अघि लेष्याको हो मानिस पठाईराष्या छु ल्यायाको हाल पछि लेषुला भनि लेष्याको हो २।३ तरफ मानिस पठाइराष्याथ्यां उनैहरूले ल्यायाको षबर अल्मोडमा निजामति सिपाहि सय जना सोरमा २५ जना कालिकुमाउमा २५ जना मार्ने रह्याछन् अरू षालि छ टिहिरि गयाका साहेब–हरू पनि सुगाठोर गयाछन् भन्या षबर ल्याया ताहा रह्याका पलटन सबै मंडिमा ज्मा भै पुसका २७ दिन जादो पश्चिमतरफ गयो बहाना भन्या जनरल गुलाफसिले ढेर बिजाइ गर्‍यो पछन जांछौं भनि गयाको मेरा प्रतित भयाको मानिसले देषि आयाको हो पेटले भन्या साह्रो डराइरहेछ अल्मोडा षालि छ हंगमा भन्या ठुलो भैरहेछ भन्या षबर ल्याया कासिपूरतरफ गयाकाले षबर पौरोजपूरका नजिक धरंकोट भन्याको जगामा सिषले रातमा २ डाक हानि अंग्रेजको लसकर ढेरै षत रह्या ३।४ जनरलसंमका पगरि पर्‍या भन्छन् भन्या षबर ल्याया ——१——द्वारसंम पठायाका मानिस आयाका छैनन् आयापछि जो षबर ल्याउनन् सो पछि लेषन्या पाठ गरुला यो षबर–—२—— मा अर्जि लेषि चढाइ पठायाको छु सब विस्तार बडापत्रले बुझनुहोला ज्यादा तेस्तरफको हालसुरथ र आफनु क्षेम–कुसल लेषदै रहनुभया बढिया होला ईति सम्बत् १९०२ साल मिति माघ बदि ५ रोज ७ मुकाम डोटि डडेलधुरा शुभम्– – – – – – – – – – –

—०—

नं. १२४

अर्जि – – – – – – – – – – –

उप्रांत करुणानिधान गरिप्रवर हजुरका सुदृष्टीले सेवक अल्मोडा पुगी आयाको हालषबर अघि चढाईपठायाका अर्जिले जाहेर भयोहो आहां आयापछि सेवकले देसतरफको षबर बुझि पठाउनु भनि जगा जगामा मानिस पठायाका थिया र उनि मानिसहरूले पठायाको षबर पूर्वतर्फबाट आयाको कालाको फौजका मालिक षानबहादुर १ गुलाफसि १ राजा नर्महंसि १ बरेलिको मौलिवि १ निडेसि १ इनिहरूका साथमा रिसाला ५०० अरू पैदल सिपाहि गरि २००० तोप ४ लि डोटिको मधेश कलुवापुर झनकपुर भन्या गांउको बाटो गरि पश्चिमतर्फ बस्तिको गौडि भन्या मा २ रात फौज बस्याको रहेछ तसै बषतमा अंग्रेजको फौज रिसालास्मेत १००० यसै काला फौजको पछाडि

लागि आयाको रहेछ यस्तरहका अंग्रेजका साहेब २ सिष र गोराहरूस्मेत ५००० फौज नवलपारदेषि सामेल भै कालाका पछाडि लागदा पैदल फौजभन्दा रिसाला ४।५ सयले धावा गर्दा भेटायाछन् र वस्तिको गौडि भन्या जगामा माघका दिन ३ जादा शुक्र बारका दिन अंग्रेजका सवारसंग लडाञ्जि जोरियेछ अंग्रेजका फौज केहि षर्च भयाछन् भोलीवेर सनिश्चर बारका दिन अंग्रेजको पैदल पल्टन आईपुग्दा कालो पल्टं भागी तरहराघाट भन्या घाटमा येक टापु रहेछ ताही काला पल्टं अडीयाको छ अंग्रेज पनि ताहादेषि फर्कि आयो भन्या षवर आयो. र गुलामले हजुरमा जाहेर गरि चढाइपठायाको छ अझ पनि देसतर्फ षबर बुझनलाइ मानिस लायाको छ जो षबर ल्याउनं विन्ति चढाई पठाउन्यां काम गरुला जो मर्जी ईति सम्वत् १०१५ साल मिति माघ वदि ५ रोज १ मुकाम सिलगढी शुभम् – – — — —

ईत सेबक सुब्वा जयतसिं थापाको कोटि कोटि सलाम — — – – – – — –

—•—

नं. ३३९

अर्जि– – — – – – – – – –

उप्रान्त गरिवप्रबर भाद्र वदि १२ रोज ५ लेषियाको १३।१४।१५ सालको बुटोल जिल्लाको---१---- धोक बुझाउन्या कागतपत्र तयार गर्नालाई दस्कत देषत चाडो आउन्या काम गर भन्या वीहोराको दस्कत १ ये शुदी ८ रोज १ का दिन आईपुग्यो बिस्तार बुझि सिर चढ्याञ्जा पसि मङ्गल वारको सायेत गरि ञ्याहाबाट हिड्न्या काम गछु पश्चिमतर्फको हाल बुझनलाई हर्नामसिंको हिपाही पठांयाको हो वंगाला लषनौतर्फ पुगि उस्ले ल्यायाको हाल सवार पैदल गरि २ लाष फौज लि तांतिया राव काल्फीमा रायसाहेव काल्फीदेषिन् बिस कोसपश्चिम सेरपुरघाटमा १ लाष सवार पैदलस्मेत ली वस्याका छन् पिराजसाह डील्लीका साहज्यादा काल्फीदेषी पूर्व भदोषुरघाट १५ कोस मा १५ हजार लस्कर लि बस्याका छन् अंग्रजले हत्यार देउ भनि सबलाइ तकेदा लाउदा येसै कुरामा विगडी कोटा बुंदिरिमा बगैहका राजाहेरू ताती यारावसित सामेल हुन आयाका रह्याछन् औ अंग्रेजहेरू काल्फीका येस्तर्फ...२... वारमा गोरा सिष कालास्मेत गरि २८ हजार फौज लि बस्याका छन् लषनौमा गोरा सिष ६ हजार गुफतारघाटमा गोरा सिष ५ हजार छाउनी हाली बस्याका छन् बर्सादको याम हुनाले हाल लडाञी भीडाञी लाग्याको छैन बर्सादबाट भारि लडाञी होला भनी उसपारका मानिसहेरू भंछन् भन्या षबर लायेछ नानाराउको हर्कारा पनि तातीय हेरूसंग पुगी आयाको येहि बाटो देउषुरि गयो भनी हर्नामसिंले मसित कुरा गर्‍यो हर्कारासित भेट भन्या भयेन फिरारी आजकाल्योरहुत थोरबहुत देउषुरिबाट येस्तर्फ आउन लागी रह्याछन् भनी देषन्या रैयेतहेरू भंछन् अरू हाल वांसीका राजालाई गोरषपुरबाट तल्वी भै वांही गया औ तुलसीपु की रानी र बौंडीकी रानी औ मानें र महोमद हसन नाजीम लाई लषनौबाट तल्वी भै उतै चलान भया भन्या षवर छ भनी हर्नामसिंले भन्छ इति सम्वत् १९१६ साल भाद्र सुदि ८ रोज १ शुभम् ... ...

सदा भेवक लेफटेन देबु रानाको साष्टांग कोटी कोटी सेवा सलाम शुभम् ... ...

—०—

नं. ३१८

अर्जी ... ...

गरीपर्वर हाल लषनऊका दरियाफ्त हुवा कि ईस महीनेमे कई रईसने वादशाहके पास अर्ज किया कि एक मुसल्मानका लडकेको किसू हिन्दूने मारकर उसका खून अपनी देवतापर छिडका उसपर बादशाहने हुक्म दिया कि उस हिन्दूके देवल को षोदकर उस देवताको भंग करडालो और उसमे जो असवाब है उसको जल्त करके हजूरमे हाजिर करो उस हुक्ममुताविक देवलकी बर्बादी हुई ईस हालको हिन्दूयोने देषकर समझा कि हिंदूधर्म छूडता है उस वक्त हिन्दूलोग यंगरेजके छावनीमे गए ईस षबरको बादशाहने सुनकर कोतवालको ताकीद किया कि कोइ हिन्दू यंगरेजके छावनीमे नजाने पावें अगर जाते देखो फोरन उसको गिरफ्तार करो जब कि कोतवाल उनको धरपड करने लगे उस वक्त तमाम हिन्दूलोग लडनेको मुस्तैद हुए यह फसाद साहेव रजीदंडले सुनकर खुद बादशाहके पास गए और उनको वहुत समझाया

उस वक्त तकरार मौकूफ हुइ लेकिन हिन्दूलोग अभीतक बिगडे है आइन्दे जो कुछ हाल होगा अर्ज अरूंगा और आज रातको विन्धाचलसे सवारी...१... यहां पहुची लेकिन गर्मीके सबबसे उनकी तवीयत दीक है इससे मालूम होता है कि अब गर्मीके सबबसे वाहर तशरीफ नलेजायेंगे और इन दिनौमे खर्चबगैरह निहायत दिक रहता है आगे मेरे हालपर नजर कर्के बकसना होगा तब बडीया होगा और आपके बक्तमे मेरेको दुसरेके दरवाजेसे अर्ज कर्ना मुसकिल है रुपया रोज जो हजूरसे मेरे पर्वरिशके वास्ते हुक्म हुवा है सो नजर बक्सनेसे मेरेको मिलेगा मिती चैत्र शूदी १५ रोज ४ समत १८०४ शुभम् — — — — — — — — — —

—०—

नं. ३००

गवर्नर जेनरल सर्कार

१ २

अर्जि — — — — — — — — — — — — — —

उप्रान्त १९२४ जेष्ट वदि १३ रोजमा रवाना भयाको षलिताको नक्कलसहित निगाहपत्र ये शुदि ९ का रोज आइपुग्यो बिस्तार बुझि सिर चढाव्यां साहवानहरूसंग भेट मुलाकाद वातचीत हुदा अहदबमोजिम जवाफ गरौला ज्यादा यस्तरफको हालषबर र अधिको सवै जाहर भयोहां हाल र दिल्लीलाई बंबै कर्नालतरफको फौज धावा गरि चढदैछ कलकत्ताबाट तोप षजाना फौज ध्वांकस नाउमा रवाना हुंदैछ रेल चाडै तयार गर्नाको ताकीता बढदैछ नआ पल्टन भर्ति हुंदैछ लषनौमा १ मेम बांकि छ अरू दुदका वालष पनि बाकी छैनन् इउरोपिमा भन्या गलवा छ संत्तलका दहसतले वर्दमानदेषि रेल बढदैन दिल्लिका दर्वाजा १ षुला छ बाकी पल्टनमा आपुसमा तकरार भै सवै बंद छ भन्छन् आजतक र पछामा हुज्जत गर्न्या फौज और फौजका मद्दतवाला छोटा बडा सवैलाई इउरोपि फौजले घेरामा पार्यो हो भन्या षवर छ दिल्लिको जंगि षजाना १ सुबेदार गोराले आगो लाईदिदा आफू पनि उडधो उस्ले हुज्जतवाला सिपाहिका हात षजाना नपरोस भनी ज्यूको माया मारी यो काम गर्याको हो कलकत्ताका गोराहरू पछाको मेमको र बालषको हात चल्दा बहुत अबसोस गर्दछन् अंरेजहरू कुनि सारै घवरायाका थिया अब केहि थिर छन् कलकत्ता योदि औ महाजन सब गै ...१... साहबसंग यस्तो सवाल गर्‍या कि हामि त्याही त हतियारका नाजुक छौ हाम्रा उपर लुटमान चल्या कसो गरूं भन्दा...१... साहबले धेरै समझाई बुझाई हुकुम गर्‍या इउरुपि पहरा जंगि हतियार बाधी सहरको षवर्दार गर्नान् भंदा सबै फर्क्या भोलिदेषि सवारहरू सहरको चौकि दिन्याछन् यो लडाई भिडाई अथवा यस्तै हुलगुलका षवर्दारिलाई डाक बिजसि सारै फाइदा रहेछ हामिलाई पनि चाहिन्या कै लाग्यो यस बातमा अथवा यस पालाका हुलले अंरेज या...१... साहव कौसल सारै हडबडायाका छन् ताहां केहि मद्दत लेषि आया आफनो काम छिराउन्या दोस्त राषन्या बेला कै लागछ हिन्दुस्थानतरफका राजाबाबुले आफना बुधिअंसारको षातरि...१... कम्पनिलाई गर्दैछन् ज्यादा कि जो कहांतक लेषि चढाउ लेषदाको कम ज्यादा माफ बक्सी निगाह निमक बर्दारउपर रहदै जावस—

इत सेवक कृष्नमान कार्कीको अनेक कोटि सेवा सलाम शुभ — — — — — — — —

१९०४ साल जेष्ट शुदि ९ रो शुभम् — — —

येहि षवर दुरुस्त हो भनि बिति चढाउन बडो मुसकील छ हल्कारा फ्रेन्ट आव इगलेसमेन अषवारप्रभृति सवै अषवार नवीसलाई नआ अयन जारी छ वदि यो षवर नछापनु भन्या — — — — — — —

—०—

नं. ४३०

रामदीहल जासुले ल्यायाको षवर— — — —

तपसील

नर्वबलमा गोरा सीष मनराजी ज्मा फौज ७०० सये तोप ६ सवार ३०० सये ज्मा फौज १००० रहेछ— — लोटनमा गोरा सीष मनराजी गरी ज्मा फौज ३०० सये — — — — — — — — — — —

लठापार अंग्रेजका ईलाका पीपरामा सुदीन चौधरी गाउ ३ कालाले लुटी फेरि फर्की हाम्रै इलाकामा आयाछन् — — — — — — — — —

अंग्रेजले कालाको षवर बुझनलाई ५० जवान जासु राष्याको रहेछ _____

गोर्षा माहाराजबाट बेगमको फौजलाई हाम्रो ईलाकामा नीकालीदीया हामी तीसग लडीकन मादां हुभनी उन्का सीपाहीहरू भंस्या _____

अंग्रेजले ठाउ ठाउका ठानाको षजाना उठाई गोरषपुरमा लैजान लाग्याका छन् _____

—०—

नं. ३७६

मथुरा घर हुन्या कंदर्बकथकले ल्याग्राको षवर उप्रान्त पुसको १९ दिन जादा अंगरेजको लस्कर सिपाहिले हल्ला दिन जादा लिष्ट साहेबस्मेत ५ साहेब र १० हजार लस्कर पन्यो येसमा ४ हजार लस्कर १ साहेब भरतपुऱ्याले किल्ला-बाट मान्यो ४ साहेब र ६ हजार लस्कर डिकवाला सिंदि-याले किल्लाबाहिर बस्याको थियो उसले मान्यो वहाबाट हटि ८ कोसपुग्दो छाउनि परिरहेछ सिंदिया दौलथराम जसिबन्त राव दक्षिणिवाइ डिकवाला इनैहरूका साथमा १।१ लाष फौज लि भरतपुऱ्यालाई मदत दिन आइरहेछ २ हल्ला अघि भयो अैलेको तेश्रो ठुलो हल्ला भयो यो कुरा कसैले प्रकास नगर्नु भनि मनाहि भैरहेछ ५ हल्लामा ३ हल्ला भनि बांकि २ हल्ला छ भन्छन वाहा अंगरेजको लस्करमा क्या बोल्छन् भनि सोधा अंगरेजले हान्याको गोला किल्लाबाहिर आडमा लाग्याको पनि आडलाई केहि नभै गीरी पानिमा षस्छ...१... को बासुरिको सबद पनि सुनिन्छ आफै लडन लागिरह्याछन् भरतपुर लिन कठिन छ अब बांकि रह्याको २ हल्लामा क्या हुंछ भनि दुनीआ बोल्छन् मथुरा छोड्याको आज २५ दिन भयो भनि समाचार कह्यो कचा पक्का सुन्याको लेषी पठायाको छ निस्तुक हाम्रा हरकाराहरू पठायाको छ आइपुग्यापछि उनहरूले जो ल्याउनन् लेषी पठाउन्या काम गरुला शुभम् — — —

अल्मोडाबाट चतुरभुज मल्लले लेष्याको षवर विजिनिस
माघ वदि १४ रोज १ मा पठायाको पुग्योहो— — — —

—०—

नं. ४२४

दिल्लिबाट सुबेदार हिराप्रताप सिंले लेष्याको षवर... उप्रान्त रणजित् सिंले १४।१५ हजार लस्कर सर्दार गोसा-ईज्यू अषातयार गराई मंडिमाथि चढाई गऱ्यो राजा ईश्व-रिसिं भागि गोपालपुरको पाहाड चढि कमलागढमा पस्यो सिषको लस्कर गोपालपुरको हसटमा बसिरहेछ रणजित्सिं दिनानगरमा छ गोषाँल पल्टनको ठुलो साष छ कस्मिरमा राषनाको तजविज गरिराषेछ भछन् रणजीत्सिं ज्वाला जानाको षवर छ मंडिमाथि चढाई गऱ्याको अर्थ पाहाडको रस्ता अंगरेजलाई देषाउला भन्या संकाले हो भंछन् चारै-तर्फ बोलयो गरि मगंमा बसिरहेछ दसाईबाद कौनतर्फ देषतछ पछि बुझियेला सिषको मुसाहेब रिसालदार मकुटिया गर्भासिं आपना बाबुको अस्तु बहाउन हरिद्वार आउनालाई सिषसाहेबसंग बिति गरेछ र हाम्रो रिसालदार आफ्ना बाबुको अस्तु बहाउन हरिद्वार आउछ भनि आहा षत लेषि आयेछ अछा मस्त्र छोडके आवता भन्या जवाफ गयो सिषले जनाना तो नहि है भन्यो र ३० हजार सवार ८ तोप साथ दि पठायो झाडिको रस्ता गरि रिषेश्वरघाटमा उत्रि आपना बाबुको अस्तु बहाई येक रात बसी गयो भंछन् नागपुरवाला राजा आषा साहा अघि ब्रह्मचारिको रूप गरि आहा आया-छन् महिना १।। बसि ज्वाला गया वाहा गई प्रकास भयाका गडेवालदेषि रोजिना रुपैया १० जनाज मन १० दिछ दषिनबाट २ लाष रुपिआको हुंडि आयो ३ सय घोडा षरिद गऱ्या ५ सय सिपाहि राष्या नागपुरबाट आपना दरिदेबान सिपाहि जान लागिरह्याछन् सिषबाट मिलनालाई बोलायो हाल गयाका छैनन् फुलासिले अकलगढ षालसा गरिदियो वाहि बसिरह्याछन् षलकतमा पनि लाहुर बरोबर रोटिकाहि नहिंहैं भंछन् सरनाम टुलो लसकर सच्चा छ जयेपुरको विबस्ता अघिभंदा षबर बढि आउदा अर्जुन भद कर्नसिं थापालाई पठाआथ्यु जैपुर पुगि वाहाको कैफियत बुझि १९ दिनमा हामिसंग सामेल भया ईनिहरुले आषाले देष्याको र सोधनि गऱ्याको तहकित कैफियत अघि उजीर-सिंहलाई पकाइदिदा अंगरेजले सबै वर्षको धर्म दियेछ राजा जगतिसिं षुसि भया अंगरेजसंग येक घा हुनगयो षत्षटुद आवतजावत हुदा हुदा वर्षप्रति ८ लाष रुपैआ पनि दिनाको कबुल गरायो रानिबाट सरन्को मरन गऱ्यौ ८ लाष रुपैआ दिनाको कबुल पनि गऱ्यौ तिम्रो बदि सारा हिंदुस्थानमा चल्यो भंदा राजारानिको तक्रारै भयाको थियोगरे राजा काल प्राप्त भयापछि रानि गर्भवति रहिछन् तापनि राजाले नाउ राष्याको भया प्रसुति भयापछि राजासंग जादा हु नामर्दसग जान्याछैन भनि गर्भको रक्षा गरि बसिन पछि पैदा हुदा साहेब पैदा भया सवाजैसिं नाम रह्यो वहादेषि बडो बडो दानपुण्य हुन लाग्यो राजा गादिमा बस्या येस सालमा अंगरेजले साहारको प्रगंना ईन्नोरगढ र मनगढ अमराईमा बंगाला सहरमा अदालत बसाउन देउ भनि अजमिर प्रगंनाको बालडेर साहेब २ पल्टं लि जादा अघि जगतिसिं राजाले कबोलियत गऱ्याको लाकलाम भर्दैछौ वाहादेषि बढता दिदौन भनि जवाप दिया राजा सवाजैसिं गादिमा छं हुकुं रानिको छ भर्तपुर जोतपुर बुदिकोट नौषंडमा खाडले पनि जेठो गादि रामचंद्रको जयपुरको हो वाहापछिका हामि हौ तिमि भिन्न छौ भनि जवाव दिया

जयपुरका हरकारा चारैतर्फ फिर्न लागिरह्याछन् लस्करको मालिक चान्सि रावजि रानिका हजुरमा जान्या आउन्या मुसाहेब वैरिसाल रावजो देसदेवान रणजितसि रावजी छन् नागाको पल्टन हजार ८ को सवारि पल्टन लाष १ सहरबाहिलो बसिरहेछ लाष २ किल्ला किल्लामा बसिरहेछ सारा सहर किल्लैभित्र छ लयसवदि लस्कर जमा ३ लाष ८ हजार छ बालडेर साहेब सहरदेषि दक्षिनतरफ सवाको-सको दोफाबत माझिनागमा २ पल्टनसमेत बसिरहेछ उसतर्फ जैपुरका चौकि छन् १ आदमि जान पाउदैनन् अर्जुन भट्टहरूलाई पनि जान दियेनछन् मेरटबाट उल्डन साहेब गयो रस्ता स्यामपुरमा भेटचाछन् चलन परि कन्दारभंदा आफ्नै चलन अढ्ता चलाउनाको हुक्म छ हाल यो षवर लि आयापछि जो होला विदि गरौला कांतिपुरमा ठमेलदेषि माथि बस्त्यासंग कुरा परिरह्याछन् भन्या षवर आहा बोल्दछन् कसो हो ताहा मालुम होला येस्को कैफियत षतमा लेषि पठाउ भन्या ज्यादा ठूलो हुन्या भयो अधि पनि जमानि विस्तार बिति गरि पठायाको हो येस पाला पनि जमानि विस्तार बिति गरि पठायाको छ अजि गर्नन् सहरमा दिनदुनिआको सातादिनप्रति हलालषोरले जाच गर्छन् हाम्रा अर्थ मधुरा जान्या तिर्थबासि हौ भादौको मेला पर्षन्छौ भनि कसम षाई अठ्ठसंम टिकिरह्याछौ बसिसक्नु गाह्रो भयो रणजीतसिले सर गर्याका जगा जगा मानिस येससंग आउछन् सिप्सग हाम्रो दोस्ति छ भंछन् ————————

—०—

नं. ४१७ श्री गुरुज्यू श्री ५ महाराजा
१ २

स्वस्ति श्री सर्वोपमाजोग्येत्यादि सकलगुणगरिष्ट राजभारोद्धारणसामर्थ श्रीश्रीश्री जनरल भीमसेन थापा श्रीश्रीश्री काजि रणध्वज थापा महासयेषु इत देवरिषि उपाध्याको बेदोक्त सुभ आसीर्वादपूर्वकपत्रमिदम् आहा निक ताहा आफ सब कुशल मंगल सदासर्वदा चाहीये आगे आहाको स्माचार भलो छ उप्रांत लाठ बाकपुरमा आईपुगि ...१... हरूको र लाठको मुलाकाद भै षिलत भयाको...१...लाई बिरामिदेषि अलिक दीन अहा सुस्ताई घर जान्या काम गरौला भन्याको र श्री टक्सारिलाई भोलि आया र कुरा गरौला भनि सुईटिन अंगरेजले भन्याको षवर अधिका चिठिमा बिति गरि पठायाको हो पुगि बिस्तार भयो हो उस दिन पैल्हयै आदप सुईटिन अंगरेजसंग मुलाकाद गर्न्या चाजो परेन र ठुलासंग मात्रै मुलाकाद सौगात दीन्या लीन्या काम भयो उ २ अंरेजलाई दिउला भनि लग्याको सौगात फिर्ता ल्याईयो भोलिबेर श्री टक्सारिले मात्रै जानु भन्याको हो अलिक आराम नभया जस्तो मांनुभयो र...१... ले म पनि जान्छु भन्नुभयो अधिक श्रावण वदि ३० रोज ३ सवेरै दुवै जना जानुभयो लाठको मुलाकाद गर्दा पनि म संगै गयाको थिया संगै थिया भोलीबेर पनि संगै गयाको थिया हाजिरि षान लाग्याका रह्याछन् उस बेलामा पुगियो अलीक बेर बाहिर सुस्ताई भित्र डाक्या ताहाबाट आयाको अंरेजसित अलिबेर बस्दा आदम अंरेजले हाजिरि षाईसक्यो फेरि आदम र ताहाबाट आउन्या अंरेज यका ठाउ बसि कुराकहानि गर्न्या तब आदम अंरेज आई भेट मुलाकाद गर्न्यो सौगात दाषिल गरियो हेर्न्यो अली बेरपछि राष भनि आफना मान्छेलाई भन्यो सौगात थन्क्याया कुरा गर्दा र म भित्र जान पायाको थिन थोरै बेर आदम अंरेज वाहा बसि टेकारिको राजा मित्रजितसग भेट गर्न भनि निस्क्यो ताहाबाट आउन्या अंरेज र आदम अरेज अलफिस्टन अंरेजका कोठिमा सगै बस्याका रह्याछन् सुईटिन अंरेज गोलघरनेरा बस्याको रहेछ ताहाबाट आउन्या अंरेजले पुर्जि लेषि पठायो र सुइटिन अंरेज पनि वाही आयो भेट मुलाकाद भयो सौगात दाषिल गरियो आफना हातमा उठाईकन कुचिन पनि हेर्न्यो यो चिनमो होताहै भन्यो कस्तुरि पनि चबर पनि हातैमा लिकन हेर्न्यो षुकुरि पनि हेर्न्यो छाता पनि बेस गरि हेर्न्यो वीउलीको हो नेपालैमा बन्याको हो भनि सोध्यो षुसि भयो लाठसितका मुलाकातमा पनि ल्याउन्या लैजान्या कुराकहानि दुर्वतिर संझाउन्या उहि थियो प्रथक मुलाकाद हुदा पनि निसस्तत्रकास मिजाज षुसवाहाल भयाको सुइटिन भन्याको बेस अंरेज रहेछ मलाई क्या मर्जि छ भनि टक्सारिले भंदा कलकत्ता सदर्है हाजिर्यैसा जगा वहि है जिस तरहसे उकिल लोग रहते रहे उसि तरहसे वाहि हाजिर रहना अछा है भनि सुईटिन अंरेजले भन्याको सुन्याथ्यां सब बिस्तार सदर चिठिले जाहीर होला टेकारिको राजा बेतियाको राजा अरू अरू बाबु मैयाहरू लाठका मुलाकादलाई भनि आयाका थिया लाठले अरू कोहि हिन्दुस्तानिसंग भेट गरेन अरू अरू अंरेजसित मात्रै भेट मुलाकाद गर्न्या...२...का प्रतापले र तषाईहरूका धाग जसले हाम्रा तर्फमा लाठले बेस गरि भेट सिष्टाचार गर्न्याको देष्ता बिनाभय प्रांत हुदैन अरेजले नेपालको ठुलो भय राष्याको रहेछ भनि हिंदूस्तानिहरू सब षुसि छन् श्रावण सुदि १ रोज ४ का दिन लाठ वाकिपुर-

देषि कुच गरि नाउपर सवार भयो रोज ५ का दोश्रा प्रहरमा दानापुर पुग्यो नाउबाट उत्रि ४ घरि दानापुरमा बस्यो २२ तोप सलामि दाघिया लगतै दानापुरदेषि उठि नाउमा चढि कोसभर पाछउ सेरपुर भन्याका ठाउमा बस्न गयो सरासर पछिउ जान्छ गलवा भरथपुरको गर्छन् लाठका साथमा षास चौकिलाई येक सय गोरा पहरा चौकिलाई २ सय काला.....

—०—

नं. ३७८

कह्याउबाट हरिदत्त पाडे लक्ष्मीधर दाहालले ल्याायाको अकवालको फर्द — — — — — — — —

उप्रान्त आजकाल सुन्याका हालसुरथका अर्थ जजसाहेबको खवर दिल्लि जाइ इन्का मामा कमल बोरट साहेबसंग भन्या भेट भयाको रहेनछ दषिनतिर सफरमा गयाका रह्याछन् उन्का छोरासित भेट भयेछ र भेट हुदा बोरट साहेबका छोराले आफ्ना बाबालाई चिठि लेषि जजसाहेबलाई सात वर्षको थमौति र पाहाडको बोरटि सुबेदमंडितकको काम लि आया बोरटि प्रमाना मुलुकमा चल्याको छैन सदरमा लेषि गयाको छ सदरबाट हुकुम आयापछि बोरटि परवाना मुलुकमा चलन्याछ भंन्या षवर छ बांकि चौथाइ तलप घटाउनाका अर्थ भन्या कंपनिका घर कर्जा ढेरै हुनाले साहेबान चिरकटभरको तलब घटि हुंछ भन्या षवर छ येस् कांको कलटर साहेब र अल्मोढा बस्न्या बलटनको कर्नेल बटसाहेब इटाइबाट आइपुग्छ भन्या षवर छ बांकि अरू षवर भन्या मागेश्वरलगायेत चिनियाका सरहदसम्म उटाधुरातक सडक बनाउनाको हुकुम परवाना बुढाका नाउमा चप्रासि गया जजसाहेब येस मैन्हामा सडक हेर्नालाई जोसिमठतिर जांछन् जेठका मैन्हामा हबलबाघ आउन्याछन् भरथपूरमा लडाइ हुंन्या बषतमा जति कंपनि र साहेबलोगहरू थिया उनिहरूलाई इनाम मिल्ला भन्याको रहेछ येस पाला सुबेदारलाई येक सै रुपैया र ज्यादारलाई साठि रुपैया हबल्दारलाई पचास रुपैया अम्बलदारलाई चालिस रुपैया सिपाहिलाई अठाइस रुपैया इस्ता पाठसंग इनाम बाडियेछ अल्मोडामा हावा षान आउन्या साहेबहरू फर्काबादको जजसमेत दस जना आइरह्याछन् अरू आइपुग्याका छैनन् बांकि सनसारचन्दका छोरा अनिरुद्रचन्दले अंरेजसंग गुहार मागेछ र अंरेजहरू सामेल भै लुध्यानामा कौसल भयेछ र जुन दिनमा ब्रह्माको र हाम्रो लडाइ भयाको हो उ दिन हाम्रो मुलुक पालि थियो उस बषतमा सिषले धर्म राष्याको छ गुहार भन्या हामि दिदैनौ ज्या षजाना जो चाहिछ हामि दिन्छौ भन्या जवाप दियो भन्या षबर छ भनि कह्या— — —

—०—

नं. ३६८

श्री हरिद्वार

१

बदलीमा आउन्या मीश्र सुब्बा आइपुगंज्याल पाया सुन्याको षवर लेषनु भनि सुब्बा चतुर्भूज मल्लबाट अल्मोडामा राषी आयाको हबल्दार भाजुबिरले लेष्याको षवर— उप्रान्त असारको महिनामा रंजितसिं हक भया ४ रानि ७ केटि सहगामिनि भया रंजितसिं हक हुन्या बेलामा राजा ध्यानसिले म पनि साथ सती जान्याछु भनि विन्ति गर्दा आजतक मैले राजा ध्यानसिलाई पर्वरस पालना र मानि आयाबमोजिम तिमिहरूले पनि मान्या पालना गर्न्या काम गर्नु भनि आफ्मु छोरा षडगसिलाई अह्राई राजा ध्यानसिको वाहां पठाई गयाको हुनाले राजा ध्यानसिं सति भयेनन् सुनको सिङ चादिका खुरस्मेतको गाई सौ चादि मुत लाग्याको अभारी असवाबस्मेतका हाति १० घोडा सौ नगद २ करोर दान संकल्प भया चिताको भस्म मट्टि षरानि ३ अस्तुस्मेत गाडि ३ तेस्का साथमा आपनु पल्टन ३ अंरेजको पल्टन २ ज्मा पल्टन पाच....१... मा आइपुगछन जति वर्षको उमेर रंजितसिको छ उति फैर बृकट बृकटना तोपको सलामि दागनु भन्या षवर चलिरहेछ औ जोतपूर जैपूरको उपर अंरेजको ८ आठ पल्टन कर्नेल गौनसाहेबस्मेत गया आहा अल्मोडामा रह्याका कप्तान टेनरसाहेब सुल्टीनसाहेब पनी हामि हसियारतरफ जान तयार छन् पश्चिमतरफको अर्थ १ बडासाहेब २०।२५ मानिस साथ लि रोम स्यामको बादसाहसंगको भेट सलुकलाई गया भंन्या षवर छ कंधारमा फौज पुग्याको छैन सुजाबलसाहेबको अर्थ कोहि कैदमा छ भंछन् कोहि भागी गया पनि भंछन् अंरेजका फौजमा भन्या छैन भंन्या र पश्चीमतर्फ गोरास्मेत १ कम्पु अरू जांछ भंन्या गलवा षवर छ पूर्व ब्रह्मा राजाको ३ बेटा जुदा जुदा बाटो गरि आउन लागिरहेछ नेपाल द्रबारमा पनि सब भारदारहरूले काम छाडि फराकत भयाछन् भंन्या बजारमा सोहोरा चलिरहेछ साचो झुटो जो हो सुन्याको बिस्तार लेषिछ माफ भयाजाला औ आहाको सब मुलुकि काम छोटासाहेबलाई सपुर्द गरि कमिस्नर लसिष्टसाहेब गढतर्फ

जान तयार छन् सिमल्या लाठसाहेबसंग पनि पुग्याछन् भन्या षवर छ भनि लेष्याको रहेछ जाहेर होला शुभम्——

—०—

नं. ३७२

कुमाउबाट आयाको षवर

उप्रान्त असौजका १७ दिन जादा ईन्का अक्टुवर मैह्नाको पैले तारिष हुन्छ तसअर्थ अक्टुवर मैह्नाको पैलि तारिषमा हिन्दूस्तानको सयर गर्नालाई कलकत्ताबाट लाट गवर्नरसाहेबको कुच हुन्छ भन्या कुराको बिस्तार जज तिरयलसाहेबले गर्‍या र कहांतकको सयर हुंन्छ कदाचित् पाहाडमध्ये अल्मोडाको सयरलाई पनी अवाई भया डोटि पहाडमा भयाको तर्तोफा पनि ...१... बाट श्रेस्तावारको पत्रसमेत पठाउनुहुन्यंछ भनि बिस्तार गरियो र अल्मोडामा अवाई भन्या कठिन छ वर्तकदिर अबाइ हुन्या रहेछ भन्या तिमिलाई षवर दिउला हाल भन्या नाउमा सवार भै दनारस आउन्याछन् वाहाबाट कानपुर लषनौ फर्काबाद बरेलिको बाटो गरि मेरठको छाउनीमा जान्याछन् वाहाबाट मेरिको याम हुदा सिमल्याको छाउनिमा गै बस्न्याछन् भन्या बिस्तार जजसाहेबले गर्‍या सो जाहेर होला बांकि येक रोज फरासिसको बादसाह सिकार षेलन गयाको फिर्दा रस्तामा येक सिपाहिले दगासित बादसाहको उपर गोली चलायेछ र बादसाहलाई गोलि लागेनछ पछि उसै बषत पिस्तवल दहेसतले आपना जियपर चलाई सिपाही मरेछ भन्या र हिजोआज हाम्रा बादसाहलाई बडो बेराम भैरहेछ बाचनाको कठिन छ भन्या चैतका मैह्नामा बेलायेतबाट लेष्याको षवर कलकत्ताबाट हाल आईपुग्यो र आहा रहन्या साहेवानहरू हिजोआज फिकरमा छन् येति छापा अषबारमा छापिआयाको बिस्तार हो जाहेर होला बांकि अबका साल जंगि २ पल्टनस्मेत जगा जगामा रहन्या निजामत्को पल्टनसमेत बहुत टुट्यो भन्या षवर सुनिन्छ पल्टन टुट्याको बादसाहिका हुकुमले हो कि कंपनीकोसल्ले हो भन्या बिस्तार बसउठ हुदा साहेवानहरूसंग गरियो र कलकत्ताको कौसल्ले टुट्याको हो पल्टन टुट्याको अर्थ ठेकाको बडकरार पुग्न लाग्यो अब दोश्रो साल ठेकादार कंपनीको बदलि हुन्याछ तसअर्थ आफ्नु ज्यापर्च मिलाउनाको वास्ता पल्टन टुटन लागरहेछ भन्या बिस्तार साहेवानहरूको जवानी सुन्याको हो जाहेर होला सुवाठोर ठाकुरद्वारमा रहन्या पहाडी पल्टन पनि टुट्छ भन्या षल्कि षवर छ डोटिका मदेसतिरको षवर अैले गया वर्षामा दिपसाका छोराहरूले षैरिगढ भन्याको जगा हानिकन चक्लेदारसित जाई ठेका गरि लियाका थिया फेरि आजकाल धौलाराका चोहान रजपुतहरूले त्यो जगा हाम्रो अधिको हो भनि गंगासि भन्याको ५।७ सये लस्कर लि षैरिगढमा आई बस्यो गंगारामसाहीहरू भागि बसंतपुर छोडि अंग्रेजका मुलुकमा गै बस्याका छन् उनीहरूको तकरार हुदा डोटिको मदेसका जिमिदार रैयत भागि कोही अंग्रेजको अम्बलमा गया कोही भावरमा बस्याका छन् २ जिमिदार हाम्रा पहाडमा आई बस्याका छन् अझ फिरि लडाई गर्दछन् भन्या षवर छ अब उप्रान्त जो पायाको लेषुला लेष्दामा ज्यादा कम भयाको माफ भयाजाला शुभम् ——

—०—

नं. ३९९

श्री चौतरियासाहेब

अर्जि ——————————

उप्रान्त गरिब सेबकको अर्थ डोटी सीलगढिमा रह्याका कबिलालाई चतुर्मासाभर साह्रै बीराम हुन जादा सो कुराको बिति बिस्तार गर्दा वेथाको जये बीजये बीचार गरी अल्मोडा जान्या काम गरौला भनी .....बाट मर्जि भयो र केही दीन ढील हुन गयो नीहायेत बेथा थोरो घटि पन्थ्यमा लाग्नीबित्तिकै चाहीन्या षाईषर्च र मामुली ससौंगात ली बीदाबादी भै आयाको कार्तिकको २७ दीन जादा अल्मोडा आइपुग्यां २८ दीन जादा जज तीरियेलसाहेबसंग भेट मुलाकात गरी २९।३० दीन जादा पल्टनीयां साहेवानहरूसंग भेट श्रेस्ताचार गरियो श्रेस्ताचार हुंदा सोधनी गर्‍याबमोजीम निमकको भाउदो र चरणको जस कुसल क्षेम मुनासीबमाफिक बीस्तार गरियो बांकी सोर कालीकुमाउ र अल्मोडामा रहन्या कुरुवा फौज पल्टं जो अघी थीया सोही छन् कास्मीरलगायेत मारवाडको धर्तिभरमा यो साल अवर्षन् भै सुषा पर्दा कानपुरतक मधेसमा अनीकाल पर्‍याको षवर सुनिदा र भदौको मैह्नादेषी आहा पनि वर्षा नहुदा हाहाकालले अल्मोडाबजारमा अनाज आउन बीक्न छोडेछ र अनाज गैह्रको १ हट्टि वंदोवस्त पनि भयेछ तेस वंदोवस्तले पनि पल्टं धानिदा १ हट्टि मौकूफ गरि वनीआ दुकान्दारहरूले पल्टंलाई बेसाह दी पाल्नुपर्छ भनी माहाजनअनुसार दुकानपीछे ५।२५।५० जवान पल्टंका सिपाही हिल्ला लाग्याको रहेछ नीरष भन्या रुपैयाको ८

पसेरी आटा चावलको छ जाहेर होला बांकि जहां जर्नेली कमान रह्याको कर्नेल पारी साहेब हाल बेलायेत गयेछ र दोश्रो कर्नेल नआउन्ज्याल कर्नेली कमान कप्तान मुचेरी साहेबले गर्नु भन्या षतम भयाको रहेछ त्यो कप्तान गरम-मीजाजी पनि रहेछ दीनका २ बषत परेट दलेल गराउदा पल्टका साहेवानसमेत सब सीपाही सब बिराजी छन् अब १०।१२ दीनभित्र सिमल्या लाठसाहेबको मुसाहेबी काममा रह्याको कर्नेल काकसाहेब आउन्या निस्तुक षवर छ बांकी नेपालमा भुकंपले १२ हजार हबेली टुट्यो १२।१५ हजार मानिस पनि षर्च भयो भन्या गल्वा षबर छ षवरको काग-जमा भन्या ८ हजार हबेली टुट्यो हर्मन्साहेबका पनि दोमं-जला कोठीको उपल्लो तला टुट्यो भनी लेषीयाको छ यो षवर कसो हो भनी जजसाहेबले सोध्या र गल्वा षवरको सोभाव तफाबत हुछ हाम्रा सदरबाट आयाको कल्मी षवरमा भन्या भर्नेपालमा पुराना हबेली र देवालय मंदीर गरी ज्मा २ हजार टुट्याका र जषमीसमेत ५ मये मानीस षर्च भयो भनि लेषि आयाको थियो भनी बिस्तार गरीयो र ल्हासा सहर र नेपाल पटना बराबर जमीन मिल्याको हुनाले तेसै रातको भुकंप हुदा मुल भूकंप ल्हासा सहरमा भयेछ र सहरका हबेली बहुत टुटी जमीनसंग बराबर भयेछ तेसभंदा कम नेपालमा नेपालभंदा कम पटना सहरमा हुन गयेछ बाकी जंगी कामको लाट बानसाहेब बेलायेत जान भनी हाल सिमल्याबाट कुंच गरी कानपुर दाषल छन् जंगी मुल्कि दुवै कामको अषत्यारी लाट गवर्नर वेंटींग साहेबलाई भयो सयेर सफरको अर्थ गवरनर साहेब हाल कलकत्तामा छन् केही वंदोवस्त पनि गर्नु छ मदराजतरफ जान्याछन् बाकी लाहोरवाला रणजितसिले कस्मीरका वंदोवस्त गर्न आफ्नु छोरा सेर्सिलाई पठायाको थियो आफु भन्या रातदिन जनानषानमा रहन्या कारिंदाहरूले दोबर बढाई रकम लीदिदा कस्मीरका रैयत भागी १ साल गाउ पर्गघ्रा बैरान हुदा रणजीतसिं गै कस्मीरको बंदोवस्त गरी लाहोर गयाको हीजोआज अधेंगी बाथले रणजीतसिं बहुत वीरामी छ भन्या षवर छ जो हुन्छ भनी येती बिस्तार जज साहेबले गर्याको हो जाहेर होला बाकी हीजोआज अंरेजको भारी फौजको जनाउ लुध्याना मेरठ्या छ उप्रान्त कच्चा पक्का षवर जो पाईयेला सुनीयेला जाहेर गरी पठाउला आईन्दाके मालक महातारी चरण हुनुहुछ हर्नौर गरिव पर्वास्तपर नोगाह रह्याजाला ज्यादा हद् अदब शुभम् — — —

ईत गरिब चतुर्भुज मल्लको सलाम ३
९० साल कार्तिक शुदी ६ रवौ अल्माडे शुभम ——

—०—

नं. ४५९

दिल्लि समर किल्ला सहरयनाको नाप—

गिर्द कदम जम्मा — — — — —	१३१७९
पश्चिम ढोका लाहुरि दरोजादेषि काव्यलि	
दरोजासम्म कदम	— — ९६०
तस्देषी मौरि दरोजासम्म कदम — — — —	५६०
तस्देषी कस्मेरि दरोजासम्म कदम — — — —	९९०
तस्देषी बरसीषना षिड्किसम्म कदम — — —	७७०
तस्देषी लालदरोजासम्म कदम — — — — —	२९०
तस्देषी केलघ्याट षिड्किसम्म कदम — — — —	३४५
तस्देषी निगंबोधघ्याट दरोजासम्म कदम — — —	५००
तस्देषी षिड्किढोकासम्म कदम — — — — —	१९०
तस्देषी षिड्किघ्याटसम्म कदम — — — —	५१०
तस्देषी राजघ्याट दरोजासम्म कदम — — —	१७००
तस्देषी षिड्किढोकासम्म कदम — — — —	६६०
तस्देषी वाक्या षिड्किसम्म कदम — — —	६१६
तस्देषी दिल्लिदरवाजासम्म कदम — — —	९९०
तस्देषी तूरुकमान दरोजासम्म कदम — — —	१११०
तस्देषी अज्मेरि दरोजासम्म कदम — — —	१४४५
तस्देषी फराशषाना षिड्किसम्म कदम — — —	९९५
तस्देषी लाहोरि दरोजासम्म कदम — — —	९९९

काव्यलि दरोजादेषी पुरव किनारा निगंबोध घ्याटसम्म सहर्को पूर्व पश्चिम कदम २३००

—०—

नं. ५२

अर्जि — — — — — — — — —

उप्रान्त प्रयागतर्फ सिपाही पठायाका छन् बुटवलमा साहेब भयापछि पायासम्मको षवर चरणकमल तल अर्जि चढ्या-उला भनि बिन्ति गर्याको हो प्रयाग किल्ला भत्क्याका येक सये तृपन्न हात १५३ रहेछ तेसतर्फका गोला तोप किल्ला गिर्दा दषिनतर्फ जमुनामा डुब्याछन् गढिदेषि आधा कोस उत्तरमा बांद टुटि गाउं ७ किठ्यानिस्मेत डुबि दिन तिन प्रहरसम्म जलाम्वय भयेछ मानिस भन्या सबै गाउं सहर

40

छोडि बांदमा बस्याछन् अन्न बस्त्र मालताल सबै डुबेछ आजतक आलमाल षन्दै षोजदै छन् कच्चि घर सबै भत्क्याः छन् पक्का घर मात्र रह्याका छन भन्या आफना आफना घड्याम्मि घर बनाई बस्नछौं भन्दा घर बनाउन हुदैन गंढिका अगाडि मैदान चांहिन्छ भनेछ र कोहि अन्त गै बस्या कोहि आजतक बांदैमा बस्यार्क छन् भन्या पश्चिम-बाट लडाञि हारि अंगभंग भयाका गोरा २ पटेला प्रयागमा आयाका छन् भन्दा सुनियाको हो तिनलाई भन्या आंषाले देषन पायेनछन् २ पटेला थिया पटेलाबाहिर निस्कन दिदै-नथ्या सिपाही पहरा बस्याका थिया निश्चय होगया भन्या बोलि याहांका मानिस बोल्दथ्या भन्या षबर ल्याया देषन पायेनछन् म पनि गोरषपुरको गलवा षबर हेरै सुन्दा पाल-पाको मुहंडा गोरषपुरै हो ताम्रांको क्या डउल रहेछ बुझि जान्या हो भनि गाईघाट १ पैनावलको बाटो गरि गोरषपुर नजिक पर्न्या गरि आंड्या गोरषपुरका पूर्व पलियाभार ठानामा डांक परेछ डांक पर्दा गोर्षालिले हो भन्या हौराहा गर्न्याछन् ताहांपछि सडक षनायेछ उसका मुलुक पश्चिमतर्फ जाहां ताहां सडक तयारि हुन लागिरहेछ गोरषपुरदेषि २५ सवार आई लोठनमा बस्याका रह्याछन् सिप्रानासंग बाटो बनायाको छ तेस आसपासिका मानिस भन्या गोर्षालिसंग येसै वर्ष लडाञि हुन्या थियो पश्चिममा लडाञि हुन जादा याहां अहिले तयारि ताकिति जिनिस षरिदि मात्र हुन्छ आगापर लडाञि हुन्छ भन्या बोलि गर्दा रह्याछन् गरिप्रवर शुभचिन्तक हुं केहि देष्याको केहि सुन्याको चरणकमलतल अंजि चह्रायाको छ सिपाहि बिरामि छन् ईनलाईस्मेत लि कार्तिकभरमा चरणकमलतल हाजिर हुंला केवल आधार षांमिदैको छ जो हुकुम — — — — — —

शुभचिन्तक श्रीनन्द उपाध्या कड्यालको चतुर्वेदोक्त आसिर्वाद — — — —

कार्तिक शुदि ६ रोज ४

—०—

नं. ३८२

उप्रान्त लाहुरसंम षबर बुझन पठायाका मानिसहरूले ल्यायाको समाचार सुघाठोरको बाटो गरि बेलासपुरको घाट उत्री रजितसिं बस्याको अम्बर सहरमा कार्तिक मैह्नाको १५ दिन जादा पुगी १० दिनसंग उसै जगामा बसि लोध्यानाको बाटो गरि आयाछन् गोर्षालि पल्टनका छाउ-नीमा गइ डेरा गर्न्याछन् फिरिंगीको र सिंघको लडाई हुन्छ भन्या बोलि गर्दछन् क्या बातमा हो भनि गोर्षालि सुबेदार ज्मादार षाल्साहरूसित बुझदा उनिहरूले कहयाको समा-चार पहिले तकरारको बिज निस्क्याको माडवारको र सिंघको बिचमा कसुर भन्या मुल्कमा १३ लाष रुंया उठन्या रहेछ चौअंनी सिंघलाई दिन्थ्यो आधा मुलुक सतरु-द्राबारि आधा मुलुक सतरुद्रापारि तेस मुलुकको राजा मुसलमान रहेछ उही राजा फिरिंगीसित मिलि फिरिंगीको छाउनी कसुर भन्या जगामा हाल्न लगेछ यो राजा त हामिले राष्याको पो हो र तइले जाहां किन छाउनी हालिस् भनि छाउनी पोलिदियाछन् ३ फेरा छाउनी फिरि-गीले हालेछ ३ नै पल्ट सिंघले पोलिदयेछ फेरि आफै षड्गसिं येक सै येक तोप बाह्र हजार सवार लि गइरहेछ फिरिंगीको र सिंघको मोहाडा जोरियाको कसुरमा १ ठाउ लोध्यानामा १ ठाउ २ ठाउ जारियाको छ लोध्यानाको मोहडामा सिंघतर्फको सर्धासिं भन्याको सरदार १ हजार सवार लिकन बस्याका छ फिरिंगीका जनरल कागसाहेब कर्णेल बयेटेनसाहेब २ पल्टन लि लोध्यानामा बस्याको छ लोध्यानादेषि येक सै कोस अंबर सहरमा रंजितसिं डेढ् लाष सवार १३ पल्टन लि बस्याको छ गोदाम षजाना पनि सतरुद्राका किनारामा तयारि गर्न लागीरहेछ फिरि-गीको कपतान किग्रिसाहेब पनि अडा अडामा गोदाम षजानाको ताकिति गर्न लागीरहेछ मेरठमा र आगरामा फौजको पनि जमा उ गर्न लाग्याको छ वहाका षलकि बोलि भन्या सिंघतर्फकाले येस पालि फिरिंगीसित मुकर १२ मैह्नाभित्र लडाई हुन्छ भन्या कुरा गर्छन फिरिंगीतर्फका मारिसहरूले पनि सिंघसित निश्चै लडाई हुन्याछ भंछन् घाटबाट भन्या सबै सिंघका हातमा कायेम छ भन्या बोलि गर्छन् सिंघको र फिरिंगीको दोसादमा आलुआले भन्याको येक राजा थियो उस राजाले सिंघलाई कर तिर्दथ्यो दोसाद हुनाले फिरिंगीसंग तकरार परेछ पछि उहि आलुआले भन्याले क्या ठानेछ र फिरिंगीसित तकरार गर्न्या होइन भनि सिंघलाई छोडी फिरिंगीसित मिलन गयेछ फिरिंगीले पनि त्यो लाहुर हाम्रो सर भयापछि ताहाको मालिक तुल्याइदिउला भन्या षातिरजामा दियेछ र बसि सहर भन्या जगामा बस्याको छ फिरिंगीलाई आफ्नु तयारि गर तयारि भयापछि म अगुवा भै जाउला भन्या कुरा गर्छ भनि सिंघका फौज र फिरिंगीका फौज दुवैतर्फका सुबेदार ज्मादार षाल्सा महाजन जिमिदारहरूले येस्तै कुरा गर्छन् भन्या

माचार ल्याया बडा बडा मानिसहरूले भन्याको समाचार होइन कोहि कुरा सांचो झुटो होला चरणबाट तजबिज हुन्यैछ शुभम् – – – – – –

—०—

नं. ३८७

श्री प्रयाग श्री जमुना

१ २

नागोर. जयपुर. जोतपुर. रजपुतानतरफ षवर बुझन पठायाका हल्कारोले कह्याका षवरको फर्द – – –

उप्रान्त भरतपुरका राजाको र जंगि जर्नेल लिकसाहेवको धर्म भै भरतपुरको लडाई माकुप भयाको थियो जर्नेल लिक साहेब र भरतपुरका राजा मच्यापछि भरतपुरका राजाका छोरा रजाई गर्थ्यां. उनका जंगि कामको मुक्तियार जुहवारिलाल भन्याको कायत रहेछ ऊसकि छोरि कोहि रजपुतलाई दियाको रहेछ र रस्तामा डोला जांदा भरतपुरका राजाले देष्याछन् कस्को डोला हो भनि सोद्धा जुहवारिलालका छोरिको हो भनि वरपर रहन्या आदमिले भंदा त्यो डोला आहा ल्याउनुषर्छ भनि राजाले हुकुम दियाछन् र मानिसहरू डोला फर्काउन जादा अब मेरो नौमत हुन्छ मैले बांचन्या होईन भनि जुहवारिलालकि छोरिले जहर षाई मर्दा मेरा छोरिको यो नौमत भयो त तिम्रा मुलुकको नौमत गर्छु भनि लाष रुपैया अंरेजलाई दि मेरो पिछा लेऊ म भरतपुर सर गरिदिन्छु भनि लस्कर चढाई भरतपुर अंरेजको मर गराई राजा कैदमा थिया उस्तैमा अंरेजले जुहवारिलाल कायतलाई राजासाहेबले सब बातको मुक्तियारि तलाई दियाको थियो कि भनि सोद्धा सबै कामको मुक्तियार मलाई थियो ठुजो अयेस गर्थ्यां भनेछ र मुषमा थुकि गदाहामा चढाई चारपाट्या गरि ढोल बजाई निमकहराम गर्न्या षुनिको यो गत हुन्छ भनि सहर घुमाई वपाईदियेछ फेरि अधिको करार ठूलो पायाको हुनाले भरतपुरभरको पुलसदारि काम दियाको रहेछ राजालाई र...१... का किल्लामा राष्याको थियो कैदैमा थिया. भरतपुरका राजाको र जोतपुरका राजाको दोस्ति रहेछ केहि युक्तिले गरि मलाई आहाबाट ऊकास्न्या काम गर्न्या बढिया होला भनि पठायाका रहाछन र पनालको बाटो गरि...२... का किनारासंम तिमिले निस्कनु सौदागरको बाहना गरि २ घोडा उहाँसंम पुर्‍याईदिन्या काम गरौला. उसै घोडामा चढि तिमिले आउनु भनि जोतपुरका राजाले भनि पठायाको रहेछ. ऊहि व्यवस्थासंग भरतपुरका राजा जोतपुर गयाछन्. नागपुरका राजा पनि कैयतमा थिया. उस्तैमा अंरेजसित केहि बातको तलमाथि पन जांदा कालापानि पठायाको. ऊहाबाट भागि रंजितसिंसंग पिछा पर्न गयाछन्. अंरेजका दहसतले पिछा लिन सकेनछ र ऊहादेषि बैरागिको भेक गरि जोतपुर गयाछन्. बैरागिको जमातमा बस्याका रह्याछन्. उस्तैमा कंचनि नाचन गयेछ र जमातमा टक्का पैसा सबै बैरागिले दियाछन्. राजाले आफुले लायाको अंगुठि दियाछन्. कंचनिले ऊ अंगुठि दोकानमा जंचाउन लैजांदा माहाजनले यो माल तैले काहा पाइस् भनि कंचनिसंग सोद्धा फकिरले दियाको हो भनिछ. दिन्या फकिर पैचान्न सकछेस् कि भंदा पैचान्दछु भनिछ र ऊ माल लि माहाजनले जोतपुरका राजासंग लगेछ. राजाले पनि यो माल काहां पाइस् भनि सोद्धा यो बिस्तार सबै गरेछ. कंचनिलाई ल्याई बैरागिका जमातमा लेगि दिन्या मानिस इनै हुन् भनि पैचानिदिछ र तिमि को हौ जस्ताको तस्तो भन तिमि साना आदमि त होइनौ तिम्रो दर्द म पुर्‍याउंला भन्याछन् र म नागपुरको राजा हुं रंजितसिले पिछा लिन सकेन यस दर्दले आइ ह्यांछु भनि आफ्नु बिस्तार गर्न्याछन् र तिम्रो पिछा लिंला. तिम्रा षातिर जो गर्नुपर्न्या काज म गरुंला भनि षातिरजमा दि राष्याको रहेछ. नौ कोटि मारवाड भरहिंदुस्तान रजपुतानको यक मतो गरि नागपुरका राजा र भरतपुरका ई २ जनालाई हामिले सोप्नु छैन हाम्रो सिर दिनु कबुल छ भन्या बन्दोवस्त भयाको छ. अंरेजहरूले जोतपुरका राजासंग हाम्रो षुनि देऊ भनि मागन पठाउंदा राज्ये दौलथ सबै तिमिसित छ ईनले क्या षुन गर्‍या सिरिफ आपनु ज्यान मात्रै आयाको छ ईनलाई सोषन सकिदैन. अंरेज बादसाहा हो भनि मान्याको छ. आपना पुषले लडाई गराऊछन् भन्या तयार छौ. हाम्रो सिर नजाई सौपिन्याछैन भन्या जवाप जोतपुरका राजाले दिया. अब लडाई हुन्छ भन्या कुरा गर्थ्यां भनि कह्या शुभम् — — – – – – – –

—०—

नं. ३९०

हलकारा अर्जुंल मिश्र यज्ञनिधि पाध्याले दिल्लीबाट ल्यायाका षवरको फर्द — — – – – – –

उप्रान्त दिल्लिमा गै बालासंकरको घरमा बस्याका थिय्यौं बालासंघरसित आहाको हाल्सुरथ क्या छ भनि हामिले सोदा आजभोलि अंरेजको फौज ज्यावंत काबिलतर्फ गय

लाहाबाट गयाको फौज फिर्याको छैन फेरि नया फौज जमाउन लाग्याको थियो काबिल गयका मानिस फिर्दैनन् भन्दाखातिर मधेसिया कोहि कबुल गर्दैनन् पाहाडिलोगहरू ब्येहोरा नपाउन्या भति हुन्छन् काबिलको ब्येहोरा सुन्दा पनि भागि आउछन् अंरेजको फौज दिल्लिमा २।३ सौं मेहरटमा ४।५ सौं छ उहि पनि दिनहुं बढाई गर्छन् बाधुगढ भन्या जगामा पहरा चौकि गर्न्या मानिस मात्र छन् हामि दिल्लि बसंज्याल टट्टु टागन उंट बयेल जति पाया को षरिद गरि दिल्लिमा राष्याको थियो हामिहरू लाहाबाट आयापछि सब लिलाम भ-यो भन्या षबर रस्तामा सुन्याथिउ काबिलबाट फिरि आयाको ४ सौं लस्कर हामिले भन्या भेटेनौ दिल्लिदेषि १५।१७ कोसपुढो बस्याको थियो तेस लस्करमा कत्तिका हात कत्तिका षुट्टा काटियाका छन् बिना घाउ नलाग्याको षालि कोहि छैन तिनिहरू त अंरेजको बदबोई गर्न आया जति घाउ लागी आयाका मानिस छन तिनिहरूलाई काटिदिनु भनि दिल्लि बस्न्या साहेबले उर्दी दियो भनि गल्लिमा गलवा षबर थियो भनि कह्या शुभम्- — — — — — — — — —

—०—

भौमगुप्तको पतनपछिको नयाँ संवत्

–शंकरमान राजवंशी

संवत्को प्रचलन विभिन्न किसिमको हामी पाउंछौं। जुन प्रचलन महापुरुषहरूको नामबाट राजनैतिक परिवर्तन-बाट वा प्रभावकारी महत्वपूर्ण घटनाबाट भएका छन्। संवत्मा सवप्रथम कलिसंवत् छ। कलिसंवत् महाभारतको युद्धपछि चलेको हो भन्ने कुरा दक्षिण चालुक्यवंशी राजा पुलकेशी (दोस्रा) का समयको एहोलको पहाडखण्डमा रहेको जैनमन्दिरको शिलालेखबाट थाहा हुन्छ। त्यसमा महाभारतको युद्धदेखि ३७३५ तथा शकराजा (शकसंवत्) को ५५६ वर्ष बितेपछि यो मन्दिर बनाइयो भन्ने लेखिएको छ। यसबाट (३७३५–५५६–३१७९) शकसंवत्भन्दा ३१७९ वर्षपहिले महाभारतको युद्ध भएको थियो भन्ने देखिन्छ◈। भारतको युद्धमा विजय पाएपछि युधिष्ठिरले राज्य चलाए। तसर्थ कलिगतसंवत्लाई युधिष्ठिरसंवत् पनि भन्दछन्। ताडपत्रमा लेखिएको सुमतितन्त्र नामको ज्योति-षविषयक पुस्तकको दोस्रो पत्रमा संवत्का विषयमा यसरी उल्लेख गरिएको छ जस्तै:–

युधिष्ठिरश्चहाराजो दुर्योधनस्तयोः पिता।
उभौ राजौ सहस्रे द्वे वर्षन्तु सम्प्रवर्तति
नन्दराज्य शताष्टं च चन्द्रगुप्तस्ततोपरे।
राज्यं करोति तेनापि द्वात्रिंशच्चाधिकं शतम्।
राजा शूद्रकदेवश्च वर्षसप्ताब्धिचाश्विनौ।
शकराजा ततः पश्चाद्वसुरन्ध्रकृतन्तथा।

(राष्ट्रिय अभिलेखालय विषयांक ४९५ को सुमतितन्त्र)।

(२००० वर्षसम युधिष्ठिर र दुर्योधनको संवत चल्छ। त्यसपछि ८०० वर्षसंम नन्दको संवत् चल्छ। त्यसपछि १३२ वर्षसम चन्द्रगुप्तको संवत् चल्छ। त्यसपछि ४९८ वर्षसंम शकसवत् चल्छ)◈।

अर्को कुरा दैवज्ञशिरोमणि लक्ष्मीपतिले वि. सं. १८५४ मा बनाएको रत्नदीपक नामक ज्योतिषपुस्तकको टीकामा संवत्मा विषयमा भविष्योत्तर वचन यसरी दिइएको छ। जस्तै:–

कुरुवंशोदभवो राजा कुन्तीपुत्रो युधिष्ठिरः।
वेदवेदाभ्ररामाब्द ३०४४ स्वशक चालयिष्यति।
जातेऽधर्मे पुना राजा विक्रमार्को भविष्यति।
शालिवाहो नृपो नाम शंकरारधने रतः।

(रत्नदीपटीका)।

(कुरुवंशमा पैदा भएका कुन्तीका छोरा राजा युधि-ष्ठिरको संवत् ३०४४ वर्षसंम चल्नेछ। फेरि अधर्म भएमा राजा विक्रमार्क हुनेछन्। १३५ वर्षसंम उनको संवत् चल्नेछ। त्यसपछि शंकरको आराधना गर्ने शालिवाहन नामका राजा हुनेछन्)।

◈ यो कुरो मेरो नेपाली लिपिविकास नामक पुस्तकको ११ पृष्ठमा पनि दिएका छ। त्यसमा ३७३५ को ठाउंमा ३७५३ भई हिसाब अशुद्ध हुन गएको छ।

◈ यस सुमतितन्त्र पुस्तकको अन्त्यमा कुनै बुद्धिमान् मानिसले यस श्लोकको गद्यमा टीका लेख्दा शक ४९८ पछि मानदेवराज्याब्द ३०४ भनी श्लोकका भन्दा बढी कुरा थपिदिएको छ। त्यो कल्पित हो भनी मेरो लिच्छविसंवत्को निष्कर्ष नामक पुस्तकमा खण्डन गरिएको छ।

यसरी युधिष्ठिरका पालादेखि संवत्को प्रचलन हुंदै नन्दका पालामा नन्दसंवत्, विक्रमका पालामा विक्रमसंवत्, चन्द्रगुप्तका पालामा चन्द्रगुप्तसंवत्, शूद्रकका पालामा शूद्रक-संवत् र शकका पालामा शकसंवत् चलेको रहेछ भन्ने कुरा थाहा पाइन्छ । तर यी सबै नेपालमा चलेका संवत होइनन् । तसर्थ अब नेपालमा प्रचलित संवत्का विषयमा विचार गरौं ।

नेपालमा लिच्छविकालमा सर्वप्रथम लिच्छविसंवत् चल्यो । त्यो लिच्छविसंवत् शकपूर्व २२ मा चलेको हो भन्ने कुरा मैले लिच्छविसंवत्को निष्कर्ष नामक पुस्तकमा प्रतिपादन गरिसकेको छु, जुन संवत् लिच्छविले किरातलाई विजय गरेपछि चलेको थियो । यो लिच्छविसंवत राजा शिवदेवका पालासम्म चल्दै रह्यो । अंशुवर्माका पालामा आएर त्यस लिच्छविसंवत्लाई छाडेर अर्को संवत् देखापर्दछ । त्यस संवतको नाम कतै उल्लेख भएको पाइएको छैन । त्यसकारण त्यस संवतका विषयमा विभिन्न इतिहासकार हरूले आफ्ना विभिन्न मत प्रतिपादन गरेका छन् ।

सर्वप्रथम भगवानलाल इन्द्रजीले त्यसलाई वि.सं. ६६३ देखि चलेको हर्षसंवत् भनी प्रतिपादन गरे । सिलवन लेभीले चाहिं त्यसलाई वि. सं. ६५२ देखि चलेको भोटेसंवत् भन्ने कल्पना गरे । के. जी. शंकरले त्यसलाई वि. सं. ५९५ देखि चलेको यशोवर्मसंवत् भन्ने तर्क निकाले । पं. हेमराज शर्माले त्यसलाई वि. सं. ६३३ देखि चलेको मानदेवसंवत भन्ने अठोट गरे । बालचन्द्र शर्माले त्यसलाई वि. सं. ६२८ देखि चलेको ठकुरीसंवत भन्ने विश्वास गरे । रमेशचन्द्र मजुमदारले त्यसलाई वि. सं. ६३५ देखि चलेको संक्षिप्त शक-संवत् भन्ने निष्कर्ष निकाले । हितनारायण क्षाले त्यसलाई वि. सं. ६३१ देखि चलेको अंशुवर्मसंवत् भनी कलम दौडाए । कारण त्यस वेला गणना गर्ने कुनै खंदिलो आधार थिएन ।

अहिले चांगुनारायणको पादपीठमा रहेको अशुवर्माको एक सुवर्णपत्र प्राप्त हुन आयो । त्यस सुवर्णपत्रमा संवत् ३१ माघ शुक्ल त्रयोदशी पुष्य नक्षत्र आइतवारको मिति उल्लेख गरिएको छ । त्यस मितिलाई उपर्युक्त सबै मतमतान्तरबाट गणना गरी हेर्दा कुनै मतमतान्तरबाट पनि मिल्न आएन । त्यसकारण यो संवत् कहिलेदेखि चलेको रहेछ भनी अनुसन्धान गर्नुपर्ने भयो र संवत् ३१ कै अधिकमासको उल्लेख भएको अंशुवर्माको अर्को अभिलेख पनि पाइयो । अनि त्यस वर्षमा अधिकमास परेको पनि रहेछ भन्ने ज्ञात हुन आयो । अधिकमास पर्ने कुनचाहिं वर्षमा उक्त सुवर्णपत्रमा उल्लिखित मितिको गणना मिल्न आउला भनी अनुसन्धान गर्दै जांदा अधिकमास पर्ने शकसंवत ५०५ मा गएर उक्त सुवर्णपत्रमा उल्लिखित मितिको गणना मिल्न गएकोले ५०५–३१ = ४७४ शकसंवतदेखि अंशुवर्मसंवत् उठेको रहेछ भन्ने देखियो । यो अशुवर्मसंवत राघवदेवका पालामा गएर शकाब्द ८०२ मा टुंगिन्छ । राघवदेवका बाबु तृतीय मानदेवका पालामा लेखिएको सहोत्तरतन्त्र नामक सश्रुत ग्रन्थ पाइएको छ । सो पुस्तक केशरपुस्तकालयमा छ । त्यस पुस्तकको पुष्पिकामा संवत् ३०१ वैशाख शुक्ल सप्तमी पुष्य नक्षत्र आइत वारको मिति उल्लेख गरिएको छ । त्यसलाई पनि शकाब्द ४७४ बाट उठेको अंशुवर्मन् संवतबाट गणना गर्दा मिलेकोले अंशुवर्मसंवत शकाब्द ४७४ बाट उठेको रहेछ भन्ने कुरालाई पुष्टि दिएका छ । अब शकसंवत ४७४ मा कस्तो घटना भएछ भनी विचार गर्नुपर्ने भयो ।

वसन्तदेवका पालादेखि आभीर गुप्तहरूले राजकाजको काममा स्थान पाइसकेका थिए भन्ने कुरा उनका पालाका अभिलेखहरूबाट थाहा पाइन्छ । यी गुप्तहरू आफूलाई गोमी भन्दछन् । प्रशस्त गाई भएकालाई त्यस ताका गोमी शब्दको प्रयोग गरिन्थ्यो । भीमगुप्तकी आमा आभीरीले पशुपतिमा राखेको अभिलेखमा आफूलाई गोमिनी भनि उल्लेख गरेकी छन् । वसन्तदेवको अभिलेखमा दूतकका रूपमा गुप्तहरूको उल्लेख पाइन्छ । तिन ताका राजाको आज्ञा जनतासम्म पुऱ्याउने काम गर्ने अधिकारी दूतक कहलाउंथ्यो । राजाको विश्वासपात्र नभई दूतक बन्न त्यसै पाइंदैनथ्यो । वसन्तदेवका दूतक रविगुप्तले सर्वदण्डनायक महाप्रतिहार भन्ने पदवी पाएका थिए । लिच्छविकालमा शान्ति-सुरक्षासंबन्धी काम गर्ने पुलीसविभागका उच्च अधिकारी-मध्ये मुख्य अधिकारीचाहिं सर्वदण्डनायक भनिन्थ्यो । कूट-नीति आदि विभिन्न आवश्यक कुरा राजामा जाहेर गर्ने अधिकारीमध्ये मुख्य अधिकारीचाहिं महाप्रतिहार भनिन्थ्यो । त्यसकारण यी रविगुप्त वसन्तदेवका पालामा शक्तिशाली थिए भन्ने थाहा हुन्छ । लिच्छविसंवत् ४३४ देखि यी रविगुप्त शक्तिशाली हुंदै लिच्छविसंवत् ४५४ ताका आएर राजाका सहायक शासकसमेत हुन पुगेका थिए ।

तर लिच्छविसंवत् ४५४ को बलम्बु चोकिटार र पार्सिख्यको वसन्तदेवको अभिलेखमा रविगुप्तका साथै महासामन्त क्रमलीललाई पनि सहायक शासक बनाई अधिकार दिएको उल्लेख छ । यी क्रमलीललाई श्री पदवी लगाएको र रविगुप्तलाई नलगाएको हुनाले रविगुप्त जातिसुकै शक्तिशाली भए तापनि रविगुप्तभन्दा क्रमलील माथिल्लो तहका रहेछन् भन्ने बुझिन्छ । किनभने यी क्रमलील महाराज महासामन्त हुन् । यसरी महाराज महासामन्त क्रमलील वसन्तदेवका सहायक शासक भई राजनीतिमा भूमिका खेल्न पुगेका थिए । यसको फलस्वरूप कए वर्ष नबित्दै वसन्तदेव तथा रविगुप्तको अन्त्य भयो । त्यसैले लिच्छविसंवत् ४५५ मैत्रमा प्रतिहार ध्रुवसंघले राखेको पशुपति भस्मेश्वरको अभिलेखमा राजाको नामोल्लेख छैन । त्यस बखत गद्दीमा को बस्ने भन्ने निश्चित भइसकेको थिएन भन्ने बुझिन्छ । किनभने राजदरबारभित्र रहने प्रतिहार ध्रुवसघले शिलालेख राख्दा राजाको उल्लेख नगर्नु एउटा घटित घटनाविशेषको कारण हुन सक्दछ । त्यसपछि लिच्छविसंवत् ४६७ मा रामदेवका पालामा यी क्रमलील पूरापूर शक्तिशाली भइसकेका देखापर्दछन् । यसरी क्रमलीलको कूटनीतिद्वारा रविगुप्तको पतन भयो । त्यसपछि गुप्तहरूको शक्ति केही सेलायो ।

तर लिच्छविसंवत् ४७९ मा राजा गणदेवका पालामा भौमगुप्तले पुनः रविगुप्तको स्थान पाए । लिच्छविसंवत् ४८२ मा गएर आफ्नो पदवीमा श्रीसमेत थप्न पाएकाले रविगुप्तभन्दा एक तहमाथि पुग्न यी भौमगुप्त समर्थ भएका थिए । लिच्छविकालमा श्री पदको ठूलो महत्व थियो । श्री भन्ने पदवी तिन ताका राजाले अथवा राजासरहका व्यक्तिले मात्र लाउन पाउंथे । तसर्थ गद्दीमा गणदेव रहे तापनि राज्यको सारा अधिकार भौमगुप्तको हातमा थियो । राजामा जाहेर गरेर निकासापुकासा गराउने कुराबाहिं केवल औपचारिकता पुऱ्याउनु जस्तो मात्र हुन्थ्यो । लिच्छविसंवत् ४८२ मै बभ्रुवर्माले पनि दूतक भई उनी राजदरबारका एक अधिकारी हुन पुगेका थिए ! तर क्रमलीलले जस्तै यी बभ्रुवर्माले भौमगुप्तप्रति कूटनीति खेलेनन् । यी बभ्रुवर्मा भौमगुप्तकै पक्षपाती भए । त्यसैले लिच्छविसंवत् ४८९ मा राजा गंगादेवले आफ्ना पालामा आफ्नो पक्षपाती वृषवर्मालाई दूतकमा नियुक्त गरे । तर राजा गंगादेवका पालासंम पनि भौमगुप्त शक्तिशालीनै थिए ।

गंगादेवपछि गद्दीमा शिवदेव बसे । तर लिच्छवि राजा केवल नाममात्रको भई सारा अधिकार भौमगुप्तका हातमा गएको र आफ्ना पुर्खाले भौमगुप्तबाट अधिकार खोस्न नसकेको कुरा लिच्छविराजा शिवदेवको मनमा खटकन लागेको थियो । भारतका राजा चन्द्रगुप्तले नन्दवंश खतम गर्नाका निमित्त कूटनीति खेल्ने चतुर चाणक्यको सहायता पाए जस्तै कूटनीति खेल्नामा सिपालु सुयोग्य व्यक्ति सामन्त अंशुवर्माबाट सहायता पाएपछि शिवदेवले भौमगुप्तलाई पन्छाउने सुसंगठित योजना बनाए । अंशुवर्माको कुशल नेतृत्वले गर्दा त्यस योजनाबमोजिम भौमगुप्तको हातमा गएको आफ्नो अधिकार खोस्न शिवदेव सफल भए । राज्यको अधिकार पुनः आफ्नो हातमा आएपछि शिवदेवले आफूलाई "लिच्छविकुलकेतुः" (लिच्छवि कुलका झण्डा) भनी घोषणा गरे । लिच्छविसंवत् ५१२ मा शिवदेवले राखेको विष्णुपादुकाफेदीको अभिलेखमा आफ्नो प्रशस्तिमा लिच्छविकुलकेतुः भनी उल्लेख गरेका छन् । त्यस अभिलेखमा भौमगुप्तले पाएको उनको श्री पदवी झिकिएका र दूतकचाहिं महाबलाध्यक्ष कुलप्रवीरलाई बनाइएको छ । लिच्छवि कालमा प्रधान सेनापतिलाई महाबलाध्यक्ष भन्ने पदवी दिइन्थ्यो । त्यस वेलाको महाबलाध्यक्ष भन्ने पदवी युवराजसरहको हुन्थ्यो । यहां राजाका मुख्य विश्वासपात्र महाबलाध्यक्ष कुलप्रवीर हुनाले सेना पनि राजा शिवदेवकै पक्षमा भइसकेका थिए भन्ने ज्ञात हुन्छ । अंशुवर्माले क्रमलीलका पालामा भएका घटनाको इतिहास थाहा थियो । त्यसैले स्थिति अनुकूल नभएसंम आफू अगाडि देखा नपरी भित्रभित्रै अंशुवर्माले भौमगुप्तको शक्ति घटाउंदै लगे । जब स्थिति राम्रो अनुकूल भएथ्यो अनि मात्र अंशुवर्मा अगाडि देखापरे । यसरी बलवान् भौमगुप्तलाई हटाउन सकेकोले शिवदेव अंशुवर्मादेखि निकै प्रभावित भए । त्यसैले अंशुवर्माले शिवदेवका साथैमा रहेर शासन चलाउन पाए । लिच्छविसंवत् ५२६ संम अंशुवर्माले साथमा लिई शिवदेवले शासन चलाए ।

शिवदेवले राज्य त्याग गरेपछि अंशुवर्मा स्वयं शासक हुन पुगे । अनि अंशुवर्माले नयां संवत्को आरम्भ गरे । त्यस बखत भौमगुप्तबाट शासन खोसेको २९ वर्ष पुगेको थियो । त्यसैले अंशुवर्माले सर्वप्रथम बुंगमतीमा अभिलेख राख्दा सवत् २९ अंकित गराए । अंशुवर्माले संवत् १ देखि शुरू नगरी एकैचोटि २९ देखि किन शुरू गरे, यसको

रहस्य हो भौमगुप्तका पतनको श्रीगणेश । अंशुवर्माले भौमगुप्तको एकाधिकार शासन हटाउनाका निति एक सुसंगठित योजना तयार गरेका थिए । त्यस संगठनमा देशवर्मा सम्मिलित थिए । यी देशवर्मा भौमगुप्तका विरोधी थिए । त्यसैले लिच्छविसंवत् ४९५ मा देशवर्माले आफ्नी आमा देशभट्टारिकालाई मातृदेवताको जीर्णोद्धार गरी राख्न लगाएको पाटन शंखमूल सिकुवहीको अभिलेखमा भौमगुप्तको नाम लिएका छैनन् । अंशुवर्माले भौमगुप्तलाई हटाएपछि यी देशवर्मालाई दूतकमा नियुक्त गरे । त्यसैले लिच्छविसंवत् ५२० को खोपासीको शिवदेवको अभिलेखमा दूतक यी देशवर्मा देखिन्छन । अंशुवर्माले शासन हस्तगत गरेपछि पांचाली शासनपद्धति अपनाएका थिए । यो पांचालीपद्धति अचेलको पंचायतपद्धति जस्तो थियो । यसरी अंशुवर्माले राजनैतिक परिवर्तन ल्याए । यसरी परिवर्तन ल्याएर स्थिति बलियो नभएसम्म अंशुवर्माले नयाँ संवत् चलाएनन् । अंशुवर्मा बलियो भएपछि गुप्तहरूले टाउको उठाउनसम्म पनि सकेनन् । त्यसैले अंशुवर्माले नयां संवत् चलाउंदा भौमगुप्तको पतनको श्रीगणेशलाई लक्ष्य गरी चलाएका हुन् । भौमगुप्तका पतनको श्रीगणेश लिच्छविसंवत् ४९६ मा भएको बुझिन्छ । लिच्छविसंवत् शकपूर्व २२ मा चलेको हुनाले लिच्छविसंवत्मा २२ वर्ष घटाएपछि शकसंवत् हुन्छ । तब ४१६–२२ = ४७४ शकमा शुरू भएकोबाट गणना गर्दा अंशुवर्माको चांगुनारायणको पादपीठमा रहेको सुवर्णपत्रको मिति मिल्न आयो । यो नयां संवत् चाहिं अंशुवर्माले चलाएको हुनाले त्यसको नाम अंशुवर्मसंवत् भन्ने राखियो । यस गणनाको विस्तृत विवरण मेरो लिच्छविसंवत्को निष्कर्ष नामक पुस्तकमा दिइएको छ ।

—०—

कलामा बुद्धजीवनी ।
एक संक्षिप्त अध्ययन ।

—हरिराम जोशी

व्यक्ति समाज हो औ समाज व्यक्ति । तर व्यक्तिको सामाजिक मूल्यको पहिचान तबै हुन्छ जब उसले महान्ता प्राप्त गर्दछ । फलतः उ समाजनै संझिन्छ । महान् व्यक्तिहरूको अभ्युदयमा मानिसहरू ओइरिन लाग्छन् स्वागतार्थ । जेसस क्राइष्टको जन्ममा मागिको आगमन औ सिद्धार्थ गौतमको जन्म हुँदा मनुष्यहरूका अतिरिक्त देवताहरूको पनि आगमन भएको अनुश्रुतिलाई यसै कुराको सन्दर्भमा लिन सकिन्छ । लुम्बिनीमा सिद्धार्थ गौतमको जन्म हुंदा भगवान् असितको आगमन भएको औ उनले सामुद्रिक शास्त्रका आधारमा सिद्धार्थ गौतमको उज्ज्वल भविष्यको वर्णन गरेको कुरा बौद्धग्रन्थहरूमा स्पष्टतः चित्रित गरिएको छ (१)। उक्त वर्णनको पुरातात्विक आधार खिष्टाब्दको प्रारम्भिक समयको एक मुद्रामा भेट्टिएको छ जसमा "भगवतोसितस" लेख स्पष्टरूपले उत्कीर्ण छ (२)। अथर्व वेदमा पनि मनुष्यको विलक्षण प्रतिभाको उत्कर्षमा उसको अभिवादनका निति मानिसहरूको तांती लागेको कुरा स्पष्ट चित्रित गरिएको छ ।

आचार्य उपनयमानो ब्रह्मचारिणं कृणुते गर्भम् अन्तः ।
तं रात्रीस् तिस्र उदरे विभर्ति तं जातं द्रष्टुं अभिसयन्ति
देवाः(३) ।

अथर्ववेद ११।५।३

यसैले महान् आत्माहरूलाई सीमित घेराभित्र मात्र राख्ने प्रयास गरिनु न केवल हाम्रो अपितु विश्वसंस्कृतिकै महत्वलाई नबुझनु हो भनेमा कुनै अत्युक्ति हुनेछैन । किनभने उनीहरू सीमित घेराबाट धेरै माथि पुगी विश्वमानव बनिसकेका हुन्छन् । हाम्रो वर्णाश्रम व्यवस्थाको मुख्य आदर्श पनि त्यहीनै छ । यस यथार्थ सत्यलाई बिर्सनु क्षम्य मात्र नभै अक्षम्य अपराध हो ।

महान् आत्माहरूको अभ्युदयसंगै उनीहरूको अभिवादनका निति मानिसहरूको तांती लाग्ने कुरा माथि व्यक्त गरिसकिएको छ । अनि उनीहरू ती महान् व्यक्तिहरूका जीवनलाई आदर्शमय संझंदै उनीहरूको प्रचार र प्रसारमा तल्लीन हुन्छन् । रामायण, महाभारत तथा बुद्धचरितम् आदि ग्रन्थहरूको रचनाको उद्देश्य पनि त्यहीनै देखिन्छ । विद्वान्हरूले महान् आत्माहरूको सुन्दरतम आदर्शलाई आफ्ना लेखनीले शिला, तार भूर्ज आदि प्राकृतिक सामग्रीमा अक्षरमय गराएका छन् । भारतमा शिलामा उत्कीर्ण गर्ने पहिला मौर्य सम्राट् अशोकका पिता सम्राट् विन्दुसार थिए । भोपाल समीपस्थ सांचीमा हालै एक शिलालेख प्राप्त भएको छ जसमा सम्राट् विन्दुसारको नाम पनि उत्कीर्ण छ जसबाट उक्त कुराको पुष्टि हुन्छ । तर व्यापकरूपले अभिलेखहरू प्रतिष्ठापन गर्ने काम सम्राट् अशोकद्वारानै गरिएको देखिन्छ । सारनाथमा प्राप्त अन्तिम कुशाण कालको एक शिलाछत्रमा भगवान् बुद्धद्वारा "धर्मचक्रप्रवर्तन समय उपविष्ट उपदेश यथा चतुः आर्य सत्य" उत्कीर्ण छ (४) । स्टेन कोनोका अनुसार पालिभाषामा उत्कीर्ण यहीनै एकमात्र भारतीय अभिलेख रहेको छ जसका आधारमा त्यस समय पालि त्रिपिटकको अस्तित्व रहेको कुरा निर्णीत हुन्छ(५)। महाकवि अश्वघोषकृत वज्रच्छेदिकाको खोतनदेशी अनूदित ग्रन्थ भोजपत्रमा लेखिएको हिन्दचीनमा प्राप्त भएको छ(६) । खरोष्ट्री लिपिमा लेखिएको

धम्मपद ग्रन्थ मध्य एशियामा प्राप्त भएको छ (७)।

यद्यपि महान् आत्माहरूको जीवनी तथा त्यससित सम्बन्धित घटना, उपदेश, शिक्षाहरूलाई अक्षरत्व प्रदान गर्ने कार्य कममा अन्तिम वैदिक कालदेखि भइसकेको कुरा यस समयमा पाठ्यविषयको विविधता उपनिषद्हरूमा पाइएबाट स्पष्टत: अनुमान गर्न सकिन्छ(८)। भगवान् बुद्धका समयमै चतु:षष्ठी लिपिको प्रचार भइसकेको कुरा ललित-वस्तर ग्रन्थबाट बुझिएकोले पनि त्यस कुराको पुष्टि अझ स्पष्टसंग हुन्छ(९)। तर, प्राचीन कालमा मूर्तिपूजाको अस्तित्व दे खए तापनि महान् आत्माहरूको जीवनीलाई आपना कलाकृतिमा दर्शाउने प्रयास तृतीय शताब्दी ई. पू. भन्दा अगाडि यहां उल्लेख्यरूपले भए जस्तो लाग्दैन। सैन्धव उत्खननमा प्राप्त विभिन्न प्रकारका पशुहरूका बीचमा अवस्थित योगासन मूर्ति उत्कीर्ण मुहरको प्राप्तिले अवश्य पनि महादेवको पशुपतिस्वरूपको प्रतीकात्मकतालाई प्रकटित गरेको छ। फेरि, भगवान् बुद्धले मूर्तिका उपासनाको विरोधमा उपदेश गरेबाट मूर्तिपूजाको आधिक्य भगवान् बुद्धका समयमा यहाँ रहेको कुरा अवश्य निर्णीत हुन्छ। कुरुक्षेत्रमा अनुमानित दसौं शताब्दी ई. पू. को दुर्गाको एक प्रतिमा प्राप्त भएको छ जसलाई यहां उदाहरणार्थ प्रस्तुत गर्न सकिन्छ। जाबाल उपनिषद्का निम्न पंक्तिले पनि प्राचीन कालमा यहां प्रतिमापूजाको प्रचलन भएकोतिर स्पष्ट इंगित गर्दछ।

भगवान् बुद्ध मूर्तिपूजाका कट्टर विरोधी भएको हुंदा उनका प्रगाढ भक्तहरूले पनि आराममा उनका मूर्तिको अनावरणसाथ पूजाकर्म चलाउन सकेका थिएनन्। हुनत चौथो शताब्दी ई. पू. मै उनलाई देववत् मानिन लागिसकिएको थियो। दीघनिकाय ३२ सुत्तमा यक्ष र देवताहरूको संवाद बुद्धसित भएको वर्णन गरिएको छ जुन यहां स्मरणीय छ(१०)। तृतीय शताब्दी ई.पू. मा सम्राट् अशोकले भगवान् बुद्धद्वारा उपदिष्ट उपदेशहरू शिलास्तम्भहरूमा उत्कीर्ण गरी प्रचारित गरेर पनि भगवान् बुद्धको प्रतीकोपासनाविषयक शिक्षा जीवन्तनै राखेको कुराको अनुमान हुन्छ। तर यो निश्चय छ– भगवान् बुद्धको जीवनीलाई तृतीय शताब्दी ई. पू. मा प्रतीकात्मक रूपले चित्रित गर्ने परम्परा भने चलिसकेका कुराको यथेष्ट आधार भेट्टिएको छ। धर्मचक्र प्रवर्तन स्थल सारनाथका स्तम्भका नजीकको अवलोकनमा त्यसमा बुद्धजीवनी प्रतीकात्मक ढंगले दर्शाइएको निश्चयनै जानिन्छ। यद्यपि उक्त स्तंभमा उत्कीर्ण आकृतिहरूको बेग्लै अर्थ लगाउनेहरू पनि छन् जुन युक्तिसंगत देखि

सारनाथस्थित उक्त स्तंभको शीर्षक कलाको दृष्टिले ज्यादैनै आकर्षक छ। त्यसलाई घण्टाकृति भनिन्छ जसको आकार उत्फुल्ल कमल जस्तो छ। कमलनालका स्थानमा गोल कण्ठा छ औ त्यसका माथि एक गोल फलक। त्यसका माथि गोल शीर्षपट्ट छ जसमाथि चार सिंहका आकृतिहरू छन्। शीर्षपट्टमा एक हात्ती, एक वृषभ, एक दगुरिरहेको घोडा तथा एक सिंहको अर्धचित्र छ। यी शीर्षकका आकृतिहरूका बारेमा विद्वान्हरूका विभिन्न धारणा छन्। तिनीहरूमा डा. लाखको विचार स्मरणीय छ र उनका अनुसार शीर्षपट्टका हात्ती, घोडा, वृष र सिंहाकृतिहरू क्रमश: इन्द्र, सूर्य, शिव र दुर्गाका प्रतीक हुन् औ त्यस प्रकारको प्रतीकांकनले ती चारै देवदेवीहरू बुद्धका अनुगामी भएको कुरा इंगित गर्दछ(११)। सरसरती हेर्दा उहांको विचार औचित्यप्रदनै लाग्दछ। तर बौद्ध अनुश्रुतिमा बुद्धको जन्म हुँदा विशेषत: इन्द्र, शिव, ब्रह्मादिकै मात्र आगमन भएको कुरा वर्णित छ। फेरि, भगवान् बुद्धको जन्म हुंदाको दृश्य देखाइएका मूर्तिहरूमा पनि इन्द्र, शिव, ब्रह्मादिकै मात्र मूर्ति उत्कीर्ण देखिन्छन्। सूर्य र दुर्गाका मूर्तिहरू उत्कीर्ण गरिएका पाइएका छैनन्। यी आधारहरूले डा. ब्लाखको उपरोक्त अनुमान युक्तिसंगत नलाग्ने स्पष्ट छ। डा. फोगेलले ती आकृतिहरू खालि अलंकारस्वरूप मात्र रहेको कुरा उल्लेख गरेका छन्(१२)। श्री बी. मजुमदारले चाहिं उक्त आकृतिहरू बुद्धजीवनीसित सम्बन्धित घटनाहरूका प्रतीक मानेको छ(१३)। उहांको यस तर्कमा ओज रहेको कुरा अवश्य देखिन्छ। उहांका अनुसार शीर्षकको घण्टाकृति कमलको प्रतीक छ जसलाई मायादेवीको गर्भको पनि प्रतीक स्वरूप मान्न सकिन्छ। भगवान्को आसननै कमल मानिन्छ। वैदिक साहित्यमा भगवान् नवद्वारयुत कमलमा आसीन हुने कुरा वर्णित छ।

पुण्डरीकं नवद्वारं त्रिभिर् गुणेभिर् आवृतम्।
तस्मिन् यद् यक्षम् आत्मन्वत् त ं वै ब्रह्मविदो विदु:(१४)।

अथर्ववेद १०।८।४३

महायान बौद्धधर्मले पनि त्यसै तथ्यलाई स्वीकारेर "ओं मणिपद्मे हुं" को सुप्रसिद्ध मन्त्र प्राणीमात्रको कल्याणार्थ उपदेश गरेको छ । यसरी महायान बौद्धधर्मको जुन मूल उपदेश छ त्यो महायानको आफ्नै मौलिक देनस्वरूप नरही त्यसको प्रारूप महायान (महासंघिक) को अभ्युदयभन्दा पहिलेनै भइसकेको थियो भन्ने कुरा सम्राट् अशोकद्वारा प्रतिष्ठापित प्रस्तुत स्तम्भका शीर्षकले पनि स्पष्ट पारेको छ । शीर्षपट्टका पशुआकृतिहरू बुद्धजीवनका भिन्न भिन्न घटनाहरूसित सम्बद्ध छन्

(१) हात्ती-बोधिसत्वको गर्भप्रवेशको प्रतीक । महाकवि अश्वघोष विरचित "बुद्धचरितम्" मा यसबारे उल्लेख गरेको छ ।

पूर्वं तु सा चन्द्रमिवाभ्रमध्ये स्वप्ने ददर्शात्मवपुर्विशन्तम् ।
नागेन्द्रमेकं धवलं न धीरा तस्माद्विभित्ताद्विभयांचकार ।
बुद्धचरितम्, प्रथमः सर्गः

(ती रानीले गर्भधारणको पहिलो स्वप्नामा आफ्ना शरीरभित्र एक सेतो हात्तीले प्रवेश गरेको त्यसरीनै देखिन् जसरी बादलमा चन्द्रमा प्रवेश गर्दछन् । तर, त्यस कारणले ती धीर रानी डराइनन्) ।

द्वितीय शताब्दी ई. पू. को भारहूत स्तूपमा पनि मायादेवीका सपनाका दृश्य कुँदिएका छन् जसमा हात्तीको आकृति पनि छ ।(१५)

(२) वृष– बोधिसत्वको जन्मराशिको प्रतीक । बौद्ध अनुश्रुतिअनुसार बोधिसत्वको जन्मराशी वृष रहेको छ ।

(३) अश्व– बोधिसत्वको महाभिनिष्क्रमणको प्रतीक । बौद्ध अनुश्रुतिअनुसार बोधिज्ञान प्राप्तिका लागि आफ्नो राजप्रासादबाट प्रस्थान गर्दा बोधिसत्व सिद्धार्थ गौतम कन्थक नामक घोडामा चढेर गएका थिए । अश्वघोष बिरचित बुद्धचरितम्को अध्ययनमा पनि यस कुराको स्पष्ट पत्ता लाग्छ ।

इति सुहृदमिवानुशिष्य कृत्ये तुरगवरं नृवरो वनं यियासुः ।
सितमसितगतिद्युतिर्वपुष्मान् रविरिव शारदमभ्रमारुरोह ।
बुद्धचरितम्, पंचमः सर्गः

(यसरी वन जाने इच्छाले नरश्रेष्ठ कुमारले त्यस उत्तम अश्वलाई कर्तव्य कर्मको, मित्रको समान उपदेश दिए र उज्ज्वल गति एवं द्युतियुक्त वपुष्मान् राजकुमार सेतो घोडामाथि यसरी चढे जसरी शरत्कालका मेघमाथि सूर्य चढ्छन् ।

(४) सिंह– बोधिसत्व सिद्धार्थ गौतम शाक्यसिंह भएको प्रतीक । सिद्धार्थ शाक्यकुलका थिए । यिनका पिता शुद्धोदन कौशल जनपदअन्तर्गत कपिलवस्तु शाक्य गणराज्यका गणप्रमुख थिए । यस कुराको पुष्टि बौद्धग्रन्थबाट हुन्छ ।

ऋजुं जानपदो राजा हिमवन्तस्स पस्सतो ।
धनविरियेन सम्पन्नो कोसलेसु निकेतिनो ।
आदिच्चा नाम गोत्तेन साकिया नाम जातिया ।
तम्हा कुला पब्बजितोम्हि राज न कामे अभिपत्थयं(१६) ।
–सुत्तनिपात, पब्बज्जासुत्त

(हे राजा यहांबाट सीधा हिमालयको तलहटीमा कोशल देशमा एक जानपद छ । त्यसको गोत्र आदित्य हो र जाति शाक्य । हे राजा, त्यस कुलबाट कामोपभोगको इच्छालाई त्यागेर म परिव्राजक भएको हुं) ।

अर्को, खृष्टाब्दको प्रारम्भिक कालको एक विशाल बुद्धमूर्ति सारनाथमा प्राप्त भएको छ । त्यसका खुट्टाका बीचमा एक सिंहको मूर्ति छ त्यसले पनि बुद्धको शाक्यसिंह पदवीतिर इंगित गर्छ(१७) ।

(५) चक्र– चौबीस धर्का भएको चक्र चौबीस बौद्धप्रत्ययको प्रतीक छ ।

(६) चार सिंह– शीर्षपट्टमाथिका चार सिंह शाक्यसिंहको पराक्रमलाई चतुर्दिशामा शंखनाद गर्ने बौद्धभिक्षुहरूको प्रतीकस्वरूप छ । भगवान् बुद्धका शिक्षाको मूलमन्त्र उत्थान र अप्रमाद रहेको छ । सारनाथमा बुद्धद्वारा उपदिष्ट उपदेशको अध्ययनमा उक्त तथ्यको स्पष्ट झल्को भेटिन्छ । उनले भिक्षुहरूलाई आफूद्वारा उपदिष्ट धर्मको दूरस्थ प्रदेशहरूमा प्रचारार्थ उत्साहित गरेका थिए ।

"भिक्षुहरू, बहुजनको हितका लागि बहुजनका सुखका लागि, लोकमाथि दया गर्नाका लागि, देव र मनुष्यहरूका प्रयोजन, हित र सुखका लागि विचरण गर । दुई जना एक-

साथ नजाऊ। म पनि... उरुवेला... सेनानीग्राममा ... धर्मोपदेशका लागि जांदैछु(१८)।

सम्राट् अशोकद्वारा प्रतिष्ठापित अन्य स्तूपहरूका शीर्षकमाथि पनि भगवान् बुद्धका जीवनका घटनासित सम्बन्धित प्रतीकहरू निर्मित छन्। रामपुरवाका शीर्षकहरूमाथि एकमा सिंह औ अर्कामा वृषकी आकृति कुंदिएको छ। भगवान् बुद्धको जन्मभूमि लुम्बिनीमा प्रतिष्ठापित अशोकस्तंभमाथि अहिले कुनै मूर्ति पाइंदैन तापनि आरम्भमा त्यसमा अश्वाकृति रहेको कुरा विदित हुन्छ। सातौं शताब्दी ई. मा नेपाल एवं भारतको भ्रमणमा आउने चीनी यात्री युआनच्वांगले लुम्बिनीस्थित अशोकस्तम्भमाथि घोडाको मूर्ति देखेका थिए(१९)। बुद्धको जन्मभूमि लुम्बिनीको अशोकस्तम्भको शीर्षकमा अश्वाकृति राखिनु औ उनी बोधिज्ञान प्राप्तिका लागि आफ्नो राजप्रासादबाट कन्थक नामक घोडामा चढेर मध्यरातमा प्रस्थान गरेको कुरा बौद्ध ग्रन्थहरूमा उल्लिखित भएबाट शीर्षकका आकृतिहरूको बुद्धजीवनका घटनाहरूसित खास सम्बन्ध भएको कुरा निर्णीत हुन्छ।

बौद्ध मूर्तिकलामा बुद्धको मूर्ति प्रदर्शन गर्ने परम्परा खृष्टाब्दको प्रथम शताब्दीपूर्वसम्म पनि चलेको देखिएको छैन। भरहुत (१५० ई. पू.), गया (ई. पू. प्रथम शताब्दीको प्रारम्भ) तथा सांची (ई. पू. प्रथम शताब्दीको अन्त) का महान् बौद्धस्थलहरूका पाषाणवेष्ठनी र प्रवेशद्वारहरूमा उत्कीर्ण आकृतिहरूको अध्ययनमा तत्समय बुद्धको मूर्तरूप प्रदर्शित गर्नुको सट्टा प्रतीकहरूको उत्कीर्णनद्वारा तिनलाई दर्शाउने परम्परा चलेको कुरा स्पष्टरूपले थाहा पाइन्छ। उक्त बौद्धस्थलहरूमा बुद्धमूर्तिको सट्टा रिक्त राजसिंहासन, पीपलवृक्ष, चक्र, तथा पाद जस्ता चिह्नहरू उत्कीर्ण गरिएका छन्(२०)। जसले प्रतीकात्मकरूपले बुद्धजीवनसित सम्बन्ध राखेको कुरा सजिलैसित अनुमान गर्न सकिन्छ। किनभने उपरोक्त चिह्नहरू क्रमिकरूपले सिद्धार्थ गौतमको राजसिंहासनत्याग अर्थात् महाभिनिष्क्रमण, बोधिज्ञानप्राप्ति, धर्मचक्रप्रवर्तन तथा मनुष्यहरूको बोधिज्ञानप्रति श्रद्धा, भक्तिका साथ अनुशीलन आदिका प्रतीकस्वरूप छन्। यी आधारहरूबाट खृष्टाब्दको पूर्वसम्म कलामा बुद्धको मूर्तिरूप उत्कीर्ण गर्ने परम्परा नचलेको कुरा स्पष्टरूपले थाहा हुन्छ।

खृष्टाब्दको प्रारम्भिक कालमा बौद्धधर्म मूलरूपले दुई शाखामा विभक्त भएको थियो (१) हीनयान (स्थविरवाद) र (२) महायान (महासांघिक)। महायानको प्रारूपसंगै बुद्धका मूर्तिहरू बनाई तिनीहरूको उपासना गरिन लागेको थियो। यसरी त्यस बेलासम्म बौद्धधर्मले आफ्नो मौलिक रूपलाई विशेष गरी छोड्न लागेको कुरा स्पष्ट हुन्छ। किनभने महायानीहरू बुद्धका लोकोत्तरस्वरूपमा विश्वास गर्दथे। यसैले यिनीहरूद्वारा चालिएको बुद्धका मूर्तिपूजाको प्रचलनले महायान धर्म प्राचीन समयदेखि प्रतीकोपासनामा अभ्यस्त हुंदै आइरहेका सर्वसाधारण जनतामा लोकप्रिय हुनगयो। यसरी ई. पू. तेस्रो शताब्दीदेखि प्रथम शताब्दीसम्म नेपाल एवं भारतीय कलामा बुद्धको मूर्त रूप नपाइए तापनि खृष्टाब्दको प्रारम्भदेखि बुद्धमूर्तिहरूको बाहुल्यता देखिन लागेको थियो। मानिसहरूले भगवान् बुद्धका जीवनीसित सम्बन्धित घटनाहरूमा आधारित मूर्तिहरू निर्मित गरी विभिन्न स्थानमा प्रदर्शित गर्न लागेका थिए। गुप्तकालीन भारतमा अनेकौं प्रस्तरहरू पाइएका छन् जसमा बुद्धको जीवनीसित सम्बन्धित घटनाहरू चित्रित छन्(२१)। सारनाथमा प्राप्त बौद्ध अर्घचित्रहरूमा बुद्धका जीवनीका मुख्य मुख्य घटनाहरू अंकित छन्। एक ऊर्ध्वपटमा बुद्धका जीवनीका चार मुख्य घटनाहरू यथा जन्म, बोधि, धर्मचक्रप्रवर्तन तथा महाभिनिष्क्रमणका दृश्यहरू अंकित छन्। त्यसको समय पांचौं शताब्दी ई. को छ। दोस्रो ऊर्ध्वपटमा तीन खण्ड छन। पहिलो खण्डमा मायादेवीको स्वप्न, बुद्धजन्म र सद्यः जात शिशु बुद्धका नाथ, नन्द र उपनन्द तथा इन्द्र र ब्रह्माद्वारा अभ्यर्थना छ। दोस्रो खण्डमा महाभिनिष्क्रमण र गयामा बुद्धका तपका दृश्यहरू छन्। तेस्रो खण्डमा मारविजय र महाभिनिष्क्रमणका दृश्यहरू छन। कोशलनरेश प्रसेनजित्का अगाडि विधर्मीहरूलाई छकाउनाका लागि बुद्धले चमत्कार देखाएको र आफ्नी मातालाई उपदेश दिनाका लागि त्रयस्त्रिंश स्वर्गबाट बुद्धको अवतरण भएका दृश्यहरूका अतिरिक्त क्षान्तिवादिन् जातकको आधारमा कुंदिएका बोधिसत्वद्वारा कलाबुका नर्तकीहरूलाई उपदेश दिंदा तिनमाथि कलाबुका अत्याचारका दृश्यहरू अंकित मूर्ति र चित्रहरू पनि सारनाथमा पाइएका छन्(२२)। फेरि अजन्ताका भित्ते चित्रहरूमा बुद्धजीवनीका कथाहरू चित्रित गरिएका छन्(२३)। यसरी खृष्टाब्दका शुरुभन्दा पछि बुद्धजीवनीसंग सम्बन्धित घटनाहरू कलामा अंकित गर्ने लागेको स्पष्टरूपले देखिन्छ।

उत्तर प्राचीन कालीन नेपालमा पनि महान् आत्माहरूको जीवनी कलामा दर्शाउने कार्य भएको स्पष्टरूपले अवलोकन हुन्छ । वासुदेव कृष्णको जीवनीको घटनासित सम्बन्ध राखे कालीयदमन मूर्ति त्यसै समयमा निर्माण गरिएको थियो । जुन मूर्ति हिजोआज हनूमान्ढोका सुन्दरीचोकमा प्रतिष्ठापित छ । त्यस ताका शिवपार्वतीका जीवनीका घटनामा आधारित मूर्तिहरू पनि यहाँ निर्माण गरिएका थिए । यस तथ्यको पत्तो काठमाडौं नःघल, काठेसिभू तथा टंकेश्वरीस्थित कुमारसंभव महाकाव्यमा आधारित मूर्तिहरूको प्राप्तिले हुन्छ । ती मूर्तिहरूमा पार्वतीले महादेव पति पाउनाका लागि गरेको तपस्या, महादेवले एक जना ब्रह्मचारीको भेष लिई पार्वतीको परीक्षा गरेको, महादेव–पार्वतीको दाम्पत्यजीवन र कार्तिकेयजन्मसित सम्बन्धित घटनाहरू देखाइएका छन् । कुमारसंभव महाकाव्यमा आधारित अनुमानित अन्तिम उत्तर प्राचीन कालका मूर्तिहरू हनूमान्ढोकाअगाडि पनि प्रतिष्ठापित गरिएका थिए । जुन हिजोआज पुलीसक्लबमा प्रदर्शित छन् । हिन्दू-देवताहरूका जस्तै त्यस ताका कलामा बुद्धजीवनीका विभिन्न घटनाहरूमा आधारित दृश्यहरू पनि अंकित गरिन लागेको थियो । अनुमानित छैटौं शताब्दी ई. को चावहीलको अभिलेखमा भगवान् बुद्धका लागि भवन निर्माण गरी त्यसमा किन्नरीजातकमा आधारित घटनाक्रम चित्रमा देखाइएको कुरा वर्णित छ ।

संखिद्य सुचिरं कालं भवनं भवविच्छिदः ।
किन्नरीजातकाकीर्णनानाचित्रविराजितम् (२४) ।

चाबहीलको अभिलेख, अनुमानित छैटौं शताब्दी ई.

जातक ग्रन्थहरूमा यथार्थतः भगवान् बुद्धका पूर्वजन्मका जीवनचरित्र छन् । यसरी त्यस ताका यहाँ बुद्धजीवनी उत्कीर्ण गर्ने प्रचलन भएको कुरा थाहा हुन्छ । अनुमानित सातौं शताब्दी ई. मा निर्मित एक शिलामूर्ति काठमाडौं यंगलहिटीमा राखिएको थियो जुन हिजोआज राष्ट्रिय संग्रहालयमा प्रदर्शित छ । त्यो मूर्ति तपश्चर्यामा निरत भगवान् बुद्धको तपस्या भंग गर्ने हेतु मारगणको आक्रमण भएको आख्यानमा आधारित छ । लुम्बिनीस्थित अशोकस्तम्भको समीपमा एक मन्दिरभित्र अनुमानित पाचौं शताब्दी ई. को शालभंजिका समातेकी मायादेवीको भग्नमूर्ति प्रतिष्ठापित छ जसमा भगवान् बुद्धको जन्म भएको देखाइएको छ । अनुमानित सातौं शताब्दी ई. को एक शालभंजिका समातेकी मायादेवीको मूर्ति पशुपति देवपत्तनमा प्रतिष्ठापित छ । यी आधारहरूबाट उत्तर प्राचीन कालीन नेपालमा कलामा बुद्धजीवनी देखाउने परम्परा चलिसकेको कुरा जानिन्छ ।

मध्यकालीन नेपालमा पनि कलामा बुद्धजीवनी देखाउने चलन चलेको देखिन्छ । अनुमानित बाह्रौं तेह्रौं शताब्दी ई. को भ. पु. सिद्धपोखरीस्थित एक शिलामूर्तिमा भगवान् बुद्धद्वारा राजगृहस्थित वेणुवनमा मगधसम्राट् बिम्बिसारलाई धर्मोपदेश गरिरहेको दृश्य देखाइएको छ । वेणुवनमा भगवान् बुद्धको आगमन भएको समाचार सुनेर राजा बिम्बिसार आफ्ना मन्त्रीहरू र नगरवासीहरूका साथ दर्शनका लागि प्रस्थान गरेको र ती मगधराजले मुनिश्रेष्ठ श्री भगवान् बुद्धबाट अमृतरस पान गरी दिव्य, निरामय (शोक–मोहरहित), र निष्ठा (श्रद्धा) ले परिपूर्ण धर्मदृष्टि प्राप्त गरेको कुरा बौद्धग्रन्थहरूमा स्पष्टरूपले वर्णित छ । अश्वघोष विरचित बुद्धचरितम् महाकाव्यको षोडश सर्ग यहां स्मरणीय छ (२५)। अनुमानित बाह्रौं शताब्दी ई. को ल. पु. भिन्छेबहालस्थित एक चैत्यमा भगवान् बुद्धका जीवनीका बिभिन्न घटनाहरू मूर्तिका रूपमा उत्कीर्ण छन् । ल. पु. नकबहीलस्थित अनुमानित अन्तिम मध्यकालको काष्ठकलामा भगवान बुद्धका जीवनका घटनाहरू कुँदिएका छन् । यसरी बुद्धजीवनी सम्बन्धी घटनाहरू विद्वान्हरूले साहित्यको माध्यमबाट प्रचार गर्दै आइरहे जस्तै कलाकारहरूले उक्त धर्ममा आफ्नो प्रगाढ श्रद्धा, भक्ति अभिव्यक्त गर्दै आफ्ना कला र शीपद्वारा खिष्टाब्दको प्रारम्भिक समय देखि मूर्तरूप दिंदै आइरहेका छन् । कलामनीषीका उक्त प्रकारका कार्यको फलस्वरूप बुद्ध एवं बुद्धधर्म लौकिक जगत्मा अत्यधिक लोकप्रिय हुन गएको छ । अनि बुद्धधर्मले विश्वमा सर्वाधिक लोकमान्यता हासिल गर्दै विश्वलाई उज्ज्वल भविष्यमा आशान्वित गराएको छ । यसै कारणले मनुष्य आजको लागि होइन, अपितु भोलिको सुखद भविष्यको कामनामै बांचेको छ । बस, सुखद भविष्यको कामना!

○

टिप्पणी

१. हेर्नोस्– महाकवि अश्वघोष विरचित "बुद्धचरितम्", चौखम्बा विद्याभवन, वाराणसी–१, ई. सन् १९९६

२. हेर्नोस्– डा. मोतीचन्द्रलिखित "काशीका इतिहास" हिन्दी ग्रन्थ रत्नाकर प्राइवेट लिमिटेड, हीराबाग, बम्बई– ४, ई. सन् १९६२, पृ. ८८

३. हेर्नोस्– अ. सि. बोस लिखित "द काल अब द वेदज" भारतीय विद्याभवन, बंबई, १९६० ई. पृ. ११४–११५

४. हेर्नोस्– डा. मोतीचन्द्र लिखित "काशीका इतिहास" १९६२ ई. पृ. ७७, केटलग अब द म्यूजियम अब आर्कियोलजी सारनाथ, पृ. २३०

५. हेर्नोस्– " " " पृ.७७ " " " "

६. हैर्नोस्— जयचन्द्र विद्यालंकार लिखित "भारतीय इतिहासका उन्मीलन" १९५६–५७ ई. पृ. २२८

७. हेर्नोस्– भारत समाचार

८. औपनिषदिक पाठ्य विषय उल्लेख्यरूपले निम्न छ—

स होवाच । ऋग्वेदं भगवतोऽध्येमि, यजुर्वेदं ... इतिहासपुराण पंचमं वेदानां वेदं पित्र्यं राशिं... निधिं... नक्षत्रविद्यां सर्वदेवजविद्याम्...

छा. उ. ७।१।२

तस्मै स होवाच । द्वे विद्ये वेदितव्ये इति ह स्म यद् ब्रह्मविदो वदन्ति परा चैवापरा च । तत्रा परा ऋग्वेदो यजुर्वेदः सामवेदोऽथर्ववेदः शिक्षा कल्पो व्याकरणं निरुक्तं छन्दो ज्योतिषमिति । अथ परा यया तदक्षरमधिगम्यते ।

मु. उ. १।१।४–५

एवं वा अरेस्य महतो भूतस्य निःश्वसितमेतद् यद् ऋग्वेदो यजुर्वेदः सामवेदोथर्वांगिरस इतिहास पुराणं विद्या उपनिषद श्लोक । सूत्राणि ।

बृ. उ. २।४।१०

हेर्नोस्– डा. मंगलदेव शास्त्री लिखित "भारतीय संस्कृतिका विकास" (औपनिषद् धारा) भारतीय विद्या प्रकाशन, वाराणसी, १९६६ ई. पृ. ४१,४५,९

९. चतुःषष्ठी लिपिका नाम निम्न लेखिएअनुसार छः— १) ब्राह्मी, २) खरोष्ट्री, ३) पुष्करसारी, ४) अंगलिपि, ५) बंगलिपि, ६) मगधलिपि, ७) मांगल्यलिपि, ८) मनुष्यलिपि, ९) अंगुलीयलिपि, १०) शकारिलिपि, ११) ब्रह्मवल्लीलिपि, १२) द्राविडलिपि, १३) कनारिलिपि, १४) दक्षिणलिपि, १५) उग्रलिपि, १६) संख्यालिपि, १७) अनुलोमलिपि, १८) ऊर्ध्वधनुर्लिपि, १९) दरदलिपि, २०) खास्यलिपि, २१) चीनलिपि, २२) हूणलिपि, २३) मध्याक्षरविस्तरलिपि, २४) पुष्पलिपि, २५) देवलिपि, २६) नागलिपि, २७) यक्षलिपि, २८) गन्धर्वलिपि, २९) किन्नरलिपि, ३०) महोरगलिपि, ३१) असुरलिपि, ३२) गरुडलिपि, ३३) मृगचक्रलिपि, ३४) चक्रलिपि, ३५) वायुमरुलिपि, ३६) भौमदेवलिपि, ३७) अंतरिक्षदेवलिपि, ३८) उत्तरकुरुद्वीपलिपि, ३९) अपरगौडादिलिपि, ४०) पूर्वविदेहलिपि, ४१) उत्क्षेपलिपि, ४२) निक्षेपलिपि, ४३) विक्षेपलिपि, ४४) प्रक्षेपलिपि, ४५) सागरलिपि. ४६) बज्रलिपि, ४७) लेखप्रतिलेखलिपि, ४८) अनुद्रुतलिपि, ४९) शास्त्रावर्तलिपि ५०) गणावर्तलिपि, ५१) उत्क्षेपावर्तलिपि, ५२) विक्षेपावर्तलिपि, ५३) पादलिखितलिपि, ५४) द्विरुत्तरपदसन्धिलिखितलिपि, ५५) दशोत्तरपदसन्धिलिखितलिपि, ५६) अध्याहारिणीलिपि, ५७) सर्वरुत्संग्रहणीलिपि, ५८) विद्यानुलोमलिपि, ५९) विमिश्रितलिपि, ६०) ऋषितपस्तप्तलिपि, ६१) धरणीप्रेक्षणलिपि, ६२) सर्वौषधनिष्यन्दलिपि, ६३) सर्वसारसंग्रहणीलिपि, ६४) सर्वभूतरुद्ग्रहणीलिपि, ।

–ललितविस्तर अध्याय १० (ललितविस्तरको चीनी अनुवाद् ई. स. ३०८ मा भएको थियो) ।
हेर्नोस्– गौरीशंकर हीराचन्द ओझा लिखित "भारतीय प्राचीन लिपिमाला" वि. सं. १९७५, (ई. सन् १९१८) पृ. १७

१०. हेर्नोस्– हरिरामद्वारा संपादित "नेपालको प्राचीन अभिलेख" नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान वि. सं. २०३०, पृ. ३१८, राहुल लिखित "पुरातत्व निबन्धावलि"

११. हेर्नोस्– डा, मोतीचन्द्र लिखित "काशीका इतिहास" ई. सन् १९६२, पृ. ६२

१२. हेर्नोस्– " " " " "

१३. हेर्नोस्– " " " " गाइड टु, सारनाथ पृ. ४५–४७, दिल्ली, १९४१

१४. हेर्नोस्– अ. सि. बोस लिखित "द काल अब द वेदज" १९६० ई. हरिराम जोशीद्वारा संपादित "नेपालको प्राचीन अभिलेख, पृ. १३५

१५. हेर्नोस्– आर. सी.मजुमदारद्वारा संपादित"द एज अब इम्पोरियल यूनिटी" भारतीय विद्याभवन, १९५३ ई. प्लेट १६, चित्र ३४

१६. हेर्नोस्– हरिनन्दन ठाकुर लिखित "नेपाल देश और संस्कृति"विहार राष्ट्रभाषा परिषद्, पटना–४, ई. सन् १९६९, पृ. १२२

१७. हेर्नोस्– डा. मोतीचन्द्र लिखित "काशीका इतिहास" ई. सन् १९६२, पृ. ७९

१८. हेर्नोस्– राहुल सांकृत्यायन लिखित "महामानव बुद्ध" बुद्धविहार, लखनौ, १९५६ ई. पृ. ९

१९. हेर्नोस्– डी. सी. सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स" कलकत्ता विश्वविद्यालय, १९६५, ई. पृ. ६७

२०. हेर्नोस्— ए. एल. वाशम लिखित "अद्भुत भारत" १९६७ ई. पृ. ३७१,३७३

२१. हेर्नोस्— सत्यकेतु विद्यालंकार लिखित "भारतीय संस्कृति और उसका इतिहास" १९६८ ई. पृ. ३६९

२२. हेर्नोस्— डा. मोतीचन्द्र लिखित "काशीका इतिहास" १९६२ ई. पृ. ११३—११४

२३. हेर्नोस्— ए. एल. वाशम लिखित "अद्भुत भारत" शिवलाल अग्रवाल एण्ड कंपनी, आगरा–३, १९६७ ई. पृ. ३८३

२४. हेर्नोस्— हरिराम जोशीद्वारा संपादित "नेपालको प्राचीन अभिलेख" २०३० वि. सं. पृ. ६६

२५. हेर्नोस्— महाकवि अश्वघोष विरचित "बुद्धचरितम्" (द्वितीयो भागः), चौखम्बा विद्याभवन, वाराणसी, १९६३ ई.

卐

NEPAL

(Continued)

THE POPULA ſION

THE NEWARS

by Sylvain Leri

The population of Nepal divides, as is usually the case, into two groups: the masters and the subjects, the conquerors and the venquished. The masters are the Gurkhas who conquered Nepal in 1768. The subjects are the Nevars, the masters at one time, dispossessed by the Gurkha conquest. If one believes the Vamcavali, the Nevars themselves only entered the valley after the institution of the Nepalese era (year 9=889 J. C. ; rectified date; 1096 J. C.); they came from southern India under the leadership of Nanya deva an ordinary raja of the Carnatic (The central plateau of the Deccan); their native place was the country of Nayera. The classical geography of India ignores this country. The chronicler, or rather the tradition he follows evidently designates under that name the country of the Nayars or Nairs, the Malbar coast. Legends confirmed by positive indications connect. in fact, the religious history of Nepal to the southern extremity of the peninsula. When the Nevars who had definitely become part of the Hindu civilization, preoccupied themselves to find ancestors on the soil of orthodox India, the Nairs quite naturally struck the complaisant imaginations of the national genealogists. The analogy of the two names: Nayera, Nevara, already demonstrated to evidence the original parentage of the two nations; besides, if the Nevars scandalized the Brahmans by their indifference to the sacrement of matrimony, the Nairs at the other end of India were practising the same doctrine, and although admitted in the Brahmmanic organization, they faithfully cherished the custom of pelynadry, common to the Himalayan tribes. The 'Svamins' of the Deccan while passing through as pilgrims or installed as priests in Nepal, must have noticed at first sight these links between the Nairs and the Nevars, since colonel Kirkpatrick was equally aware of them at first sight. The conceit of the Newars is flattered by this reconciliation, since the Nairs in spite of their irregular practices are classified as Ksatriyas amongst the noble castes.

But history has drawn nothing from these whims: the features, the customs, the language of the Nevar reveal quite another origin; it is to the North of the Himalayaṅ that one must look for their cradle. And it is also from there that the local traditions contained in the Puranas and the chronicles, bring the first inhabitants of the valley: The Bodhisattva Manjucri, who opened an outlet to the imprisoned waters and who transformed the old lake into inhabitable earth, came into Nepal from Mahacina–China; the disciples who followed him, and who were the first colonists, were also people from the Maha-Cina; the king whom he installed,

Dharmakara was a native of this same country. Only later, with the Buddha krakuc-chanda, orerunner of Cakya muni, Brahmans and kaatryas came from the Hindustan; and it was a Hindu raja, Dharmapala who succeeded to Dharmakara the Chinese. Kings and Saints hastened since then in a flock from India; yet Nepal escaped again to the "people of the four castes". The barbarous Kiratas who had come from the eastern valleys, took possession of the town and reigned over it for a long time. A raja who had come from southern India, Dharmadatta of Kanci (Conjeveram), expelled them and re-established the four castes. But the deplorable times of the iron age, of the Kali Yuga, had arrived and the ksatriyas of an authentic character had disappeared. The god-father and patron of Nepal, Ne Muni, had no choice but to select a king among the shepherds; these shepherds, it is true, were really worth princes, because they had entered Nepal as the followers of Krisna, the god shepherd. After the shepherd, a new dynasty of herdsmen (Abheras) governed the country; then the Kiratas became once more the masters. However, there remained in Nepal personages of Kastriya blood; the powerful emperor Acoka was able to find a son-in-law. Lastly there appeared the legitimate dynasties of real Rajputs, who came from the West: the Race of the Moon, the race of the sun, the Thakuris.

Free from the disguises of the legends, the account reduces itself to a small number of acceptable facts: a first immigration arrives from the North of the Himalaya; it is followed by another immigration which arrives from the south. The country at first belongs to warlike tribes established in the mountains of the East; the population of shepherds which occupies it, several times attempt to shake off their yoke. Lastly, bellicose parties, sprung out from the Rajput countries succeed in gaining independence to Nepal, and under their authority the kingdom becomes civilized.

The Nevars are the companions of Manjucri; their features like their language show their parentage with the tribes of Tibet as well as with the other indigenous clans which share between them the territory of the Gurkhas' kingdom. The Eastern trifes, the least penetrated by the Hindu influence, still retain positive signs of their origin. Thus the Limbus, who form a branch of the Kiratas divide themselves into two tribes: the tribe of Kaci or Benares and the tribe of Lhasa; they relate that ten brothers born at Benares, separate themselves into two groups and found again themselves in Nepal where they had come, some directly from India, others by a 'detour', in passing through Tibet. Another myth gathered by Sarat Chandra Das deserves to be recalled as an historical document owing to the amount of general truth contained therein, it could very easily be applied to most of the Nepalese valleys: one day, a Tibetan herdsman who was tending to his flock towards the defile of Kangla, to the west of Kanchanjanga, discovered that one of his yaks had disappeared. He followed the marks crossed the defile and found his yak, lazily stretched, with its stomack well filled. The tired herdsman falls asleep; on waking up, the yak was still missing; a new search brought the shepherd on the marks of the animal to a verdant vale. He playfully sows a few seeds of barley, returns to his country, relates his discovery; nobody wishes to believe him, still less to go and see for themselves. A little while later, our shepherd leads his flock in the valley he had visited he found again his barley spronting with ripe ears (of barley) on to it. He plucks them and shows them to his friends. This time they were compelled to believe him and they floowed him. In this way the village of Yangma was founded.

The ancient ancestors of the Nevars came, also, undoubtedly from the northern regions

and their name, which has no relation at all to the more or less authentic country of Nayera, is in direct connection with the very name of Nepal, either be it that it derives its origin from the word Nepal (Nepala), or that Nepal ows on the contrary her name to a Sanscrit adaption of local ethnic[1]. The date of their migration is not clearly determined; no history has registered it. Hodgson, however, has found that the legends of the reigning races indicated an interval of 35 to 45 generations, or 1000 to 1300 years, since their entry into the country; he rather preferred the more ancient date, in relying on the comparison of local idioms with the Tibetan tongue; their roughness and poverty offer a sharp contrast to the suppleness and the richness of the Tibetan language, such as it was shaped by the apostles and doctors of Buddhism from the VIIth. century. So long a lapse of time, and the accidental infusions Hindu blood have not sufficed in eradicating the primitive traits of the race. The Mongolian type, described by Hodgson, on the faith of numerous observations, is still recognizable on the features of the Nevars and of the populations which surround them, Magars, Gurungs, Sonuwars, Kachars, Haiyous, Chepangs, Kasoundas, Mourmis, Kirants, Limbous and Lepchas: head and face very large, particularly large between the cheek-bones; large forehead often narrowed on the top, receding chin; large and protruding mouth, but the teeth vertical and the lips without abnormal thickness; heavy jaws, widely separated eyes, on a level with the cheeks, more or less shaped obliquely; pyramidal nose fairly long and raised except at the bridge where it is often deeply sunk in to the point of allowing the eyes of meeting, but of a coarse form, thick-set, especially at the tip, with large round nostrils: abundant and flat hair; the face and body without hair; the stature rather low, but muscular and vigorous. The Nevars, compared to their less civilized neighbours, are distinguished by a longer face. larger eyes and a better shaped nose; this is here the mark of inter-marrying with Indians.

Civilization has been the cause of the disappearance of the social organization of the primitive Nevars; one can have an idea with the help of the other tribes of the same race, established in the remote valleys and better sheltered from outside influences. They are all divided in tribes, sectioned in clans and by-clans; the idea of caste is strange to them, the quality of birth is absolute. Customs of endogamy andexogamy govern marriages; the bride must belong to the tribe, but must not be issue of the same clan; fraternity by blood, frienship is reckoned with as much as the bounds of the clan. The food is not regulated by any law; except the totem, eponym animal of the group, is prohibited. The bull is a good particularly appreciated; the Gurkhas have had to fight severely with their subjects to impose on them the respect of the cow "Hindu fashion". The dead are sometimes burnt, but more often buried. Religions so to speak officially is a rudimentary Buddhism. Witchcraft, the belief in spirits, the practices of sorceries are universally acknowledged.

Buddhist missionaries from India were undoubtedly the first to bring the gospel in the valley of Nepal. After the accomodation of the colonists brought by Manjucri from China, the symbolism of the traditions brings into Nepal the prehistorical Buddhas and their successor of Cakyamuni. The fringe of the Terrai, propitious to the growth of the Buddhas, would also skirt the mountains of Nepal; from the garden of Lumbini, the eye encompasses a horizon of verdant heights and frozen summits which are the Nepalese Himalayas; the besetting allurement of the near at hand refuge might have drawn the Buddhas, amateurs of alpine sceneries: example, the mountainous circle of Rajagrha, so dear to Cakyamuni. The Jainas, who shared

this taste of picturesque landscapes and this eagerness of apostdeship, seem to have attempted to wrest from Buddhism, the conquest of the Himalayas: one of their legends shows the last of the great apostles, Bhadrabahu, on his way to Nepal, at the time of the gathering of the council of Pataliputra, half a century before the arrival of the Macedonians into India.

Buddhism, supple and convenient, was able to find its way in the organization of the Nevars without any upheaval; it discreetly sowed the conceptions and doctrines of India, and allowed the harvest to slowly ripen. No sooner was it ripe, than a brutal adversary came to wrest it away. The sacerdotal Brahmanism, threatened to extinction by the truimph of the heresies, had cleverly searched for a refuge in the popular worships; it had adopted and consecrated them, and renewed pantheon. Tradition, in Nepal as in India has incarnated this crisis in the Cankara acarya, the most formidable champion of Brahmanic Hinduism. It is made to appear twice in Nepal, by twice employing the same procedure of factitious connection: the presence of two Cankara (deva) kings, is interpreted as a positive souvenir of the double passage of Cankara into arya. Cankara arrives in Nepal; he finds there the "four castes" converted to the Law of Buddha. He triumphs without a struggle over the convents, wins a brilliant victory on the father of families (grihasthas) massacres a portion of the vanquished, forces cruel humiliations on others, cancels the signs which distinguished the religious men from the laymen, constrained the nuns into matrimony and substitutes the god Civa to the Buddha.

On their side, the royal families, that had arrived from India or who pretended having done so, were not of nobility to impose themselves with impunity. Licchavis or Mallas, their names shone with a disquieting brilliancy in the annals of Buddhism. In the VIth century, Samudra Gupta, Emperior of Hindustan, could still boast of some parentage with the Licchavis. Brahmanic presumptions had progressed since and the code, said to be from Manu, who gave to orthodoxy his articles of faith, classified the Licchavis and the Mallas (together with the Khasas called upon to ascertain some day their succession) among the illegitimate castes sprung up from the Ksatriyas. Their ancestors were really authentic Kastriyas, united with the women of the same castes; but one among them had neglected his sacred duties, and his son was thereby excluded from the Savitri, the formula of initiation which "regenerates" the high castes, lowered on the condition of degenerated Ksatrya (vratya) and the indelible stain was transmitted to his descendants. To win back the lost honour and stand up on an equal with the true Rajputs, the Licchavis and Mallas were compelled, alike the Khasas after then, to proclaim a serve rigorism and to reject unions of inferior rank. Nepal thus acquired her local Ksatriyas adorers (worshippers) at the same time as Buddhistic and Brahmanic gods and which naturally served as a connecting link between the two avowals. Finally the missionaries who had brought from India, the worship of Civa had at the same time introduced the system of castes which was inseparable from it; the adepts they had won were immediately incorporated in define groups, established in imitation of India, but without, however, copying her; the valley was too widely separated from Indian, by its past, by its traditions, by its customs to enable her to unite immediately to the Hindu communities. Thus a double society worked out in Nepal: one under the control of the Brahmans, wholly destributed in defined castes, characterized by the serve of the table and the bed: no legitimate marriage outside the caste; prohibition, under penalty of forfeiture and irrevocable exclusion, to eat in common with other castes. The other, heretic, hastile in principle to the system of castes but already affected with the contagion a religious

and military autocracy organized to the fashion of the Brahmans and the Hindu Ksatriyas, at its head. The strength of the example given by the superior classes, the fashion, the mind prone to imitation assured from that, time the trumph of the Brahmanic organization; gradually, each class of the Buddhistic society closed up within insurmountable barriers.

The conquest of Nepal by Harisimha deva in 1324 precipitated the elaboration of the system of castes. It brought in to reside in the valley for the first time, a Hindu king of blood and origin irreproachably authentic and a conscientous observer of the laws of Brahmanic purity. He is believed to have brought with him seven castes: Brahmans, Bhadelas (Bandyas ?) Acaryas, Jaisis, Vaidyas, Rajakas and Khadgis. The enumeration is expressive; Harisimha, expelled by the Musulmans of the Terai regions where he reigned, took the precaution to bring away with him in the suspicious shelter which alone remained open to him, the indispensable auxiliaries of the holy life: the masters of sacred science, the priests of local divinities for the soul and for the benefit of the body, the doctors, the washermen and the butchers; the one was no less necessary than the other. To entrust one's limbs, one's clothes, one's meat to servants whom the law does not authorize to undertake these various employments, does not expose one to the least risk, save the negligence of the most solemn duties. Harisimha deva did not wish to lose neither his soul or his rank. His washermen and Hindu butchers introduced in the Nepalese society bore the same austere conceit as the Brahmanic and the Kastriyas; consigned by the Brahmanic law to an infamous rank, they relished, however, the honor of being classed therein; and their example influenced the lower strata of the population to the benefit of the formation of castes alike that of the Brahmans working on to the top of the social ladder.

